# युरोपदेखि क्यानडासम्म

(यात्रासंस्मरण)

विष्णुप्रसाद पन्त

२०८२

प्रकाशक
**गुणनिधि धनलक्ष्मी पन्त स्मृति प्रतिष्ठान**
चाबहिल, काठमाडौँ

**कृति** : युरोपदेखि क्यानडासम्म

**विधा** : यात्रासंस्मरण

**लेखक** : विष्णुप्रसाद पन्त

**सर्वाधिकार** : लेखकमा

**प्रकाशन मिति** : २०८२ फागुन १

**प्रकाशित प्रति** : ५०१

**संस्करण** : प्रथम

**ले-आउट** : दीपेन्द्र बस्नेत
: सूर्योदय डेस्कटप

मूल्य रु. २००/-

---

***'Europedekhi Canadasamma'***
**by : Bishnu Prasad Panta**

# ‘युरोपदेखि क्यानडासम्म’को भ्रमणसन्दर्भ

**ठाकुर शर्मा भण्डारी**

पिता गुणनिधि पन्त माता धनलक्ष्मी पन्तका सुपुत्र विष्णुप्रसाद पन्तको जन्म २००७ फागुन १ गते बिर्तादिउराली पाटीगैरा, काभ्रे जिल्लामा भएको हो । शिक्षामा त्रिविबाट एम.ए. (अर्थशास्त्र) र एल.एल.बी. गर्नुभएका विष्णुप्रसाद पन्त एक सङ्घर्षशील र सफल व्यक्तित्व हुनुहुन्छ। शिक्षाक्षेत्रमा संलग्न रही पशुपति क्याम्पसमा धेरै वर्ष प्राचार्यको रूपमा कार्यसम्पादन गर्नुभएका पन्तले जीवनमा सकारात्मक सोचका साथ कसैलाई पनि नबिझ्झाईकन अनेक सङ्घर्षद्वारा आफ्ना पाइला अगाडि बढाउँदै शिक्षा र उद्यम दुवै क्षेत्रमा सफलता प्राप्त गर्नुभएको छ । प्राध्यापनकार्यबाट अवकाश लिएपछि साहित्य, समाजसेवामा संलग्न रहनुभएको छ ।

उहाँले प्रध्यापनको सिलसिलामा २०४६ सालमा ‘बजारशास्त्रको सिद्धान्त’ लेख्नुभएको थियो । साहित्यतर्फ झुकाव भए पनि कृतिगत रूपमा जीवनको उत्तरार्द्धतिर (२०६० सालपछि) सक्रिय देखिनुभएको छ । अहिलेसम्म उहाँका प्रकाशित कृतिहरूलाई अवलोकन गर्दा कविताकाव्य क्षेत्रमा- सम्झनाको भुल्कामा (२०६०), हिँड्दाहिँड्दै (२०६४), बोध (२०७१), फूलको सुगन्ध (२०७८), मनको साइनो (२०७८), सम्झनाका सुसेली (२०७९), मनोभाव (काव्य, २०८०) सातवटा रहेका छन् भने ३०६६ सालमा प्रकाशित एउटा ‘अनुभूतिका तरङ्गहरू’ सूक्तिसङ्ग्रह हो । यसैगरी यात्रा, संस्मरणमा चारवटा रहेका छन् । ती हुन्- स्मृतिका तरङ्ग (२०७१), सम्झनाका क्षितिजमा मञ्जु

(२०७४), बेलायतदेखि क्यानडासम्म (२०७७), नथाकेका पाइलाहरू (२०८१) रहेका छन् ।

२०३७ सालदेखि करिब ३० वर्ष पशुपति क्याम्पसमा प्राध्यापन, दीपिका इङ्लिस स्कूल, गुणनिधि पन्त स्मृति प्रतिष्ठान र नव पुस्तकालयमा अध्यक्षलगायत विभिन्न संस्थाहरूमा कतै संस्थापक, क्याम्पसप्रमुख, अध्यक्ष, सदस्य, सल्लाहकार भएर कार्य सम्पन्न गर्नुभएका विष्णुप्रसाद पन्तको सक्रियताको उपज साहित्यलेखन रहेको देखिन्छ ।

नेपाली साहित्यको क्षेत्रमा अनेक विधामा कलम चलाउनुभएका विष्णुप्रसाद पन्तको 'युरोपदेखि क्यानडासम्म' चौधौँ कृतिको रूपमा रहेको छ । उहाँको शालीन व्यक्तित्वले गर्दा जेजस्ता अप्ठ्यारा आए पनि समाधान हुँदै गए । समाजमा प्रतिष्ठा, सम्पन्नता हासिलपश्चात् २०६० सालबाट साहित्यलेखनतर्फ उन्मुख भएको देखिन्छ । उहाँको लेखनकार्यको निरन्तरतामा प्रकाशनको दृष्टिकोणबाट हेर्दा 'सम्झनाको भुल्का' कवितासङ्ग्रह प्रथम पाइला बन्यो । त्यसपछि कवितामा सूक्तिमय कविता, हाइकु, साइनो, सुसेली, काव्य प्रकाशनमा आए भने यात्रासंस्मरणहरू आए । साहित्यलेखनको निरन्तरतामा यात्रासंस्मरण 'युरोपदेखि क्यानडासम्म' सद्यः प्रकाशनले थपेको छ । सकारात्मक व्यक्तित्व साहित्यकार विष्णुप्रसाद पन्तको माधुर्यगुण एवम् प्रासादगुणले युक्त जीवनशैलीलाई उहाँको २०८० सालमा प्रकाशित 'मनोभाव' काव्यले पनि द्योतन गर्दछ ।

'युरोपदेखि क्यानडासम्म' यात्रासङ्ग्रहमा विभिन्न ठाउँमा भ्रमण गरेका र बेलायतमा आफ्ना छोराछोरीसँग बस्दाको विषयवस्तुलाई सरल किसिमबाट लेखनमा उतारिएको छ । यसमा बेलायत-युरोप खण्डमा- बेलायतको दोस्रो यात्रा, विवेकको कम्पनीमा पुग्दा, बाल्यकालको सम्झना, स्विजरल्यान्ड भ्रमण, जुरिच विश्वविद्यालयको अवलोकन, लिन्डोर चक्लेट फ्याक्ट्रीको

भ्रमण, Mount 1st र Interlakenको भ्रमण, स्विजरल्यान्ड भ्रमणको सङ्क्षिप्त जानकारी, फ्रान्सको भ्रमण, आइफेल टावरसँगको भेट, लग्जेम्बर्गको लन्च, नेदरल्याण्डको बसाइ/घुमाइ, बेल्जियमको बसाइ, युरो स्टारको यात्रा, एक्लै पार्क घुम्दाको क्षण, विनोदजीसँगको भेट, एक वृद्धासँगको भेट, नौ वर्षे नाति बिहानको सोच, जेन्डर रिभिल कार्यक्रममा सहभागिता, बिहानको जन्मदिन, कँडेलको घरमा थकाली भान्सा, ऋतु वन्तजीको घरमा साँझको भेटघाट, विवाहको भोजमा सरिक, मनोज भट्टको घर पुग्दा, इटलीको यात्रा, कोलोसियमको अवलोकन, भ्याटिकन सिटीको भ्रमण, लेनिङ टावरको यात्रा, आरु र अङ्गुर टिप्दै खाँदै, सृजनाको तरकारीबारी, शिवमन्दिरको दर्शन, नेपाल फर्किने दिनसम्मको वर्णन यस खण्डमा रहेको छ।

पहिले 'बेलायतदेखि क्यानडासम्म' (२०७७) को कृति आएपछिको 'युरोपदेखि क्यानडासम्म'को यात्राले विष्णुप्रसाद पन्तको लेखनले अग्रगामी मार्ग प्रशस्त गरेको अनुभूति दिन्छ। २०८२ साल श्रावण महिनामा छोरा विवेकको कर्मथलो बेलायत विमानबाट हिथ्रो विमानस्थल पुग्दा त्यहाँ छोराबुहारी र नाति लिन आएको सन्दर्भबाट प्रारम्भ गरेर त्यहाँका दर्शनीय स्थलको भ्रमण गरिसकेपछि क्यानडा गएर काठमाडौँ फर्किएसम्मको वर्णन गरिएको छ।

'युरोपदेखि क्यानडासम्म'भित्रका विविध शीर्षकहरूलाई अवलोकन गर्दा छोरा विवेकले बेलायतमा बसेर गरेको प्रगतिले पन्तजीलाई आत्मविभोर बनाउँछ। उनको कम्पनीमा गएर प्रगति हेर्दा त्यसबाट प्रभावित भएको, युरोप भ्रमण गर्ने क्रममा जुरिच विश्वविद्यालयको इतिहासले गरेको आकर्षण, चक्लेट फ्याक्ट्रीको कामबाट प्रभावित, पेरिसको भ्रमणमा महत्त्वपूर्ण आइफेल टावरजस्ता ठाउँले पारेको प्रभाव, बेल्जियमको भ्रमणमा त्यहाँको उन्नति-प्रगति प्रकृतिको अवलोकन र दुई दिन बेल्जियम बस्दा वीरेन्द्रको मेहमानीले पारेको प्रभाव पठनीय रहेको छ।

यस्तै लन्डन बस्दा त्यहाँका आफन्तहरूसँगको भेटघाट, विनोद न्यौपाने र चापागाईंसँग भेटी नेपाली साहित्य र नेपाली संस्कृति परम्पराको विषयमा भएको चर्चाले आनन्द दिएको वर्णन रमाइलो रहेको छ। नाति बिहानसँग सधैँ बिहानबिहान घुम्न जाने र नाति बिहानले दश पौण्ड डेडी (हजुरबुवालाई नातिले डेडी भनेको)लाई दिने भनेको प्रसङ्गले भावुक बनाएको छ पन्तजीलाई। नाति बिहानको जन्मदिन मनाउँदाको रमाइलोमा कतिपय त्यहाँको परम्परालाई देखेर लेखकलाई अचम्म लागेको प्रसङ्ग र कुशेऔँसीका दिन बुवाको मुख हेर्ने भनेर नेपालबाट छोरी श्रद्धाले, क्यानडाबाट छोरा उत्तमले फोन मार्फत कुराकानी भएको, त्यहाँ छोरा विवेक, बुहारी वसन्तीले मुख हेरेको प्रसङ्ग रमाइलो प्रसङ्ग रहेको छ।

इटलीको रोम शहर घुम्दा देखिएको त्यहाँको बाटो क्रस गर्दा अव्यवस्थित देखिएका विषयलाई पनि उठाउनुका साथै विश्वको सातौँ आश्चर्यमा पर्ने लेनिङ टावरको भ्रमण र भ्याटिकन सिटीको यात्राले मन रमाएको प्रसङ्ग रहेको छ। केही दिनपछि लन्डनको बसाइ सकिएर नेपाल फर्किने क्रममा भनिएको छ : नेपालको भूमिलाई स्पर्श गर्दा शरीरमा छुट्टै प्रकारको अनुभूति भयो। नेपाल आमाको काखमा सकुशल आउन सकेकोमा आफूलाई भाग्यमानी ठान्दछु। आफ्नो देशको विमानस्थल, व्यवस्थापन देख्दा मनमा खिन्नता भने लाग्दो रहेछ। अरू देशका विमानस्थलहरू हेर्दै आएका यी आँखाहरू रसाउन पुगे मनमा, हामी र हाम्रो देश कुन अवस्थामा छ भनेर एक प्रकारको तरङ्ग उत्पन्न भयो- हामी कहाँ छौँ ? कता जाँदै छौँ ? (पृ.८८)

दोस्रोखण्डमा- छोरा उत्तम क्यानडामा बस्ने हुँदा त्यहाँ दोस्रो पटक गएको र त्यहाँको भ्रमणमा देखिएका यावत् सन्दर्भहरूको वर्णन गरिएको छ। त्यसभित्रका शीर्षक हुन्- दोस्रोपटक क्यानडा भ्रमण, लेक भ्यु प्वाइन्टको अवलोकन, वर्थडे पार्टीमा उपस्थित, नेपाली विद्यार्थीको फुटबल खेल र

हिन्दूमन्दिरको दर्शन, हिमाली मेलामा सहभागिता, अफ्रिकन लायन सफारी पुग्दा, मर्निङ साइड पार्क घुम्दा, क्यनाडामा जनैपूर्णिमा, टोरोन्टोको सेन्ट्रल आइल्यान्डमा पुग्दा, बुवाको मुख हेर्ने दिन, उत्तमको नयाँ घरको पूजाकार्यक्रम, पेरवासँगको अनौठो भेट, लक्ष्मीनारायण तथा सनातनमन्दिरको दर्शन, गुरुद्वारा पुग्दा, नेपाल फर्किने व्यस्तता, नाति-नातिनीसँगका रमाइला पल, नाति आहानसँगको रमाइलो क्षण, नेपाल फर्किंदाको क्षण आदि रहेका छन् ।

ज्येष्ठ पुत्र उत्तमले नयाँ घर निर्माण गरेको र त्यसको वास्तुपूजा र सत्यनारायण पूजा गर्ने सन्दर्भमा जुलाई २९, २०२४मा क्यानडा भ्रमण गरेको सन्दर्भ आएको छ । त्यहाँ गएपछि नातिनी ईशान्वी र नाति आहानसँग रमाएको प्रसङ्ग रहेको छ। लेक प्वाइन्ट भ्यूको पारिवारिक भ्रमण, क्यानडानिवासी धर्मेन्द्रको जन्मदिनको जमघट, त्यहाँ हुने हिमाली भेलाको सन्दर्भ, विभिन्न मन्दिरहरूको अवलोकनका साथै एक दिन घुम्दा बाटोमा सँगै हिँडेको परेवासँगको मौनसंवादलाई जीवनसँग दाँजेर हेरिएको हृदय छुने अभिव्यक्ति रहेको छ । त्यहाँका दर्शनीय स्थलको भ्रमणपछि नेपाल फर्किने क्षणमा भएको आन्तरिक द्वन्द्वलाई यसरी व्यक्त गरिएको छ : नाति आहान अँध्यारो मुख लगाएर कसैसँग पनि कुरा नगरी झोक्राएर बसिरहेको थियो । उसले मलाई पनि हेरिरहेको थिएन । उसलाई मसँग छुट्टिन मन नलागेर यसो गरेको हो वा म नेपाल फर्किन लागेँ भनेर रिसाएको हो, मैले बुझ्न सकिनँ । मेरो ऊसँग दोहोरो कुरा गर्ने खालको अवस्था थिएन । नातिनी ईशान्वी पनि आँखा रसिलो पार्दै मलाई पुलुक्क पुलुक्क हेर्दै थिइन् । अन्तर्हृदय छुट्टिन मानिरहेको थिएन तथापि हिँड्नु त थियो । परिस्थितिजन्य कुरालाई कसले रोक्न सक्छ र ! बालकहरूसँग रमाएको दिनले पछ्याइरहेको थियो । शायद उनीहरूको मनले पनि त्यही खोजेको थियो होला र त उनीहरूको मन मलिनो देखेँ, आँखा जुधाउन सकेका थिएनौँ कसैले पनि । मनले छोड्न नमानिरहेको अवस्थामा बिदा भइरहेको छु उनीहरूसँग । (पृ. ११५/११६)

यसरी सरलताका साथ विवरणात्मक रूपमा यात्रासंस्मरणमा अभिव्यक्ति दिइएको छ। यो विदेशयात्रा नितान्त पारिवारिक हुँदाहुँदै पनि युरोप र क्यानडाका धेरै ठाउँ, शहर भ्रमण गरेको कारण पनि विषयगत दृष्टिकोणबाट अवलोकन गर्दा महत्त्वपूर्ण जानकारीहरू प्राप्त हुन्छ। विवरणात्मक प्रस्तुतिबाट कतिपय देशका ठाउँहरूको इतिहासलाई कोट्याइएको छ। बाल-बालिकाको साहचर्यले जीवनमा ऊर्जा थपेको अनुभूति अवश्य गराउँछ। परिवारसँग टाढा रहन र विदेशमा बसेका आफन्तसँग भेट्दा जीवनमा कति आनन्द हुन्छ भन्ने यथार्थलाई प्रस्तुत गरिएको छ 'युरोपदेखि क्यानडासम्म' कृतिमा।

अन्तमा यात्रासंस्मरणका लेखक विष्णुप्रसाद पन्तलाई बधाई एवम् शुभकामनाका साथ केही कवितात्मक धारणा व्यक्त गर्दै अग्रलेखनबाट विश्राम लिन्छु।

'युरोपदेखि क्यानडासम्म'को अभिव्यक्तिमा
विष्णुप्रसादको भाव व्यक्तिएको छ शब्दमा।
युरोपभित्रको देश लन्डनको बसाइ छ
सन्ततिसाथ पाएर आनन्दको सुवास छ।१।

स्विजर्ल्यान्ड कतै फ्रान्स, लक्जेम्बर्ग घुमाइ छ
आफन्तसँगको वास आत्मीय भाव साथ छ।
नेदर्ल्यान्ड, इटालीको जीवन्त इतिहास छ
ऐतिहासिक संस्कार जीवन्तपन धार छ।२।

क्यानडाभित्रको यात्रा संस्कारयुक्त चेतना
गृहनिर्माणको पूजा-अर्चना अनि वन्दना।
उत्तम-धारणाबाट आफन्तजन सम्झना
भएको दिव्य-आनन्द देखिएको छ साधना।३।

यही हो दिव्य आनन्द जहाँ छन् सन्ततिहरू
त्यही हो परमानन्द भन्दछन् सद्गुणीहरू ।
विष्णुप्रसादको सोच सकारात्मक धारणा
आत्मीय-भावना-शुभ्र-शान्त-सौन्दर्य-साधना ।४।

कतै बिहान-ईशान्वी-वसन्ती ती विवेक छन्
कतै उत्तम-राधा छन् कतै आहान साथ छन् ।
सबैको प्रेम पाएर विष्णुप्रसाद रम्दछन्
'युरोपदेखि क्यानडासम्म'का भाव खुल्दछन् ।५।

लण्डनभित्र छन् कान्छा, क्यानडा ज्येष्ठ पुत्र छन्
नेपालभित्र छिन् छोरी श्रद्धा सद्भाव भर्दछिन् ।
राधा-आहान ईशान्वी क्यानडामा रमाउँछन्
बिहान र वसन्ती ती लण्डनमा रमाउँछन् ।६।

आँखाका ज्योति हुन् सारा दिन-रात उदाउने
यता-उता घुमी विष्णु सबैलाई भुलाउने ।
यथार्थ रूप सौन्दर्य बसुधा नै कुटुम्ब हुन्
जीवन्त जीवनी चित्र लेखनीमा सजाउँछन् ।७।

छन् परिकल्पनाकार सेवा मानव-पुस्तक
साथीका साथमा चल्ने अग्र स्थान छ सार्थक ।
संस्कारयुक्त शालीन सकारात्मक भावना
सबैमा प्रिय हुन् 'विष्णु' बधाई शुभकामना ।

*२०८२ मार्ग ६ गते शनिवार ।* *धुम्बाराही काठमाडौँ ।*

# आफ्ना कुरा

यात्रा नै जीवन हो । जब यात्रा समाप्त हुन्छ तब  जीवन पनि समाप्त हुन्छ । जन्मदेखि मृत्युसम्मको जुन अवधि छ, त्यो अवधिमा जीवन चलायमान रहन्छ । चल्नु भनेको एक प्रकारको यात्रा नै हो । टाढाटाढा घुम्नुमात्र यात्रा होइन । यात्रा गर्नु नै चल्नु हो । नयाँ कुरा हेर्न सिक्नु र अन्य उद्देश्यले स्वदेश तथा विदेशमा घुम्ने कार्यलाई यात्रा भनिन्छ । यात्राबा धेरै कुरा सिक्ने अवसर मिल्दछ । प्रत्यक्ष अनुभूतिका साथ हेरेर प्राप्त हुने ज्ञान पढेर प्राप्त गरेको भन्दा फरक हुन्छ । यसबाट अनावश्यक चिन्ता हट्दछ, सोच्ने शक्ति बढ्दछ र शरीरमा नयाँ ऊर्जा प्राप्त भएको महसुस हुन्छ । सधैं एकै स्थानमा बस्दा भन्दा हिँडडुल गरिरहने मानिस बढी सक्रिय रहन्छ । बगेको पानीजस्तै हुन्छ उसको जीवन । जीवनलाई स्वस्थ र खुसी कसरी राख्ने भन्नेबारे सबैले सचेत रहेर सोच्नुपर्दछ । आफूले खुसी प्राप्त गर्ने क्रममा अरूलाई पीडा हुने कार्य गर्नुहुँदैन ।

आफूले आफैलाई खुसी राख्ने प्रयास गर्नु उसको प्रथम कर्तव्य हो । आफू रोएको बेलामा संसार आफूबाट टाढा हुन्छ तर आफू हाँसेको बेलामा संसार आफ्नै वरिपरि घुमेको जस्तो लाग्दछ । मनमा खुसी नभएको मानिस राम्ररी हाँस्न सक्दैन । जसले राम्ररी हाँस्न सक्दछ ऊ नै राम्ररी बाँचेको हुन्छ । सकिन्छ भने आफ्ना वरिपरिका सबैलाई हँसाऔं सकिँदैन भने आफूमात्र भए पनि पनि हाँसेर बाँच्ने प्रयास गरौं । सुखमा सबै आफ्ना जस्तो लाग्छ भने

दुःखमा आफू एक्लै भएको जस्तो लाग्दछ। एउटै वस्तु पनि सुखमा राम्रो लाग्दछ भने दुखमा नराम्रो लाग्न सक्छ। यदि संसारलाई राम्रो देख्ने चाहना छ भने सुखको अनुभूतिका साथ सकारात्मक सोचले हेर्ने गर्नुपर्दछ। नराम्रो सोचका साथ हेर्नेले सबै चिज नराम्रो देख्दछ। संसार एउटा ऐना हो जस्तो अगाडि उभियो त्यस्तै प्रतिविम्ब देखाउँछ। राम्रो प्रतिविम्ब हेर्ने चाहनाले राम्रो भएर उभिनुपर्‍यो।

यस पटक मेरो युरोपका केही देशहरू र गत वर्ष २०८१ मा क्यानडाको भ्रमण गर्ने क्रममा सकारात्मक सोचका साथ घरबाट निस्केको हुँ। मेरा हरेक पाइलहरू सही ठाउँमा टेकिँदै म अगाडि बढेकाले मेरो यात्रामा कुनै पनि बाधा अवरोध आएनन्। छोराबुहारीहरूको सहयोगले विभिन्न देशहरूको भ्रमण गरेर त्यहाँको ऐतिहासिक, धार्मिक, साँस्कृतिक, सामाजिक, आर्थिक स्थितिको जानकारी लिने अवसर पाएको छु। त्यहाँका कलाकृति प्राकृतिक सौन्दर्यजस्ता विभिन्न प्राकृतिक र मानव निर्मित संरचनाहरू देख्दा मनमा आनन्द मिलेको छ। त्यहाँको भौतिक प्रगति, मानव सभ्यता र जीवनशैली अनि देशको समृद्ध अवस्था देख्दा आफूमा छुट्टै प्रकारको ऊर्जा प्राप्त भएको महसुस गरेको छु। प्राचीन सभ्यता र विकासका नमुनाहरू देख्दा मानव जातिप्रति गौरवको महसुस हुँदो रहेछ। जीवनकालमा सुनेका, पढेका कुराहरूलाई प्रत्यक्ष रूपमा देख्न पाउँदा छुट्टै आनन्दको महसुस हुँदो रहेछ।

युरोपका नौ देश र क्यानडाको भ्रमण क्रममा देखेका पढेका र सुनेका आधारमा केही कुराहरू समेटियो पुस्तकको आकार दिने प्रयास गरिएको छ। आफ्नो सम्झनाले समेटेसम्मका कोही कुराहरू यस पुस्तकमा सङ्ग्रहित छन्। लेखिएका सबै कुराले पाठक महानुभावहरूलाई सन्तुष्टि नदिन पनि सक्छ तर क्षमताले भ्याएसम्म सन्तुष्टि प्राप्त होस् भन्ने प्रयास गरेको छु।

यस पुस्तकमा लेखिएका कतिपय तथ्याङ्कहरूबारे यहाँहरूलाई अझ बढी ज्ञान भएको पनि हुन सक्छ। यस पुस्तक तयार गर्ने क्रममा सहयोगी भूमिका निर्वाह गर्ने मेरा छोरा उत्तम र विवेक अनि बुहारीहरू राधा र वसन्ती भाइ चन्द्र, छोरी श्रद्धा र ज्वाइँ स्वप्निललाई धन्यवाद दिन्छु।

यस पुस्तको छपाइ क्रममा देखा परेका त्रुटिहरूलाई सच्याइ पुस्तकको आद्योपान्त अध्ययन गरी आफ्नो अमूल्य समय खर्चेर भूमिका लेख्नुहुने वरिष्ठ साहित्यकार श्री ठाकुर शर्मा भण्डारीज्यूप्रति हार्दिक कृतज्ञतासहित आभार प्रकट गर्दछु।

कम्प्युटर टाइप गरी यस पुस्तकको आकार प्रदान गर्नुभई सहयोग पुऱ्याउनुहुने श्री दीपेन्द्र बस्नेतप्रति धन्यवाद दिन्छु। पुस्तकलाई सुन्दर आकर्षक रूपमा छाप्ने क्रममा सहयोग गर्नुहुने सूर्योदय छापाखानाका प्रोप्राइटर श्री हरिबहादुर कार्कीज्यूप्रति धन्यवाद व्यक्त गर्दछु। साथै यस पुस्तक तयार गर्ने क्रममा प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ।

**यात्राकार**

# विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ नं. |
|---|---|---|
| | **प्रथम खण्ड** | |
| १. | बेलायतको दोस्रो यात्रा | १९ |
| २. | विवेकको कम्पनीमा पुग्दा | २४ |
| ३. | बाल्यकालको सम्झना | २७ |
| ४. | स्विजरल्याण्ड भ्रमण | २८ |
| ५. | जुरिच विश्वविद्यालयको अवलोकन | २९ |
| ६. | लिन्डोर चक्लेट फ्याक्ट्रीको भ्रमण | ३१ |
| ७. | माउन्ट प्रथम इन्टरलेकिन भ्रमण | ३३ |
| ८. | स्विजरल्याण्ड भ्रमणको संक्षिप्त जानकारी | ३६ |
| ९. | फ्रान्सको भ्रमण | ३९ |
| १०. | आइफेल टावरसँगको भेट | ४१ |
| ११. | लग्जेम्बर्गको लन्च | ४४ |
| १२. | नेदरल्याण्डको बसाइ/घुमाइ | ४८ |

| | | |
|---|---|---|
| १३. | बेल्जियमको बसाइ | ५० |
| १४. | युरो स्टारको यात्रा | ५३ |
| १५. | एक्लै पार्क घुम्दाको क्षण | ५५ |
| १६. | विनोदजीसँगको भेट | ५७ |
| १७. | एक वृद्धासँगको भेट | ५८ |
| १८. | नौ वर्षे नाति बिहानको सोच | ६१ |
| १९. | जेन्डर रिभिल कार्यक्रममा सहभागिता | ६२ |
| २०. | बिहानको जन्मदिन | ६४ |
| २१. | कँडेलको घरमा थकाली भान्सा | ६६ |
| २२. | ऋतु वन्तजीको घरमा साँझको भेटघाट | ६७ |
| २३. | विवाहको भोजमा सरिक | ६८ |
| २४. | मनोज भट्टको घर पुग्दा | ७० |
| २५. | इटालीको यात्रा | ७१ |
| २६. | कोलोसियमको अवलोकन | ७३ |
| २७. | भ्याटिकन सिटीको भ्रमण | ७६ |
| २८. | लेनिङ टावरको यात्रा | ७९ |
| २९. | आरु र अङ्गुर टिप्दै खाँदै | ८३ |
| ३०. | सृजनाको तरकारीबारी | ८४ |
| ३१. | शिवमन्दिरको दर्शन | ८५ |
| ३२. | नेपाल फर्किने दिन | ८६ |

## दोस्रो खण्ड


| | | |
|---|---|---|
| ३३. | क्यानडा भ्रमण | ९० |
| ३४. | लेक भ्यु प्वाइन्टको अवलोकन | ९२ |
| ३५. | वर्थडे पार्टीमा उपस्थित | ९३ |
| ३६. | नेपाली विद्यार्थीहरूको फुटबल खेल र हिन्दूमन्दिरको दर्शन | ९४ |
| ३७. | हिमाली मेलामा सहभागिता | ९५ |
| ३८. | अफ्रिकन लायन सफारी पुग्दा | ९६ |
| ३९. | मर्निङ साइड पार्क घुम्दा | ९८ |
| ४०. | क्यानडामा जनैपूर्णिमा | ९९ |
| ४१. | टोरोन्टोको सेन्ट्रल आइल्याण्डमा पुग्दा | १०० |
| ४२. | बाबुको मुख हेर्ने दिन | १०२ |
| ४३. | उत्तमको नयाँ घरको पूजाकार्यक्रम | १०३ |
| ४४. | परेवासँगको अनौठो भेट | १०५ |
| ४५. | लक्ष्मीनारायण तथा सनातन मन्दिरको दर्शन | १०७ |
| ४६. | गुरुद्वारा पुग्दा | १०९ |
| ४७. | नेपाल फर्किने व्यस्तता | १११ |
| ४८. | नातिनातिनीसँगका रमाइला पल | ११२ |
| ४९. | नाति आहानसँगको रमाइलो क्षण | ११३ |
| ५०. | नेपाल फर्किंदाको क्षण | ११५ |
| ५१. | लेखकरपरिचय | ११७ |


***

# प्रथम खण्ड

# बेलायतको दोस्रो यात्रा

आँखा बन्द गरेर संसार देख्न सकिन्छ भन्ने सोच बोकेको मानिसलाई घुम्ने रहर जगाइदिएपछि देखिने परिणाम बेग्लै हुँदो रहेछ । यो जागेको रहर बोकेर एउटा विकट गाउँमा जन्मेको मानिसलाई जीवनमा पहिलोपटक हवाईजहाज चढेर युरोपको माटोमा टेक्ने अवसर २०७५ साल श्रावण महिनामा मिल्यो । कान्छो छोरा विवेक बेलायतको लण्डनमा बस्दै गरेको १२ वर्ष पुगेको अवसरमा यो बेलायत जाने अवसर मिलेको हो कि जस्तो लाग्छ । छोराले बेलायत घुम्ने बन्दोबस्त मिलाई हातमा भिसा पारिदिएकाले मेरो त्यसतर्फको यात्रा सम्भव भएको हो । त्यस पटकको भ्रमणबारे २०७७ सालमा प्रकाशित "बेलायतदेखि क्यानडासम्म" नामक पुस्तकमा चर्चा भइसकेको छ । दोस्रो पटकको वेलायत र युरोपका केही मुलुकहरूको यात्राका साथै गतसाल गरिएको क्यानडाको दोस्रो भ्रमणसम्बन्धी केही संस्मरणहरूलाई समेटेर 'युरोपदेखि क्यानडासम्म' कृति प्रकाशन गरिएको हो ।

वि.सं. २०८२ साल श्रावण ४ गते छोरा विवेकको कर्मथलो बेलायततर्फ प्रस्थान गरियो । भाइ चन्द्र, ज्वाइँ स्वप्निल, छोरी श्रद्धा र मेरो गाडी चालक दीपकसमेतले त्रिभुवन विमानस्थल काठमाडौँबाट गरेको बिदाइ र अघिल्लो दिन भानिज रामकृष्ण, पूर्व न्यायाधीश कृष्णप्रसाद बस्याल, वर्तमान न्यायाधीश भाइ गेहेन्द्रराज पन्त र उनकी श्रीमती सुनिताले मेरो बासस्थान सुकेधारामा

आई दिनुभएको शुभकामना बिदाइसमेत साथमा लिई बिहान १०:३० बजे कतार एयरको ६४९ नं. को जहाजबाट नेपालको भूमि छाडियो । स्थानीय समय अनुसार दिउँसो १२:०७ बजे हमाद विमानस्थल कतारमा हाम्रो जहाज अवतरण भयो । करिब पाँच घण्टा कतार एयरपोर्टमा नै बस्नुपर्ने बाध्यता छ । विमानस्थल क्षेत्रमा पर्खेर बस्दै गर्दा एकजना अहमद नाम गरेका पूर्व बैंकका कर्मचारी (जो पाकिस्तानी हुनुहुन्छ) सँग भेट भयो । उनी पाकिस्तानी पोसाकमा थिए । सँगै बसेर हामी गफ गर्दै थियौँ । यत्तिकैमा उनको छोराले बेलायतबाट फोन गरे, पोसाक फेर्न भने । उनले शौचालयमा गएर कोट, पेन्ट लगाएर आए । छोरालाई फोन गरेर आफ्नो पोसाक देखाए । छोराले कपडा राम्ररी मिलाएर लगाउन भने तर उनलाई यो कुरा खासै मन परेन । बेलायतको हावाले छोएको छोराको व्यवहार त्यस्तो नभएको भए ठीक हुन्थ्यो भन्ने मनमा लाग्यो । ती महाशय कता लागे, म भने जहाज चढ्ने प्रक्रियामा लागेँ ।

४:४५ मा बेलायतको लागि कतार एयरको विमान (QR005) प्रस्थान गर्‍यो । काठमाडौँ गोल्फुटार निवासी पुजन राईसँगै बस्ने सीट मिल्यो । हामी दुईको बिचको सीटमा मानिस नआएर खाली नै रह्यो । राईजी झ्यालपट्टि थिए । ४० वर्षे राईजीसँग परिचय गरियो । बढो मिठो बोल्ने उनले गरेका केही बेर कुरा सुनेँ । उमेरले निक्कै कान्छो भए पनि विचार र अध्ययनले हाराहारी नै रहेको पाएँ । आध्यात्मिक पुस्तकहरू धेरै अध्ययन गरेका र सकारात्मक सोच भएका राईजी हालसम्म अविवाहित रहेछन् । जीवन र जगत्‌लाई नियाल्दै गरेका राईजीमा छुट्टै खालको विचारले डेरा जमाएको हो कि जस्तो लागेको थियो । उनमा रहेका विचारहरूलाई साटासाट गर्ने अवसर मिल्यो । उनले धेरै जिज्ञासाहरू राखे र मैले उनका जिज्ञासाहरू बुझाएँ जस्तो लाग्छ । देश, काल र परिस्थितिप्रति उनी चनाखो रहेको पाएँ । उनी प्रसन्न देखिन्थे । आजको यो हाम्रो कुराकानी अत्यन्त उपयोगी रह्यो भन्ने उनको प्रष्ट व्यवहार मलाई

पनि मन पऱ्यो । सात घण्टाभदा बढीको उडाइमा हामीले केही मिनेटबाहेक आध्यात्मिक विषय र व्यावहारिक पक्षबारे छलफल गरेर बितायौं । यो समय हामीले पूर्ण सदुपयोग गऱ्यौं भन्ने लाग्छ । पछि नेपालमा गएर भेट्ने र हाम्रो यो छलफलको क्रमलाई निरन्तरता दिने निष्कर्षमा हामी पुग्यौं । बेलायतको हिथ्रो विमानस्थलमा साँझ पख ९:३० मा विमान अवतरण भयो ।

एयरपोर्टमा जाँच्ने सबै प्रक्रिया पूरा गरेर आफ्नो सुटकेस लिएर १० बजे राईजी र म गेट नं. ४ बाहिर पुग्यौं । हामी पर्खिरहेकै थियौं । यत्तिकैमा छोरा विवेक, बुहारी वसन्ती र नाति बिहान आइपुगे । राइजीसँग परिचय भयो र राईजी अन्त लागे, हामी घरतिर लाग्यौं । राती १२:१५ मा हामी घर पुग्यौं र हल्का खाना खाएर सुत्यौं । जहाजको यात्रा राम्ररी भयो र सम्झन लायक रह्यो भन्ने लाग्छ । नयाँ ठाउँ, नयाँ बिछ्यौनाले त्यति छिटै स्विकार्ने कुरा पनि त भएन । जेहोस् जहाजको थकाइ मेटिँदै गएको थियो । नेपाल र वेलायतको समय पाँच घण्टाजति फरक हुने हुँदा समय मिलाउन शरीरलाई केही समय लाग्ने नै भयो । नेपालमा बिहान उठ्ने बेलामा बेलायतमा हामी सुत्ने तरखर गर्दै छौं । कुनै पनि यात्रा गर्दा समयले प्रभाव पार्छ नै ।

बेलायतको यो पहिलो बिहान १०:३० बजेतिर नयाँबजार काठाडौंका डा. शशी कँडेल मलाई भेट्न आउनुभयो । उहाँ आज नै नेपाल फर्कने क्रममा हुनुहुँदो रहेछ । म बेलायत आएको थाहा पाएर उहाँले भेट्ने इच्छा राखेर आउनुभएको रहेछ । सरकारी काममा आउनुभएको उहाँ धेरै व्यस्त हुनुहुँदो रहेछ । केही बेर कुराकानी गऱ्यौं । सँगै कफी पियौं र उहाँ बिदा हुनुभयो । विवेकको बगैंचामा फूलहरू फुलेका थिए भने हरियो दुवो पनि सामेल थिए । मानौं सिङ्गै बगैंचाले मलाई स्वागत गरिरहेको थियो । लण्डनको चिसो हावाको स्वाद लिँदै पहिलो दिनभर घरमै बसियो । पारिवारिक कुराहरू गरेर एक अर्कामा आनन्द प्रदान गर्ने कार्य भयो ।

दोस्रो दिन बिहान ८:३० बजेतिर नाति बिहान र म नजिकैको सानो पार्कजस्तै खुला ठाउँमा घुम्न गयौँ। यस ठाउँमा कुकुर डुलाउने कुकुरका मालिकहरू कुकुरलाई डोऱ्याएर राम्रै संख्यामा उपस्थित भएको देखेर गम्भीर बन्न पुगेँ। दिनको शुरुवात कुकुरलाई दिशापिशाब गराउन डोऱ्याएर गर्नेहरूको दिन कसरी बित्ला ? साथै भाग्यमानी कुकुरहरूलाई नमस्कार गरेँ। ती कुकुरहरू सफा छन्, पोटिला छन्, शरीर सुन्दर र आकर्षक छन्, सायद यिनीहरूका खानेबस्नेजस्ता सबै सुविधा पर्याप्त भएर नै यस्ता भएका होलान्। मालिकलाई सेवक बनाएर यसरी बाँच्न पाउने अवस्था मानिसको जीवनमा बिरलै प्राप्त हुन्छ होला। कुकुर साहवले दिसा गर्नुभयो भने जमिनमा खस्ने बित्तिकै मालिकले टिपेर झोलामा राख्नुहुँदो रहेछ। हामीजस्ता मानिसले कुकुरको जति सेवा र सम्मान अनि सुविधासमेत पाउन सकेका रहेनछौँ भन्ने मनमा लाग्यो। यस्तो ठाउँमा र परिवारमा बस्न पाउँदा कुकुरको जन्म सामान्य मानिसको भन्दा निकै उच्च हुने रहेछ जस्तो लाग्यो। सबै कुकुर यस्तै भाग्यमानी। यो पनि प्रारब्धकै खेल हुन सक्छ। मनले कतै, गरीब मानिस भएर जन्मनुभन्दा यस्तै ठाउँमा यस्तै भाग्य भएका कुकुर भएर जन्मनु वेश भन्ने सोच्दै रहेको थियो।

साउन ७ गते अर्थात् जुलाई २३ को बिहान पार्कतिर घुम्न गइयो। लण्डनको मौसमको भर हुँदैन भन्ने कुरा सुन्दै आएको कुरा आज प्रष्ट भयो। घाम लागेको अवस्थामा पार्कमा पुगेका थियौँ। एकैछिनमा एक हुल कालो बादल टाउकाको नजिकै माथिबाट कुदेर आयो र पानी बर्साउन थाल्यो। बल्लबल्ल पार्कको अलि पर ओत लाग्ने ठाउँ पाइयो। केही भाग भिजे पनि ओत बस्ने ठाउँ मिलेकोले राहतको सास फेरियो। एकै छिनपछि पुनः घाम लाग्यो। केही बेर घुमेर घर फर्कंदै गर्दा बाटामा पुन पानीले भिजाउन थाल्यो। भिज्दै घर पुग्यौँ। कपडा फेरेर चिसो वातावरणमा घरमा बसियो। बेलायत र

नेपालको समयलाई शरीर मिलाउन सकिरहेको थिएन। प्रकृतिको सामु विज्ञान र प्रविधि पनि हार मान्न बाध्य हुनुपर्दो रहेछ। पानी र घामको लुकामारीको खेल चलि नै रह्यो दिनभरि नै। दिउँसो अपराह्नतिर भतिज अनिलका श्रीमान्श्रीमती मलाई भेट्न आए। धेरै बेर विभिन्न विषयमा गफ गरियो। बेलुकाको खाना यतै खाएर राती ७/८ बजेतिर घर फर्के। नाति बिहान र मसँगै सुत्यौँ। जीवनमा पहिलो रात नाति र हजुरबुवा सँगै सुत्न जुऱ्यो। कुनै पनि घटना समयले मिलाउँदछ। नसोचेका घटनाहरू धेरै घट्ने गर्दछन्। यी घटनाहरूले कतै सकारात्मक त कतै नकारात्मक प्रभाव पार्दछन्। कतिपय यस्ता घटनाहरू जीवनमा महत्त्वपूर्ण सावित हुने गर्दछन्।

***

# विवेकको कम्पनीमा पुग्दा

जुलाई २४, २०२५ को दिन दिउँसो विवेकको कर्मथलो अडीट कम्पनीको कार्यालयमा पुग्यौँ । सिमसिम पानी पर्दै गरेको र सामान्य चिसो रहेको मौसम थियो । विवेकको गाडीमा बसेर कार्यालय पुग्यौँ । ठूलो भवनको एक फ्ल्याट भाडामा लिएको रहेछ । ३० वर्ष पहिलेदेखि सञ्चालनमा रहेको उक्त कम्पनी दुई वर्ष पहिले विवेक र एक जना अर्को साथी मिलेर किनेका रहेछन् । १५ जना कर्मचारी कार्यरत रहेछन् । अडिट र एकाउन्टसम्बन्धी काम गर्ने यो कम्पनीका तीन सयभन्दा बढी सेवाग्राही (क्लाइन्ट) रहेछन् । कर्मचारी र घरभाडा खर्च राम्रै हुँदो रहेछ । पुरानो कम्पनी भएकोले केही फर्निचरहरू पुराना हुने नै भए । कम्प्युटर र अन्य उपकरणहरू सामान्य अवस्थामा नै रहेछन् । ठूलो हलमा सामानहरू व्यवस्थित रूपमा जडित थिए । हल ए भरिएको थियो । अन्य कोठाहरूमा पनि सामानहरू भरीभराउ थिए । कम्पनीलाई अझै केही सुधार गर्नुपर्नेछ भन्ने कुरा विवेकबाट थाहा भयो । हिजो अरूको कार्यालयमा कर्मचारीको रूपमा काम गर्ने विवेक आज आफ्नै कम्पनीमा अरू कर्मचारीहरूलाई काम लगाएर बस्ने अवस्थामा रहेको देख्दा खुसी लाग्नु स्वाभाविक नै भयो । तीन घण्टाजति त्यतै बसेर काम गरेको हेरेर बित्यो ।

म बेलायत पुगेको दिनदेखि पानी पर्न थालेकोले चिसो पनि महसुस हुँदै गएको छ । घाम लागेको बेलामा न्यानो हुन्छ । घाम, पानी, तातो चिसोसँग

सहयात्रा गर्दै बेलायतका दिनहरू बिताउँदै छु। देश, काल र परिस्थितिसँग सम्झौता गर्दै आफूलाई परिवर्तन गर्न सकेमात्र जीवनको अस्तित्व रहन सक्छ भन्ने कुरा स्मरण गर्दै आफूलाई तयार गर्दै छु। छोराबुहारी र नातिको सहयोगबाट दिनहरू सहज रूपमा बित्दै छन्। आगामी दिनहरू पनि अझ राम्ररी बित्नेछन् भन्ने लाग्दछ।

जुलाई २६ तारेखका दिन दिउँसो तीन बजे बेइलिङस्थित वसन्तीका बुवा नारायणप्रसाद राईको निमन्त्रणामा उहाँको घरमा पुग्यौँ। बेलायती सेनाबाट अवकाश प्राप्त राई धेरै समय नेपालमा नै बस्नुहुन्छ। उहाँ बढो सक्रिय व्यक्ति हुनुहुन्छ। नेपालको आर्थिक, सामाजिक र धार्मिक क्षेत्रमा चासो राख्दै विभिन्न कार्यहरू गर्दै आउनुभएको छ। उदयपुरको बेल्टारमा आफ्नै खर्चबाट भव्य शिवमन्दिर बनाउनुभएको छ र उक्त मन्दिरमा नियमित पूजा, आरती गर्नका लागि अक्षयकोषको पनि स्थापना गर्नुभएको रहेछ। ललितपुर जिल्लाको सात दोबाटो नजिक ताल्चिखेलमा स्थायी बसोबास गर्दै आउनुभएका उहाँले आफ्नो टोलमा रहेर धेरै सामाजिक कार्यहरू गरेको समेत बताउनुहुन्छ। देशका समसामयिक राजनीति अर्थव्यवस्था सामाजिक अवस्था र जीवनका भोगाइका बारेमा समेत छलफल गरियो। निडर स्वभावका राईजी समाजका लब्ध प्रतिष्ठित व्यक्तिका रूपमा परिचित हुनुहुन्छ। उहाँसँगको आजको यो बसाइ अत्यन्त फलदायी रहेको महसुस भएको छ। बेलुकाको खाना उहाँकै घरमा भयो। नाताले उहाँ सम्धी परे पनि साथीको जस्तो व्यवहार छ हामी दुईमा। त्यसैले सबै कुरा खुलेर गर्छौं हामी।

थेम्स नदीलाई लण्डनको वरदानको रूपमा लिइन्छ। आइतबारको दिन आज जुलाई २७ मा विवेक र म थेम्स नदीको किनारतिर घुम्न गयौँ। नदी शहर र बस्तीहरूको बिचबाट बगे पनि समाजसँग राम्रो सम्बन्ध रहेछ। मानव समाजले नदीको अतिक्रमण गरेको रहेनछन् र नदीले पनि आफ्नो शक्तिलाई

अनुशासित रूपमा राखेको पाइयो । यातायात र मनोरञ्जनका लागि नदीको प्रयोग समाजले राम्ररी गरेको देखियो । नदी किनारैमा रहेको टाउन सेन्टरमा पनि घुम्न गयौँ । नजिकै रहेको पुस्तकालयमा पनि केही बेरको समय सदुपयोग गऱ्यौँ । शान्त र सुन्दर ठाउँहरू हेर्दै केही बेर घुम्यौँ । प्रकृति र मानवबीच घनिष्ठ सम्बन्ध रहेको एकले अर्कोलाई संरक्षण गरेका कैयौँ दृश्यहरू देख्न पाइयो ।

पानी पर्ने र घाम लाग्ने प्रक्रियाले छोडेको छैन । पानी पर्ला जस्तो भएकोले हामी घरतिर फर्क्यौं । सूर्यले बादलको घुम्टोबाट कहिले चिहाएर हेर्ने, कहिले बादलको घुम्टी ओढ्ने र कहिले घुम्टी खोल्ने गरेको दृश्य रमाइलो लाग्ने नै भयो । यस्तै रमाइलो महसुस गर्दैगर्दा पानी नपरेको वेला पारेर साँझपख दिनेश, विपना, छोरा विविध र छोरी बानी कँडेलसमेत मलाई भेट्न आउनुभयो । त्यसको केही बेरपछि ऋतु वन्त र उनकी श्रीमती अनिका वन्त पनि आउनुभयो । सबैजना सँगै बसेर नयाँ र पुराना कुराहरू गऱ्यौँ । हाम्रा गफ निकै रमाइला रहे । विवेक र वसन्ती खाना तयार गर्ने, गफमा सहभागी हुने कुराको व्यवस्थापन मिलाउँदै थिए । सबै जनाले बेलुकाको खाना खायौँ । नेपालको वर्तमान अवस्था र अन्य विषयमा पनि छलफल गरियो । नेपालमा लगानी गर्ने, केही व्यवसाय सञ्चालन गर्न सकिन्छ कि भन्ने बारे पनि चर्चा गरियो । केही बेर बसेर सबैजना आ-आफ्नो घरतिर लाग्नुभयो ।

दुई दशकजति विदेशमा रहेर विभिन्न प्रकारका अनुभव सँगालेका स्थापित नेपालीमा अझै पनि आफ्नो देशमा केही गर्न सकिन्छ कि भन्ने सोच रहेको पाइन्छ । उनीहरूका सन्तानले नेपालको बारेमा पछि के गर्लान् त्यो भन्न नसके पनि नेपालबाट हुर्केर गएकाहरूमा देशको माया अझै रहेको प्रष्ट बुझिन्छ । यो नै उनीहरूको अन्तिम पुस्ता पनि हुनसक्छ जसले नेपाललाई माया गर्छ र सम्झिरहन्छ । यस्ता कर्मठ सन्तानहरूले देश छोड्दै जाँदा नेपालआमा पीडामा छटपटिइरहेकी छिन् ।

***

# बाल्यकालको सम्झना

अगस्त १ शुक्रबार नाति बिहानका दुई जना साथीहरू दिउँसोतिर आए। विविध कँडेल र गौराँश सामान्य नेपालीमा कुरा गर्न सक्ने रहेछन्। तीनै जना कक्षा पाँचमा एउटै कक्षाकोठामा रहेर सँगै पढ्ने रहेछन्। यी तीनजनालाई देखेर मलाई आफू पनि यस्तै उमेरमा कक्षा ६/७ तिर पढ्दाको दिन याद आयो। हुन त बेलायतमा जस्तो सबै प्रकारका सुविधा कहाँ थिए र ? नेपालमा त्यो पनि हाम्रो जमानामा। यी तीन जनाजस्तै मिलेर हामी तीन जना सूर्यप्रसाद सेढाईं, यज्ञप्रसाद पन्त र म केही वर्षसँगै पढ्यौं। पछि यज्ञप्रसादको निधन भयो र सूर्यप्रसाद पनि छुटे। त्यसपछि पुनः हामी तीन जना सँगै बस्न पुग्यौं– ॐ, गणेश र म। ॐकृष्ण सेढाईं, गणेशप्रसाद पन्त र म एउटै कोठामा डेरा गरेर बस्ने र एउटै कक्षामा पढ्ने थियौं। अहिले पनि हाम्रो भेट भइरहन्छ तर अब हामी सेवानिवृत्त भइसक्यौं। यी तीन जना बिहान, विविध र गौराँशलाई सँगै बसेर यसरी पढेको देख्दा मलाई आफ्ना पुराना दिनको याद आयो।

***

# स्विजरल्याण्ड भ्रमण

२०२५ अगस्त ५ को बिहान ६:३० बजे घरबाट विवेक र म ट्याक्सीमा हिँड्यौँ । विलिस भन्ने ठाउँमा ट्याक्सी छोडेर रेल चढेर लण्डन सिटी एयरपोर्ट पुग्यौँ । प्रक्रिया सबै पूरा गरी विमानमा चढ्नको लागि प्रतीक्षा कक्षमा बस्यौँ । ९:३० मा स्विस विमानबाट स्विजरल्याण्डका लागि उड्यौँ । विमान अलि हल्लिएको जस्तो महसुस भयो । स्थानीय समय अनुसार १२:१० मा जुरिच अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण भयौँ । जोन दुई बाट ट्याक्सी लिएर बुक गरेको होटेल लियोनार्दोतिर लाग्यौँ । बाटाका दुईतर्फको सुन्दर एवं मनमोहक दृश्यहरू हेर्दै होटलमा पुग्यौँ । कोठाको साँचो लिएर लिफ्टबाट आफ्नो कोठामा पुगेर सामान राख्यौँ । स्विजरल्याण्ड घुम्नको लागि "बेष्ट अफ स्विजरल्याण्ड टुर" को टिकट बुक गरेको थियो त्यही ठाउँ र अफिस (कार्यालय) खोज्न निस्कियौँ । २:५० मा उक्त ट्राभलको हामीले बुक गरेको बस छुट्ने हुँदा समय अगावै उक्त ठाउँमा पुग्नु आवश्यक छ । एकातिर ठाउँ खोज्ने चटारो छ भने अर्कोतिर भोकले पनि सताएको छ । हिँड्दै खान मिल्ने खालको केही खाना किनेर खाँदै कुद्यौँ । विवेक गुगलको सहायताबाट ठाउँमा जाने बाटो पत्ता लगाउँदै थिए । हिँड्दै खाँदै गर्दा खाना सकियो । कागज डस्टबिनमा राख्यौँ र अगाडि बढ्यौँ । केही बेरको खोजी र हिँडाइपछि सही ठाउँमा पुग्यौँ । ठीक २:४० मा पुग्न सक्यौँ र टिकट लिएर अगाडिबाट तेस्रो पङ्क्तिको दुई सिटमा हामी बस्यौँ ।

***

# जुरिच विश्वविद्यालयको अवलोकन

ठीक २:५० बजे बस छुट्यो । हामीलाई बाटो देखाउने गाइड महिला रहिछन् । बस चल्नासाथ उनी बसका नियमहरू, घुम्न जाने ठाउँहरू, समय विभाजन, बसको रुट आदिको बारेमा हामीलाई जानकारी गराइन् । सुरिलो र प्रष्ट आवाज अनि फुर्तिलो शरीर भएकी गाइड रहिछन् । उनीमा विषयलाई प्रस्तुत गर्ने कला प्रशंसनीय थियो । शहरको बिचबाट उक्त बस जुरिच विश्वविद्यालय पुग्यो । चौधओटा विशाल र आकर्षक भवन रहेको यो विश्वविद्यालय सन् १५२५ देखि सञ्चालन हुँदै आएको हो । यो विश्वविद्यालय युरोपको प्रथम प्रजातान्त्रिक लगानीबाट १८३३ देखि सामुदायिक स्तरबाट



जुरिच विश्वविद्यालय भवन

सञ्चालित छ। यो स्विजरल्याण्डको सबैभन्दा ठूलो विश्वविद्यालय हो। यस विश्वविद्यालयमा सात ओटा फ्याकल्टी सञ्चालित छन्। विज्ञान, चिकित्साशास्त्र, कानुन, अर्थशास्त्रजस्ता विभिन्न विषयमा स्नातक तहदेखि विद्यावारिधिसम्मको पढाइ गरिन्छ। यस विश्वविद्यालय विश्वका प्रतिष्ठित विश्वविद्यालयहरूको तहमा पर्दछ। यस्ता कैयौँ जानकारी उनीबाट प्राप्त भयो। यस विश्वविद्यालयको थप नयाँ भवनहरू पनि निर्माण गरिरहेको रहेछ। हाल यस विश्वविद्यालयमा करिब २८,००० विद्यार्थी आबद्ध रहेछन्। अझ धेरै जानकारी लिने इच्छा हुँदाहुँदै पनि गाइडले आफ्नो भनाइ अन्त्य गरिन्। अत्यन्त भव्य र सुन्दर यस विश्वविद्यालयले हामीजस्ता शिक्षाक्षेत्रमा धेरै वर्ष बिताएकाहरूलाई आकर्षित गर्नु स्वाभाविक थियो। सधैँ आफ्नो मानसपटलमा राख्ने प्रण गर्दै अर्को गन्तव्यतिर लाग्यौँ।

***

# लिन्डोर चक्लेट फ्याक्ट्रीको भ्रमण

सन् १९४९ मा स्विजरल्याण्डको जुरिचमा स्थापना भएको यो चकलेट फ्याक्ट्री विश्वको प्रसिद्ध चक्लेट उत्पादन गर्ने फ्याक्ट्रीको रूपमा प्रख्यात छ। विभिन्न रङ, स्वाद र आकारप्रकारमा उत्पादन हुने चक्लेट विश्वका प्रमुख बजारहरूमा उपलब्ध छन्। स्वादिष्टका साथै स्वास्थ्यवर्द्धक चक्लेट उत्पादन गर्ने यो फ्याक्ट्री हेर्न टिकट लिएर मात्र प्रवेश गर्न पाइने रहेछ। हामीलाई गाइडले टिकट उपलब्ध गराइन्। हामी उत्पादनबारे विभिन्न माध्यमबाट जानकारी लिँदै निश्चित स्थलमा पुग्यौँ। तरल रूपमा र ठोस रूपमा चक्लेट चाख्ने अवसर मिल्यो। तातोतातो चक्लेट आफैले हात थापेर लिँदा अचम्म लाग्यो। सँगैको स्विच थिचेपछि हातमा एक/दुई गोटा चकलेट मेसिनबाट खस्दो रहेछ। अत्यन्त स्वादिष्ट उक्त चक्लेट खाएर बाहिर निस्किँदा अर्कै लोकमा गएर आएको जस्तो लाग्यो। सित्तैमा लिन मिल्ने गरी विभिन्न प्रकारका चक्लेटहरू सजाएर राखिएको ठाउँबाट केही चक्लेट लियौँ। चक्लेट कसरी बनाइँदो रहेछ भन्ने बारे सामान्य जानकारी लिने अवसर मिल्यो।

चक्लेट फ्याक्ट्रीसम्म ट्राभल एजेन्सीको बसमा गएका थियौँ तर अब बसको सट्टा क्रुज (फेरी) चढेर फर्कियौँ। क्रुजबाट ओर्लेर नौ नम्बरको मेट्रोरेल चढेर वासस्थान होटेल पुग्यौँ। दिनभरि कहिले पाहाडको शिखर त

कहिले शहरका विभिन्न महत्त्वपूर्ण भागमा हिँड्दा थकाइ पनि लागिसकेको अवस्था छ। रातको नौ बजिसकेको छ। बेलुकाको खाना कहाँ र के खाने भन्ने बारे विवेकसँग सल्लाह भयो। नेपाली वा इण्डियन रेष्टुराँ पाए राम्रो हुन्थ्यो भन्ने ठहरमा पुग्यौँ। गुगलमा खोज्दा पैँतालीस मिनेटजति रेलमा गएर नेपाली खाना खान पाइने भेटियो तर हामीसँग त्यति समय रहेन किनकि भोलि बिहान पाँच बजे नै हामी निस्कनु छ। नजिकैको खाना खाने ठाउँमा छिर्‍यौँ। जर्मनी भाषामा मेन्यु राखेको रहेछ बुझ्ने कुरै भएन। छोरा विवेकले गुगलको सहायताबाट अँग्रेजीमा रूपान्तरण गर्‍यो। जीच राखेको बर्गर मलाई खान मिल्ने देखियो। आलु र सखरकन्दको फ्राइ गरेको टुक्राहरू र उक्त वर्गर मगाएर खाएँ। विवेकले चिकेनवाला वर्गर खायो। खाइसकेर कोठामा गयौँ र आराम गर्ने काम भयो।

***

# माउन्ट प्रथम इन्टरलेकिन भ्रमण

अगस्त ६ का दिन बिहान ७ः३० मा वेष्ट अफ स्विजरल्याण्ड नामको टुर अफिसमा पुग्यौँ । ४ नं. को बसबाट ७ः४५ मा हामी हिँड्यौँ । पुरुष गाइड धेरै नबोल्ने खालका रहेछन् । उनले यात्राको नियम, जाने ठाउँ र रुटको बारेमा बताए । आज दिनभरि उनकै इसारामा हामी घुम्दै छौँ । हाम्रो बस विस्तारै शहरबाट बाहिरतिर लाग्छ । नदी, ताल, सुन्दर बस्तीहरू हाम्रा आँखा अगाडि तँछाडमछाड गर्दै देखा पर्छन् । सफा, स्वच्छ र सुन्दर सडक, बस्ती र वातावरणले हामीलाई लठ्ठ पारेको छ । सडकहरू सुरुङभित्र छिर्दै निस्कँदै गर्दै छन् । पहाडलाई प्वाल पारेर बनाइएका सडकहरूमा दिउँसै झिलिमिली बत्ती बालिएका छन् । सुरुङबाट बाहिर निस्किने बित्तिकै पुनः सुन्दर साना घरहरू देखिन्छन् । तल सिमेन्टको गारो लगाएको माथिल्ला तलाहरूमा काठले मात्र बनाइएका रङ्गीन र आकर्षक घरहरू, नदी र ताल अनि कृषि फार्म र पशुपक्षी फार्महरू देखिन्छन् । हाम्रो बस एक ठाउँमा चिया, खाजा, खान र अन्य सरसफाइका लागि पन्ध्र मिनेट रोकिन्छ । पैसा तिरेर दिशा पिसाब गर्नुपर्ने रहेछ । कार्ड छोएर ढोका खोल्ने व्यवस्था रहेछ तर हाम्रो कार्डले ढोका खुलेन । परतिर पाखाको कुनामा गएर काम पूरा गरियो ।

बाटाको नजिकै पर्ने ‘लौटीवन’ नामक झर्ना देखाउन बस तेतातिर लाग्यो। बसपार्कबाट झन्डै आधा घन्टाजति हिँडेर झर्नास्थलमा पुगियो। सयौं मिटर अग्लो पहाडको टुप्पाबाट सफा पानीको ठूला र साना झर्नाहरू रहेछन्। तलबाट हेर्ने ठाउँ बनाइएको रहेछ। झर्ना खस्ने ठाउँको भित्तासम्म पुग्न अलि उकालो बाटो जानुपर्ने रहेछ तर हामी त्यता चढेनौं। तस्वीरहरू खिचेर हामी बजार घुम्नतिर लाग्यौं। भोक पनि लागिसकेकाले खाने ठाउँ खोज्दै गर्दा समय सकिन लाग्यो। फेरि बस छुट्ला भन्ने डरले केही खाना खायौं र केही पोको पारेर बोक्यौं। खासगरी मेरो खाना यस्तो गर्नुपर्‍यो। अत्यन्त सुन्दर झर्ना र त्यसको तल रहेको चर्च, बगैंचा र पार्कसमेत अत्यन्त मनमोहक रहेछन्। प्रशस्त आनन्दको महसुस गर्दै बस पार्कतिर लाग्यौं। बाटो अलि फरक परेछ घुम्न पर्‍यो तैपनि ठीक समयमा बस चढ्न भ्याइयो।

हाम्रो बस पुनः अगाडि बढ्यो। हरिया डाँडा, झर्ना, पहाड र केवुलकारहरू देखिन थाले। हाम्रो यात्रा ग्राइन्ड बोर्ड हुँदै माउन्ट फष्टको केवुलकार चढेर हिमालका हिउँ र हिमशृङ्खलासँग साक्षात्कार गर्नु रहेको छ। केवुलकार चढ्ने ठाउँमा हामी १२:३० मा पुग्यौं। यो ठाउँ जुरिचमा नपरेर बोन, स्विजरल्याण्डको राजधानी रहेको प्रदेशमा पर्दो रहेछ। बसबाट ओर्लेर पन्ध्र मिनेटजति हिँडेपछि केवुलकार चढ्ने ठाउँमा पुग्यौं। टुर अफिसले हामीलाई चढ्ने र झर्ने टिकट उपलब्ध गराएकाले हामी लाइनमा बसेर केवुलकार चढ्यौं। माथि पुगेर ओर्लियौं। त्यहाँ घुम्ने, मनोरञ्जन गर्ने, खाने सबै व्यवस्था रहेछ। हामी पुगेको ठाउँमा हिउँ पग्लिसकेको रहेछ तर सँगै रहेका अरू ठाउँमा हिउँ सेतै थियो। आकाशभरि प्याराग्लाइडमा मानिसहरू झुन्डिरहेका थिए। त्यसै ठाउँबाट उड्ने व्यवस्था मिलाइएको रहेछ। चिसो हावा चलिरहेको थियो। साथमा लगेका खाना खायौं। केही बेर घुमेर फोटाहरू खिचेर पुनः तल झर्नेतर्फ अगाडि बढ्यौं। नजिकबाट हिमाल हेर्ने र सानै भए पनि हिमालको शिरनेर पुग्ने अवसर मिल्यो। यो अत्यन्त आनन्दको क्षण रह्यो।

३:३० मा हामी बस चढेर अर्को मुख्य गन्तव्य इटरलेकन (Inter Laken) मा पुग्यौं । यो सुन्दर उपत्यका वरिपरि हरिया र शिरमा हिउँ बोकेका पहाडहरू छन् । यो एउटा परम्परागत रिसोर्ट शहर हो । यहाँ धेरै मुस्लिमहरू बसोबास गर्दछन् । यो उपत्यका स्विजरल्याण्डको Bren Canton मा परेछ । यो विश्वप्रसिद्ध उपत्यकाको रूपमा परिचित छ । वेनेस र अभरल्याण्ड पहाडको फेँदीमा रहेको यो सुन्दर उपत्यका लेक इमरलेन्ड र कोलोरेट तालको बिचमा रहेर यी दुई ताललाई छुट्याइदिएको छ । उपत्यका ज्यादै रमणीय छ । हरिया पहाडले घेरिएको, सफा नदीसँगै बगेको, खुला पार्क, सफा र फराकिला सडक अति सुन्दर भवनहरू र बगैंचाहरूले सजाइएको छ । दुलहीजस्तै सिँगारिएर स्वागत गरिरहेको जस्तो अनुभूति हुन्छ । यहाँ पुग्दा आकाशमा प्याराग्लाइडिङहरू उडिरहेका देखिन्छन् । शहरको बिचमा रहेको खुला हरियो मैदानमा प्याराग्लाइडरहरू झर्ने गर्दा रहेछन् । सफा रेष्टुरेन्ट स्वादिष्ट खाना, सजिएका संरचनाहरू छोड्न मन नलाग्ने यस्तो ठाउँलाई हमीजस्ता घुमन्तेले छोड्नुपर्ने नै भयो । हामीलाई बसले हर्न लगाएर बोलायो । छातीभरि यस ठाउँको दृश्य राख्दै फोटाहरूको साथमा हामी बसतिर लाग्यौं ।

७:३० बजेतिर हामी स्विजरल्याण्डको जुरिचको केन्द्र जहाँ टुर अफिस रहेको छ, त्यहाँ पुग्यौं । हाम्रो दुई दिनको स्विजरल्याण्ड घुम्ने यस पटकको यात्रा समाप्त भयो । हामी टुर अफिसका सबै सहयोगी कर्मचारीहरूलाई धन्यवाद दिँदै बिदा भयौं । नौ बजेतिर होटलमा पुग्यौं । खाना खान पुनः बाहिर गयौं र खाना खाएर होटल फर्कियौं ।

***

# स्विजरल्याण्ड भ्रमणको संक्षिप्त जानकारी

यो यात्राको क्रममा स्विजरल्याण्ड जति हेर्न सकेँ त्यसबाट मैले प्राप्त गरेका केही महत्त्वपूर्ण सन्दर्भहरू यस प्रसङ्गमा उल्लेख गर्न उपयुक्त होला भन्ने लाग्छ ।

१. स्विजरल्याण्ड सुरुङ मार्ग र केवुलकारको अत्यधिक प्रयोग भएको देशको रूपमा लिन सकिन्छ । अधिकांश पहाडलाई छेडेर बाटाहरूको निर्माण भएका छन् । चाहे त्यो मोटर चल्ने मार्ग होस् वा रेल मार्ग प्रायः सुरुङको प्रयोग भएका छन् । पैरो रोक्न विशेष सुरक्षा र संरक्षणको व्यवस्था गरिएको छ । जसले गर्दा सडक छेउछाउ कतै पनि पहिरो गएको देखिएन । कतैकतै पहाडको केही उचाइसम्म सडक बनाइएको पाइयो तर यो पर्यटकीय उद्देश्यलाई ध्यानमा राखेर गरिएको छ । जेजति विकास र निर्माणका कामहरू भएका छन्, अधिकतम पर्यटकीय उद्देश्यलाई ध्यानमा राखेर गरिएको छ । जेजति विकास र निर्माणका कामहरू भएका छन् अधिकतम पर्यटकीय उद्देश्यलाई केन्द्रमा राखेर गरिएका छन् भन्दा फरक नपर्ला । पहाडको दृश्य हेर्न र हिमालयको साक्षात्कार गरी आनन्द लिनको लागि केवुलकारको निर्माण र सञ्चालन विभिन्न ठाउँमा भएका छन् । जतातत्तै पर्यटकको भीड नै देखिन्छ ।

२. सुन्दर प्रकृतिलाई अझ सुन्दर बनाउन विभिन्न प्रयासहरू भएका छन् । माटो, ढुङ्गा, वनस्पति, झर्ना र खोला तथा नदीलाई विशेष रूपमा माया गरी संरक्षण गरेका छन् । जतातते सजाउने, मिलाउने र आकर्षक बनाउने कामहरू भएका छन् । फूलका गमलाहरू, बत्तीहरू, रङ्गहरूलाई प्रयोग गरेर सबैतिर अत्यन्त सुन्दर बनाइएको छ ।

३. मानव निर्मित भवनहरू, कार्यालयहरू, पार्कहरू, अन्य सार्वजनिक स्थानहरूलाई सजाएर सुन्दर बनाइएको छ । मठमन्दिर चर्च आदिलाई आकर्षक तरिकाले सजाएर राखिएको छ । कला, संस्कृतिलाई संरक्षण र संवर्द्धनको काममा कमी देखिँदैन । व्यक्तिगत भवनहरूसमेत सजाएर राखिएका छन् । घरहरू पाँच/छ तला अग्ला शहरमा देखिन्छन् भने गाउँमा दुई/तीन तले बनाइएका छन् । गाउँका घरहरूमा काठको बढी प्रयोग देखिन्छ भने शहरमा पक्की सिमेन्टेड घरहरू नै बढी छन् । सबै घरहरू कलात्मक र रङ्गीन छन् । शहरका ठूला भनव र व्यक्तिगत घरसमेत ज्यादै मजबुतसँग बनाइएका छन् । घरहरू एकैनासका छैनन् । कलात्मक र फरकफरक आकारप्रकारका साथै रङ्का देखिन्छन् । विविधताले गर्दा अझै आकर्षक र सुन्दर देखिएका छन् भवनहरू ।

४. यातायातको राम्रो व्यवस्था छ । प्रायः सबै ठाउँमा, शहरभित्र, ट्रामको सुविधा छ । शहरभित्र बसको भन्दा ट्रामको सहजता छ । शहर बाहिर बस र रेल सुविधा उपलब्ध छ । ट्याक्सी सुविधा पनि उपलब्ध रहेको छ । गाउँमा पनि सबै यातायात सुलभ छ । हरेक बस्तीहरूमा सबै प्रकारका सुविधाहरू छन् । बस्तीहरू बाक्लै छन् र झुप्प भएर एकै ठाउँमा घर बनाएर बसेका देखिन्छन् । यसबाट सामाजिक एकता राम्रो रहेको कुरा व्यक्त हुन्छ ।

५. स्विजरल्याण्डमा मुख्यतः तीनओटा भाषाहरू प्रयोग भइरहेको पाइन्छ। जर्मनी फ्रेन्च र इटाली भाषा प्रयोग हुने रहेछ। पछि जर्मनी र स्वीस मिसाएर छुट्टै भाषा पनि प्रयोग भएको रहेछ। प्रत्येक बस्तीमा एउटा चर्च हुँदो रहेछ। पार्क पनि प्रत्येक बस्तीमा रहेका छन्। सार्वजनिक स्थल, होटल, रेष्टुराँ आदिमा यिनै भाषाहरू प्रचलनमा छन् । अँग्रेजी भाषामा वर्डहरू लेखेको खासै पाइन्न। जुरिच र निर्माण गरिएका केही भाग हेरेर यी कुराहरू बुझ्न सकिएको हो। स्मरण रहोस् सडकमा पुलिसको उपस्थिति ज्यादै न्यून देखिने र सकडमा हिँड्ने मानिसको संख्या थोरैमात्र देखिने रहेछ। गाउँमा बनेका घरहरू प्रायः एउटै प्रकारका हुने तर रङ्ग भने फरक पनि हुने रहेछन्।

***

# फ्रान्सको भ्रमण

अगस्त ७ को बिहान ६ बजे हामीले स्विजरल्याण्डको जुरिचमा रहेको लियोनार्दो होटेल छाड्यौँ र ट्याक्सी लिएर पेरिस जाने विशाल रेल स्टेशनमा गयौँ । प्लेट फर्म १२ बाट ७:३० बजे दुईतले रेलको माथिल्लो तलामा सि.नं. १११ र ११२ मा बस्यौँ । यो तीव्रगतिको एक्सप्रेस रेल भएकोले यसको गति तीव्र हुनु स्वाभाविक नै भयो । झ्यालबाट बाहिर दृश्य हेर्दा अत्यन्त खुसी लाग्यो । स्विजरल्याण्डको पहाडी भूभागका साथै उपत्यकाहरू हेर्दै गयौँ । हरिया र हिउँको टोपी लगाएका पहाड, हरिया चौर र पशुफार्मका साथै कृषि फार्महरू हेर्दै आनन्द लिँदै गयौँ । स्विजरल्याण्डतर्फ सुरुङमार्ग धेरै पाइयो भने फ्रान्सतर्फ कमैमात्र पाइयो । फ्रान्सको भूमिमा प्रवेश गरेपछि पहाडका शृङ्खलाहरू देखिन कम हुँदै गए । जताततै खेती गरिएका जमिनका विशाल फाँटहरू देखिन थाले । कतै पशु फार्महरू पनि देखिए । कतैकतै साना बस्तीहरू पनि देखिए । अलि गरम ठाउँ रहेछ त्यसैले वनस्पतिहरू फरक प्रकारका देखिन थाले । आँखाले देख्न नसक्नेसम्म फैलिएका यी फाँटमा आधुनिक प्रविधिबाट गरिएका कृषिकर्म देख्दा आफ्नो देशका कान्लेखेतका साना गरामा रोपनीको हिसाबमा गरिने खेतीको सम्झना आउँदै छ । धन्य हो हामी र हाम्रो देश जसको चुलो सधैँ बल्न सकेको छ । जुरिचदेखि फ्रान्सको पेरिससम्मको

यात्रामा हाम्रो रेल दुई ठाउँमा मात्र रोकियो । फ्रान्सको समय अनुसार दिउँसो १२ बजे हामी पेरिसको पुरानो तर विशाल रेल स्टेशनमा पुग्यौँ । रेलबाट तल झरेर गेट बाहिर निस्कन निकै कठिन भयो । मानिसको भीड छिचोल्दै कुन गेटबाट बाहिर निस्कने भन्नेबारे धेरै बेर अलमल भयो । स्टेशनबाट बाहिर निस्केर ट्याक्सी मगाउँदा बल्ल ट्याक्सीसँग सम्पर्क भयो र विवेकले मलाई नआत्तिनोस् न ! म सबै कुरा मिलाउँछु भन्दै फोन गर्दै थियो । एउटा ट्याक्सी हाम्रो अगाडि आएर रोकियो ।

ट्याक्सी चढेर विवेकले बुक गरी राखेकोमध्ये पेरिसको होटेल फ्रान्स.... ? को अफिसमा पुग्यौँ । आफ्नो सामान कोठामा राखेर खाना खान बाहिर निस्कियौँ । निकै गर्मी महसुस भयो । हल्का कपडामा निस्केका हामी खाना खाएर केही बेर आराम गऱ्यौँ । साँझ ६:३० बजेतिर खाना खान र आईफेल टावर चढ्न कोठाबाट बाहिर निस्कियौँ । केही खाना खाएर टावर चढ्न टिकट बुक गरेको अफिस खोज्नतिर लाग्यौँ । गुगलको सहायताले ठाउँ खोज्दै बल्ल पत्ता लाग्यो । हिँड्दाहिँड्दा मलाई निकै गाह्रो भइसकेको थियो । फेरि पनि त्यस टुर अफिसको गाइडले सबैलाई भेला गरेर झण्डा बोकेर अगाडि लागिन् । अलिपर पुगेपछि उनले आइफेल टावरको बारेमा व्याख्या गर्न थालिन् । निकै बेरको व्याख्या सकेपछि उनको पछि कुद्यौँ । ९:३० बजे उनले हामीलाई लाइनमा बस्न टिकटसहित पुऱ्याइन् । सुरक्षा जाँच कडाइका साथ हुँदो रहेछ । जाँच सकेर हामी माथि जाने लिफ्ट चढ्ने ठाउँमा लाइनमा बस्यौँ ।

***

# आइफेल टावरसँगको भेट

फ्रान्सको राजधानी पेरिस शहरको मध्यभागमा अवस्थित विश्वप्रसिद्ध यो आइफेल टावर पुग्ने सपना साकार भएको यो क्षण मेरा लागि अति नै महत्त्वपूर्ण रहेको छ । यो टावर कलामै फलामले बनाएको छ । सन् १८८९ मार्च १ बाट निर्माण शुरु भई दुई वर्ष दुई महिना पाँच दिनमा यसको निर्माण कार्य सम्पन्न भएको हो । यो युरोपको सबैभन्दा अग्लो टावरको रूपमा लिइन्छ । यसको कुल उचाइ ३३० मिटर अर्थात् १०८३ फिट रहेको छ । जमिनदेखि शिरसम्म १६६५ खुड्किलाहरू रहेका छन् । यसमा तीनओटा लिफ्टहरू जडान गरिएका छन् । २०,००० लाइटहरू जडान गरिएका छन् । यसको कुल निर्माण लागत ७७,९९,४०१.३१ फ्रेन्च फ्र्याङ्क रहेको छ । पहिलो, दोस्रो र सिरान तल्ला गरी जम्मा तीन तलाको रहेको छ। कतिपय पर्यटकहरू दोस्रो तल्लासम्म चढेर खाने, बस्ने र हेर्ने काम गरी रमाइलो लिन्छन् । केही पर्यटकहरू भने सिरान तलासम्म गएर हेर्दछन् । यसको टिकट मूल्य पनि फरकफरक रहेको छ। विवेकले सिरानको तलासम्मको टिकट लिएको रहेछ। हामी सिरानमा जान लाइनमा बसेका छौँ ।

लिफ्ट चढेर दोस्रो तलामा ओर्लेर फेरि अर्को लाइनमा बसेर अर्को लिफ्ट चढेर, जुन दुईओटा लिफ्ट दोस्रो तला सिरान तला जान आउन मात्र



प्रयोग गरिने रहेछ, सिरान तलामा पुग्यौं। राती १०:३० बजेको समय टावर पूरै भिलिमिली छ। वरिपरि घुमेर हेर्दा पेरिस शहर सबै देखिने तर बत्ती नै बत्ती बलेको मात्र देखिने रहेछ। शीतल हावामा हजार फिटभन्दा माथि गएर ऐतिहासिक एवं भव्य पेरिस शहरलाई दिउँसो घुमेर र राती टावरमाथि चढेर हेर्न पाइयो। यो पनि भाग्यमा लिएर आएकै कारणले छोरा विवेकको माध्यम र सहयोगबाट हेर्न पाइयो। धन्यवाद छ सबैप्रति।

केही बेर टावरको वरिपरि रहेको बरन्डाबाट हेरियो, फोटाहरू खिचियो र ईश्वरलाई सम्झँदै पुनः लिफ्टबाट तल झर्ने काम गरियो। विशाल र सुन्दर

पार्कको बिचमा ठड्याइएको यो पूर्ण रूपमा फलामबाट बनाइएको ऐतिहासिक टावर तत्कालीन समयका इन्जिनियरहरूको ठूलो योगदान र बुद्धिबाट मात्र बन्न सकेको हो । सबैको योगदानलाई मनमनै धन्यवाद दिन पुगेँ । तलबाट पनि चारैतिर घुमेर हेर्‍यौँ र फोटाहरू लियौँ । पार्कको छेउमा बसेर उक्त टावरलाई तलदेखि माथिसम्म हेरेर प्रणाम गर्दै आफ्नो वासस्थानतर्फ लाग्यौँ ।

दिनभरि घुमियो, राती पनि १२ बजेसम्म टावरको तलमाथि वरिपरि घुम्ने काम गर्दा राम्ररी गलेको छ शरीर । विवेकले गुगलको सहाराले सबै घुमाउँदा र लड्न खोज्दा समाएर उठाउँदा अत्यन्त आनन्दको अनुभूति भएको छ । करिब आधाघण्टाजति हिँडेर होटेलमा पुगियो । हातगोडा धोएर आराम गर्न थालियो । सपनामा पनि पेरिस शहर घुमेको र आइफेल टावर चढेका दृश्यहरू नै देखिए । यो राम्रो पेरिसको अन्तिम रात थियो ।

***

# लग्जेम्बर्गको लन्च

युरोपको सबैभन्दा सानो तर सबैभन्दा बढी प्रतिव्यक्ति आय भएको देश हो लग्जेम्बर्ग। यस देशको जनसंख्या सन् २०२४ को अनुसार ६,७७,७१७ जना रहेको पाइन्छ। बेल्जियम फ्रान्स र जर्मनले चारैतिर घेरिएको भूपरिवेष्टित देश लग्जेम्बर्ग। यस देशमा फ्रेन्च, जर्मनी र लग्जेम्बुरी भाषा बोलिन्छ। ८०% मानिसले अँग्रेजी पनि बोल्न सक्दछन्। यस देशमा युरो मुद्रा चल्दछ। करका दरहरू ज्यादै न्यून छन् जसले गर्दा Tax Hearex देश पनि भनिन्छ। सरकारी विद्यालयमा निःशुल्क पढाइ हुन्छ। यहाँ सार्वजनिक यातायात निःशुल्क छ। यो देशमा गाउँहरूको बाहुल्य रहेको छ। लग्जेम्बर्गको बारेमा त्यहीँ गएर हेर्ने र जानकारी लिने हाम्रो इच्छा आज पूरा हुँदै छ।

अगस्त ८, २०२५ का दिन बिहान ७:४० मा विवेक र म फ्रान्सबाट लग्जेम्बर्गका लागि रेल चढ्यौँ। १० बजे हामी लग्जेम्बर्ग पुग्यौँ र बसमा चढेर राजधानी शहर लग्जेम्बर्गतिर लाग्यौँ। केही बेरको बस यात्रापछि बसले हामीलाई मध्यशहरमा लगेर छाड्यो। शहर घुम्दै राजदरबार हेर्न जाने तय गर्‍यौँ। गुगलबाट नक्सा र बाटो पत्ता लगाउँदै अघि बढ्यौँ। सफा र फराकिला सडक हुँदै शहरभित्र अलि साना सडकतिर लाग्यौँ। यातायात र मान्छेको भीड कमै देखिन्थ्यो। दायाँबायाँका दृश्यहरू हेर्दै हामी दरबारतिर अघि बढ्यौँ।

बाटामा पर्ने सर्वोच्च अदालत, पर्यटन विभाग, चर्चहरू र अन्य पुरातात्त्विक भवनहरूको अवलोकन गरियो। दरबारको परेड गर्ने ठाउँ र दरबारको अवलोकन गर्दै केही जानकारीहरू लिँदै हामी अर्कै बाटो फर्कियौँ। बिहान पेरिसमा खाएको खाजा (ब्रेकफास्ट)ले काम गर्न छाडिसकेकोले खाना खाने विचार गर्‍यौँ। विवेकले गुगलबाट खाने ठाउँ खोजे। इन्डियनले सञ्चालन गरेको नेपालीले आफ्नो सीप र श्रम लगानी गर्दै गरेको एउटा रेष्टुराँमा गयौँ। भारतीय मालिकसँग केही बेर कुरा गरी खानाको मेनु हेर्ने काम गरियो। साधारण नेपाली खाना पनि थियो तर हामीले समोसा चाट खाने अर्डर दियौँ। ठूलै प्लेटमा धेरै खाना देखेर शुरूमा कसरी सकिएला जस्तो लागेको थियो तर भोक र स्वादले गर्दा सबै खाइयो। नेपाली भाइबहिनीहरूलाई भेट्न मन लाग्यो र मालिकसँग अनुमति लिएर उनीहरूलाई भेट्यौँ। उनीहरू खुसी देखिन्थे।

खाना खाएर पुनः विस्तारै अर्कोतर्फ घुम्न गयौँ। केही घण्टा घुमेर पुनः बेल्जियम जाने रेल स्टेशनतिर लाग्यौँ। रेलको टिकट लिएर रेल चढ्यौँ। रेलले लग्जेम्बर्गको अर्को दिशातिरको दृश्य देखाउन सहयोग पुर्‍यायो। गाउँका साना युरोपियन ढाँचाका घर र बस्तीहरू, पशु र कृषिफार्महरू हेर्दै गइयो। बिचमा रेल परिवर्तन गर्नुपर्ने रहेछ। त्यस्तै ओर्लेर अर्को रेल चढ्नेतर्फ पर्खिने ठाउँमा गएर पर्खियौँ। बेल्जियमको हामी जानुपर्ने स्टेशनमा पुग्ने पहिचान गरेर रेलमा चढ्यौँ। बेल्जियमको भूमिमा हाम्रो रेल कुदिरहँदा हाम्रा आँखाहरू भने बाहिरका मनोरम दृश्यहरू हेर्नमा व्यस्त थिए। कतै हरिया जङ्गल, चौर छन्, कतै कृषिफार्महरू छन्। कतै पशुपालन छन्, जताततै हेरौँ हेरौँ लाग्ने अवस्थामात्र छ। रसिलो र उर्वर भूमिमा विभिन्न फलफूल, तरकारी र अन्नबालीहरू लटरम्म फलिरहेका छन्। कतै कुनै बाली टिप्ने, उठाउने, खन्नेजस्ता कामहरू भइरहेका छन्। कतै ग्रामीण परिवेशका बस्तीहरू छन् भने कतै साना शहरहरू पनि देखिँदै छन्। यस्तैयस्तै दृश्यहरू हेर्दै हामी बेल्जियमको समय अनुसार दिउँसो ४:४५ मा हाम्रो ओर्लिनुपर्ने स्टेशनमा आर्लियौँ।

भाइ चन्द्रको साडुभाइ वीरेन्द्र मल्ल ठकुरी हामीलाई लिन रेल स्टेशन बाहिर सडकमा कारमा पर्खिरहेका रहेछन् । विवेक र उनको बिचमा फोनवार्ता भइरहेकाले सबै कुरा ठिकठाक थियो । वीरेन्द्रजीसँग हाम्रो चिनजान थिएन । भाइ चन्द्रले यो सम्पर्क जोड्ने काम गरेको हो । उहाँको गाडीमा बसेर केही बेरमा नै हामी मल्लजीको घरमा पुग्यौँ । भाइकी श्रीमती मेरुकी बहिनी विमूसिं हामीलाई पर्खिरहेकी थिइन् । उनीसँग मेरो नेपालमा भेट भएकोले चिनजान राम्रै थियो । आफ्ना झोला राखेर हातमुख धोएर हामीले मीठामीठा परिकारका खाजा खाएर पुनः वीरेन्द्रजीसँग साँझपख घुम्न निस्कियौं । उहाँले गाडीमा जाने व्यवस्था किन मिलाउनुभएको होला जस्तो मनमा लागेको थियो तर उहाँले विभिन्न ग्रामीण परिवेश र बस्तीहरू देखाउँदै विशाल एवं ऐतिहासिक अफ्रिकन पार्क देखाउन लैजानुभयो । बडो आकर्षक पार्क र म्युजियमसँगै रहेछ । म्युजियमभित्र जाने समय सकिएकाले बाहिरबाटै हेरेर चित्त बुझाउने काम भयो । पार्कभित्र पस्दै गर्दा दायाँबायाँ राखिएका मानव कङ्कालहरूले म्युजियम भित्रको सङ्केत गरिरहेका थिए । १५, १६ राैं शताब्दीतिर अफ्रिकन नागरिकहरू माथि युरोप र अन्य मुलुकका शक्तिशाली व्यक्तिहरूबाट गरिएको अत्याचार देखाएका कङ्कालहरू पार्कका ठाउँठाउँमा राखिएका थिए । देख्दा जिउ नै सिरिङ्ग हुने खालका वीभत्स कङ्कालहरू थिए । हरियो घाँसेमैदान र फलफूलका साथै अन्य सदावहार वृक्षहरू पार्क वरिपरि र अन्य ठाउँहरूमा थिए । करिब एक घण्टाजति घुमेर हामी घर फर्कियौँ ।

साँझको/बेलुकाको खाना सबै परिवार (छोराबाहेक) सँगै बसेर खायौँ । साह्रै मिहिनत गरेर तयार पारिएका विभिन्न प्रकारका व्यञ्जनहरू तयार भएका रहेछन् । केही दिनदेखि राम्ररी खान नपाएको मुखले यस्तो स्वादिष्ट खाना खान पाउँदा कति खाइयो होला स्वतः अनुमान गर्न सकिन्छ । स्वादिष्ट साथै स्वास्थ्यवर्धक खाना मैले अलि छिट्टै टुङ्ग्याएँ । विवेक र मल्लजी विस्तारै

गफसफका साथ खाँदै हुनुहुन्थ्यो। उहाँहरूको कुरा मिलेको छ। यहाँहरूले विवेक र मलाई कपडा उपहार पनि दिनुभयो। थकाइ लागेकाले म सुत्ने कोठातिर लागेँ। अत्यन्त स्नेहपूर्ण व्यवहार गर्नुभयो उहाँहरूले। वीरेन्द्रजीको स्वास्थ्य अलि ठीक रहेनछ। डाक्टरलाई जँचाएर औषधी सेवन गर्दै रहनुभएको रहेछ। हाम्रो भोलिको यात्रा कहाँ र कसरी जाने भन्ने सल्लाह विवेक र उहाँ गएर गर्नुभएछ।

भोलिपल्ट बिहान नित्यकर्म सकेर तल झर्दा वीरेन्द्रजीले बिहानको खाजा (ब्रेकफास्ट) तयार गर्दै हुनुहुँदो रहेछ। विवेक पनि आए पछि हामी तिनै जनाले खाजा राम्ररी खायौँ। आज जनैपूर्णिमा परेकाले हामीले नुहाएर जनै फेर्ने र रक्षाबन्धन बाँध्ने काम खाजा खानुपूर्व नै सकेकाले विमूसिं मेरुको बैनीले रक्षाबन्धन बाँधेर अलिकति धागो छोराछोरीको लागि समेत छुट्याएर राख्ने काम भयो। बिहानको ८:३० बजे हामी हल्याण्ड (नेदरल्याण्ड) घुम्नका लागि प्रस्थान गर्‍यौँ। वीरेन्द्रजीले गाडी चलाउँदै हुनुहुन्थ्यो। सन्चो नहुँदा नहुँदै पनि उहाँले हामीलाई आफ्नै कारमा आफैले चलाएर घुमाउने दृढ अठोट गर्नुबाट हामीप्रतिको सद्भाव प्रस्ट देखिन्थ्यो।

***

# नेदरल्याण्डको बसाइ/घुमाइ

वीरेन्द्रजीले गाडीलाई सडकमा उदाएजस्तै गरी बाटाको बिचमा १५ मिनेटमात्र आराम गरी १०:३० बजे नेदरल्याण्डको प्रमुख शहर एम्स्ट्रडम पुग्यौँ। गाडी पार्किङ्को लागि अघिल्लो दिन नै बुकिङ भइसकेकाले पार्किङ गर्न खासै असजिलो भएन। फेरी चढेर पारि पुगेपछि मात्र शहर पुगिँदो रहेछ। फेरी चढेर पारिपट्टि गयौँ। खुला ठाउँ, जताततै मानिसको भीड, साइकलले सडक भरिएका, विशाल भवनहरू। व्यस्त बजार, खाइलाग्दा ज्यान भएका अग्ला र गाह्रो मानिसहरूको भीड, हामीजस्ता भुरे मानिस त्यसै हराएजस्तो हुने, नेदरल्याण्ड १२ प्रोमियन्समा विभाजित रहेछ। एम्स्ट्रडम र हेग प्रसिद्ध शहरहरू रहेछन्। ९०% भन्दा बढी नागरिकले इङ्ग्लिस बोल्न सक्ने रहेछन्। उनीहरूको मुख्य भाषा डच रहेछ। सन् २०२४ को तथ्याङ्कको आधारमा १८, ३४५, ६८३ जना जनसंख्या रहेछ। विश्वका ५ खुसी देशहरूमध्ये नेदरल्याण्ड पनि एक रहेछ। यहाँ सामाजिक सुरक्षाको व्यवस्था निकै राम्रो रहेछ। यस देशको मुद्रा युरो रहेछ। चीजको लागि यो विश्वप्रसिद्ध रहेछ। बुट्टेदार गाईहरू हुँदा रहेछन्।

खास गरेर हामीले एमस्टर्डम शहर घुम्ने काम गऱ्यौँ। क्यानलबाट घुम्ने व्यवस्था रहेछ। बाहिर सडकबाट पनि घुम्न सकिन्छ तर क्यानलबाट घुम्न

यो ठाउँ प्रसिद्ध छ बिचमा रहेको ठूलो नदी जसमा फेरीहरू चल्दा अत्यन्त सुन्दर देखिने रहेछ, चारैतिर घुमियो । सहरभित्र दरबार परिसर र अन्य प्रख्यात स्थानहरू घुम्ने काम भयो । त्यहाँको प्रख्यात आलुको परिकार खायौँ । साँच्चिकै स्वादिष्ट र आजसम्म नखाएको परिकारको स्वाद लिने अवसर मिल्यो । एउटा कपडा पसलमा कपडा किन वीरेन्द्रजीसँगै जाँदा त्यहाँ झुन्ड्याइराखेको पुरुषले लगाउने ज्याकेट देखेर छक्क परे । त्यो ज्याकेट यति ठूलो थियो कि त्यसको एउटा बाहुलाबाट म वारपार गर्न सक्छु अर्थात् छिर्न सक्छु जस्तो लाग्यो । घुम्दै गर्दा भोक पनि लाग्दै गएकाले आफ्नो गाडी पार्क गरेको ठाउँमा गएर घरबाट लगेका केही खानेकुरा खायौँ ।

दिउँसो ३:३० तिर हामी जर्मनतिर लाग्यौँ । २:३० घण्टाजतिको यात्रापछि हामी जर्मन छिर्‍यौँ । जर्मन छिरेर केही खाजा खायौँ । फेटाहरू खिच्यौँ र नजिकै रहेको शहर घुम्न थाल्यौँ । यत्तिकैमा वीरेन्द्रजीलाई घरबाट फोन आयो । उनको घरमा बहिनी र ज्वाइँ आउनुभएछ । आज बेलुका बस्न नमिल्ने भएकोले जसरी भए पनि एकपटक भेट्न पाए हुन्थ्यो, भन्नुहुन्छ भनेर विभूले फोन गरेकी रहिछन् । त्यसपछि हाम्रो आज राती जर्मन बसेर भोलि बेल्जियम फर्कने योजना भङ्ग भयो । केही बेर यताउता घुमेर घर पर्कने तर्खरमा लाग्यौँ । राती आठ बजेतिर घर पुग्यौँ । यस पटकको जर्मनयात्रा सोचेजस्तो हुन सकेन । जेजति घुम्न सकियो त्यसैमा चित्त बुझाउनुको विकल्प हामीसँग रहेन । हामीले हरेक ठाउँहरूमा युरोपका अरू देशहरूमा देखिएका जस्तै कुराहरू देख्न पाइयो । समय कम भएकोले त्यहाँका प्रख्यात स्थानहरू हेर्ने समय मिलाउन सकिएन ।

***

# बेल्जियमको बसाइ

अगस्त ८ र ९ तारेखमा बेल्जियमका केही महत्त्वपूर्ण स्थानहरू घुम्ने काम गरियो । बेल्जियम एक सम्पन्न राष्ट्रभित्र पर्दछ । यो देशमा फ्रेन्च, डच र जर्मन भाषा बोलिने रहेछ । सन् २०२४ को तथ्याङ्क अनुसार ११.८८ मिलियन जनसंख्या रहेको यो देश चक्लेट उत्पादन, हिरा काट्नेजस्ता कार्यमा विश्व प्रख्यात छ । यो देशका प्रायः सबै नागरिक अँग्रेजी बुझ्ने र बोल्न सक्नेछन् । युएईको हेड (मुख्य) कार्यालय यही देशमा रहेको छ । रोमन क्याथलिक अर्थ मान्नेको संख्या अत्यधिक रहेको छ । संसदीय व्यवस्था र राजाको व्यवस्था रहेको छ। यस देशका जनताको जीवनस्तर निकै राम्रो छ। कृषिका साथै व्यापार र म्यानुफ्याक्चरिङ यस देशमा मुख्य आयका स्रोत छन् ।

बेल्जियममा दुई दिन बस्दा हामी वीरेन्द्र मल्ल ठकुरी र विभूसिं मल्ल ठकुरीको घरमा बस्यौँ । उहाँहरूका विपुल मल्ल एक छोरा र आभा मल्ल एक छोरीसमेत हुनुहुन्छ । सभ्य र सम्पन्न परिवार अनि सुन्दर स्थानमा बनेको सुन्दर एवं भव्य घर रहेछ उहाँहरूको । सडकमा साइकल गुडेका देखिन्थे । ट्रामको संख्या अलि कम चलेको देखियो । पुलिसहरू लुकेर बस्ने, गलत गर्नेलाई समात्ने चलन नौलो लाग्यो । शहरमा ठूला र धेरै संख्यामा आधुनिक

भवनहरू देखिन्छन् तर पुराना कला संस्कृतिको पनि राम्रै जगेर्ना गरेका रहेछन् । बेल्जियममा बसोबास गर्ने नेपालीहरूको संख्या पनि राम्रै रहेछ । नागरिकहरूको सामाजिक सुरक्षाको राम्रो व्यवस्था रहेछ । वीरेन्द्रजीले १० अगस्तको बिहान हामीलाई ढुङ्गेधाराको जरुवा पानी खाने ठाउँमा घुम्न लैजानुभयो । बाटामा पर्ने अत्यन्त मनमोहक दृश्यहरूबाट आनन्द लिँदै रह्यौँ । हाम्रो गन्तव्य स्थल जरुवा पानीको धारा भएको स्थानमा पुग्यौँ । जङ्गलको बिचमा मूलबाट निस्केको पानी देख्दा नेपालको पहाडको याद आयो । धारो होचो भएकोले अँजुलीमा पानी लिएर दुई अँजुली पानी खाएँ । अत्यन्त मिठो तर धेरै चिसो । त्यसैले पिउने मन लाग्दालाग्दै बिरामी पर्ने डरले पिइनँ ।

हामी जङ्गलबाट गाडी पार्क गरेको स्थानमा गएर घरबाट लगेका केही खानेकुरा खान लाग्दा त्यतै घुमिरहेका सेता हाँसका एक हुल आएर हामीसँग खानेकुराको याचना गर्न थाले । हामीले आफूसँग भएको दियौँ तर उनीहरूले हामीलाई छोड्ने विचार गरेनन् । गाडी स्टार्ट गर्न थालेपछि छाडेर गए । हामी वीरेन्द्रजीको घर पुग्यौँ र केही हल्का खाना खाएर सबैसँग बिदा भयौँ । विभू नानीको अनुहार केही मलिन देखिन्थ्यो । सबैप्रति आभार प्रकट गर्दै विवेक र म बिदा भयौँ । वीरेन्द्रजीले रेल स्टेशनसम्म पुऱ्याइदिनुभयो । हामी उहाँसँग पनि बिदा भयौँ ।

हामी रेल चढेर वेल्जियमको राजधानी शहर ब्रसेल्सको भीड स्टेशनमा ओर्लियौँ । रेल स्टेशनमा अवस्थित लकरमा आफ्ना झोलाहरू राखेर हामी शहर घुम्न निस्कियौँ । हामीले राजभवन र अन्य केही प्रसिद्ध स्थलहरूको अवलोकन गर्ने तय गरेका छौँ । आधुनिक विशाल भवनहरूका साथै प्राचीन भवनहरूसमेत हाम्रा अगाडि देखा पर्दै छन् । प्राचीन कल्चर र संस्कृति झल्काउने चर्चहरू, अन्य संरचनाहरू हेर्दै हामी अगाडि बढिरहेका छौँ । बाटामा पर्ने ठूलो पार्कमा जताततै मानिस नै मानिस थिए । सबै जना आआफ्नो

तरिकाले आनन्द लिइरहेका थिए। त्यो पार्कको अगाडि सडक पार गरेपछि राजदरबार रहेछ। दरबार अगाडिको बगैँचा र खुला काम गरियो। भव्य र आकर्षक दरबार जुन धेरै पुरानो पनि थिएन र धेरै आधुनिक पनि। विशाल दरबारको तस्वीर लिइयो। अत्यन्त सुन्दर बगैँचाको आनन्द लिइयो। केही बेर त्यतै घुमघाम गरेर अर्को बाटो हुँदै पर्कने निर्णय भयो।

***

# युरो स्टारको यात्रा

आज साँझ ७:५० मा हामीले ब्रसल्स छोड्नु छ। युरो स्टार रेलबाट ७:५० मा हामी बेलायतको लागि प्रस्थान गर्नुपर्नेछ। त्यसैले हामीले केही खाना खाएर रेल स्टेशनतिरको बाटो पकड्ने विचार गऱ्यौँ। हामी रेल स्टेशनमा राखेका झोलाहरू लकरबाट झिकेर प्लेटफर्मतिर लाग्यौँ। समुद्रमुनिसमेत गुड्ने यो रेल निकै महँगो पर्दो रहेछ। विवेकले पहिले नै टिकट बुक गरिसकेकाले हामी सुरक्षा जाँच गर्नेतर्फ लाइनमा बस्यौँ। हवाई जहाज चढ्दा अपनाउने जस्तै गरी सबै सुरक्षा जाँच सकेर हामी रेल चढ्नेतिर लाग्यौँ। ७:५० मा रेल चल्न शुरू भयो। प्रतिघण्टा ३३४ देखि ३५० कि.मि. को रफ्तारमा रेल गुड्न थाल्यो। यो रेल युके, फ्रान्स, वेल्जियम, जर्मन, नेदरल्याण्ड जोडिँदो रहेछ। यो फ्रान्स र युकेबिच टनेल (ट्युव)बाट समुद्रमुनि चल्दो रहेछ। यो हाई स्पिडवाला रेल हो। समुद्रमुनि करिब ३५ मिनेटको यात्रा हुनेछ। यो यात्रा तय गरेर मध्य लण्डनको रेल स्टेशनमा पुग्दछ। यो ट्युब समुद्र सतहभन्दा ७५ मिटर तल निर्माण भएको छ। यो भरपर्दो र सुरक्षित छ। हवाइजहाजभन्दा छिटो यसबाट यात्रा हुने कुरा थाहा हुँदा अचम्म लाग्यो।

साँझ ९ बजे हामी सेन्ट्रल लण्डन उत्रियौँ। अर्को रेल चढेर केही यात्रा गरियो। त्यसपछि त्यो रेल पनि छोडेर ट्याक्सी चढेर रातको १०:३० बजे

हामी लण्डन स्थित आफ्नो घरमा पुगियो । यसपटकको हाम्रो युरोपयात्रा यसरी समाप्त भयो । अत्यन्त रमाइलो र शिक्षाप्रद यो यात्रा अविष्मरणीय रह्यो । विवेकले मलाई निकै जोखिमका साथ भ्रमण गराउने जुन अठोट गरे, त्यो निर्विघ्नका साथ सम्पन्न भयो । यसका लागि परमेश्वर र विवेकप्रति आभार प्रकट गर्दछु । जीवनमा यसरी एउटै ट्रिपमा छओटा युरोपको देशहरूको भ्रमण गर्ने मेरो कल्पना थिएन । आज यो कार्य सम्पन्न भएकोमा अत्यन्त प्रसन्न भएको छु ।

***

# एक्लै पार्क घुम्दाको क्षण

अगस्त १३, २०२५ को बिहान म एक्लै पार्क घुम्न निस्किएँ । सधैँजसो नाति बिहान र म सँगै घुम्ने गरेकोमा आज उसलाई अलि सन्चो पनि नभएकोले सुतिरहेको थियो । उसलाई उठाउन ठीक ठानिनँ । त्यसैले आज म एक्लै घुम्न निस्किएको छु । यद्यपि नाति धेरै कुरा गर्दैनथ्यो तैपनि किन हो आज एक्लो हुँदा नरमाइलो लागेको छ । नजिकैको सानो पार्क घुम्ने विचारले अगाडि बढेँ । पार्कभित्र प्रवेश गरेर देब्रेतिरबाट पार्क घुम्ने विचार आयो र त्यतैतिर लागेँ । हिँड्दै गर्दा कतैबाट ठूलै स्वरमा नबुझिने भाषामा कुरा गर्दै गरेको आवाज आउँछ । जति अगाडि बढ्छु त्यो आवाज नजिकिँदै गएको सुनिन्छ । चारैतिर हेर्न थालेँ । पार्कमा कोही पनि देखिनँ । मनमा एक प्रकारको डर पैदा भयो । पार्कको वरिपरि हरियाली थियो । केही बोटहरू र लहराहरूले ढाकेको थियो पर्खाललाई । बाक्लो झाडीजस्तै थियो त्यो पार्कको भित्तातिर । त्यतिकैमा मेरा आँखाहरूले झाडीभित्र मानिसका खुट्टाहरू देख्न पुग्छु । त्यसबारे राम्ररी जानकारी लिने जिज्ञासा जाग्दछ । अझ नजिक गएर हेर्ने प्रयास गरेँ । एक जना कालो वर्णको अजङ्गको मान्छे डरलाग्दो मुद्रामा कसैसित आक्रोशित भएर फोनबाट कुरा गर्दै गरेको रहेछ ।

त्यस्तो दृश्य देखेपछि मेरो मन अलि डरायो र त्यसपछि पार्कबाट बाहिरिएँ । एउटा सज्जन मानिसले त्यसरी झाडीभित्र लुकेर कुरा गर्नु आवश्यक पर्दैन । डरलाग्दो एवं आक्रोशित मुद्रामा कुरा गरेको देख्दा र मानिसका बोली र उसको हाउभाउ देख्दा त्यो मानिस निश्चय नै एकप्रकारको अपराधी हुनुपर्छ । आपराधिक कृयाकलापमा संलग्न भएकै हुनुपर्छ भन्ने लाग्यो । घरमा आएर छोराबुहारीसँग सबै कुरा बताउँदा उनीहरूले पनि असल मानिसले त्यस्तो गर्दैन भन्ने कुरामा हामी एकमत भयौँ । त्यस घटना घटेपछि तीन दिन म त्यस पार्कमा घुम्न गइनँ । त्यस्तो बदमास मानिस लामो समय एक ठाउँमा बस्दैन भन्ने सोच आयो । अर्को दिन बिहान घुम्न जाँदा मनमा केही सन्देह अवश्य थियो ! त्यो मानिस त्यतै छ कि ? भन्ने तर त्यहाँ पुगेर हेर्दा त्यो मानिस रहेनछ । ढुक्क भएर भोलिबाट घुम्न आउने निश्चय गरेँ । बिहान कहिले काहीँ अबेरसम्म, सुत्ने गर्छ त्यस्तो दिनबाहेक सधैँ हामी घुम्न जाने गर्दछौँ ।

***

# विनोदजीसँगको भेट

अगस्त १३ का दिन दिउँसो २:३० बजेतिर विनोद न्यौपानेज्यू र उहाँका ज्वाइँ विनोद चापागाईं जो भूगर्भविद् भएर नेपाल र अन्य ठाउँमा धेरै काम गर्नुभएको व्यक्ति हुनुहुँदो रहेछ। उहाँहरूसँग केही बेर बसेर घुम्न निस्कियौँ। विनोद न्यौपाने शिक्षक र साहित्यकार हुनुहुन्छ। नेपालमा रहँदा हामी सँगै काम गर्दथ्यौँ। अत्यन्त सरल, मृदुभाषी र सादा जीवनका धनी यहाँ सबैसँग मिल्ने र सकारात्मक सोच बोकेर हिँड्ने व्यक्तिका रूपमा सुपरिचित हुनुहुन्छ। उहाँका कृति र मेरा कृति साटासाट गरियो। साथै रहनुभएका विनोद चापागाईं आफ्नो विषयमा पारङ्गत हुनुका साथै आध्यात्मिक चिन्तक पनि हुनुहुँदो रहेछ। उहाँले वेद पुराण र पूर्वीय दर्शनसम्बन्धी अनेकौँ पुस्तक अध्ययन गर्नुको साथै पाश्चात्य साहित्य र धर्मको बारेमा पनि निकै दख्खल रहेछ। उहाँहरू सँगै बसेर एउटा कफी सपमा कफीको स्वादसँगै आध्यात्मिकका साथै जीवन र जगत्का बारेमा निकैबेर चर्चा गरियो। ईश्वर एक र सर्वव्यापक छन् भन्नेमा हाम्रो विचार मिल्यो। आत्मा मर्दैन र वर्तमान अवस्थामा नै महत्त्वपूर्ण अवस्था हो, भूत र भविष्यको बारेमा चिन्ता लिनु व्यर्थ छ, आज नै खुसी साथ बाँच्ने प्रयत्न गर्नु वेश हुन्छ भन्ने कुरामा हाम्रो निष्कर्ष रह्यो। अत्यन्त गहन विचार र सकारात्मक सोच बोकेका चापागाईंज्यू र विनोद न्यौपाने सरसँगको यो भेट

महत्त्वपूर्ण रह्‌यो भन्ने ठान्दछु। विदेशमा रहेर पनि नेपाल र नेपाली, भाषा साहित्य, धर्म र संस्कृतिका बारेमा गहिरो चासो रहेछ उहाँहरूसँग । राजनीतिमा भन्दा अरू नै विषयमा बढी जानकारी रहेछ र नेपालसँग निकट रहेको भावना स्पष्ट देखिन्छ। नेपालका केही सामाजिक संस्थाहरूलाई सकेको सहयोग पुऱ्याउँदै आएको कुरा उहाँहरूबाट सुन्न पाइयो ।

***

# एक वृद्धासँगको भेट

अगस्त १५ बिहान घुमेर फर्किंदा बाटामा बस कुर्दै गरेकी करिब ८०/९० वर्षकी वृद्ध महिलालाई देख्दा मेरो मनमा विभिन्न प्रश्नहरू उठ्न थाले । एक्लै लठ्ठीको सहारामा थरथर काँप्दै गरेका हातखुट्टा र घाउ नै घाउ भएका हाड र छालामात्रका पिँडुलाहरू देख्दा किन किन मलाई भावुक बनायो । चाउरी परेको अनुहार राम्ररी ठम्याउन पनि नसक्ने अवस्थामा रहेर पनि एक्लो र यस्तो दुःखमय जीवन देख्दा म भावुक बन्न पुगेँ । सम्पन्न र विकसित देशमा जन्मेर, जीवनमा अनेकौँ सङ्घर्ष गर्दै यस अवस्थामा आइपुगेकी यी मातालाई के कुराको कमीले सताएको छ ? यिनका पनि परिवार होलान्, सन्तान होलान्, घरसम्पत्ति होला तर आज उनीसँग कोही पनि साथमा छैन । देश विकसित भएर उनलाई के भयो ? सन्तान सम्पत्तिले उनलाई के गर्‍यो ? आखिर उनी एक्लै आफ्ना समस्यासँग जुध्न बाध्य छिन् । जीर्ण शरीर बोकेर लाचार भएर सबैको सामु उभिन उनलाई पनि मन थिएन होला । वृद्ध अवस्थामा आफूले हुर्काएका सन्तानको सम्झना आउँछ नै होला, सहयोगको आस लाग्छ नै होला तर कतैबाट पनि कुनै साथ सहयोग प्राप्त भएको देखिन्न । बिहे गर्ने, सन्तान जन्माउने र हुर्काउने काम केवल जीवनलाई अलमल्याउने कार्यमात्र रहेछ । अरूबाट केही प्राप्त गर्ने आशा राख्नुको कुनै अर्थ रहेनछ ।

सन्तान जन्माएर ठूलाठूला सपना देख्ने बाबुआमाहरू निश्चय नै भ्रममा हुनुहुन्छ । पानी र माया तलतिर बग्छ भन्ने कुरा बिर्सनुभएन । हरेक बाबुआमाले आफ्ना सन्तानलाई विशेष माया गर्छन् । तिनै सन्तानबाट असह्य पीडा दिँदा सहेर बस्न बाध्य छन् बाबुआमा । चराले हुर्केको गुँड र बाबुआमालाई छोडेजस्तै रहेछ परिवार । एक दिन सबैले छोडेर जाने हो । एक्लै समयसँग सम्झौता गर्न बाध्य हुँदो रहेछ मान्छे । समयको जित हुने र आफूले समयको निर्णय स्वीकार्नु पर्दो रहेछ बाध्य भएर । समय (काल) को निर्णय बारेमा चित्त नबुझेर उजुर गर्ने कुनै अदालत पनि रहेनछ । न्याय दिने न्यायाधीश रहेनछन् । चुपचापसँग बसेर निर्णय सुन्नुको कुनै विकल्प हुँदो रहेनछ । यिनै कल्पना गर्दैगर्दा ती वृद्धा कता गइछिन् थाहा भएन ।

***

# नौ वर्षे नाति बिहानको सोच

जन्मदिन मनाउने क्रममा केही सामानहरू किन्न वसन्ती बिहान र म बेक्सले भचे टाउन सिटीमा गयौँ । बिहानले आमासँग दश पौण्ड केही साथीहरूलाई बाँड्ने सामान किन्न भनेर मागेछ । सामान लिइसकेर पैसा तिर्ने बेलामा दश पौण्ड देऊ भनेर वसन्तीले माग्दा बिहानले उक्त पैसा नदिएर चुप लागेर बसेछ । केही बेरपछि उसले यो दश पौण्ड डेडीलाई उपहार दिन्छु भनेछ । (सबै नाति, नातिनीहरूले मलाई डेडी भन्ने गर्दछन्) "के किनदिने डेडीलाई ?" भनेर आमाले सोद्धा "डेडीसँग पैसा छैन, त्यसैले हामीले डेडीलाई सहयोग गर्नुपर्छ" भनेको सुन्दा आमा वसन्तीका आँखा रसाएछन् । उसले त्यो दश पौण्ड मेरो हातमा राख्दा मेरा पनि आँखा रसाए । उसमा मप्रति यस्तो भावना कसरी आयो । मैले त्यो दश पौण्ड उसैलाई फिर्ता दिने प्रयास गरेँ मानेन । मसँग भएको बीस पौण्ड डलर झिकेर दिने प्रयत्न गरेँ, त्यो पनि लिन मानेन । यस्ता उमेरका बालकहरूले प्रायः हजुरबासँग पैसा माग्ने गर्दछन् तर उसले माग्नुको साटो दिने कार्य गर्दा मन नछुने कुरै भएन । सबै नातिहरूमा यस्तै भावना आओस् भन्ने कामना गर्दछु ।

***

# जेन्डर रिभिल कार्यक्रममा सहभागिता

भानिज हरिकृष्ण उपाध्यायकी छोरी प्रतिभा उपाध्याय र ज्वाइँ राजेन्द्र नेपालले दिउँसो तीन बजेतिर उहाँहरूको निवासमा उपस्थितिका लागि हामी सबैलाई निमन्त्रणा गर्नुभयो। आज श्रीकृष्णजन्माष्टमीको दिन पनि हो। नातिनीज्वाइँको घरमा जान असजिलो लाग्दै ३:३० तिर उहाँहरूको निवासमा पुग्यौँ। हामीभन्दा पहिले केही व्यक्तिहरू आइसक्नुभएको रहेछ। पछि पनि आउने क्रम जारी नै रह्यो। श्रीकृष्णपूजाको भव्य तयारी रहेछ। सबैले श्रीकृष्ण र राधाको पूजाअर्चना गऱ्यौँ। सँगै रहेको एउटा टेबुलमा केही सामानहरू थिए। नातिनी र ज्वाइँ विशेष पोसाकमा शृङ्गारसहित प्रसन्न मुद्रामा हुनुहुन्थ्यो। मलाई अचम्म लाागिरहेको छ। श्रीकृष्णाष्टमीका दिन कृष्ण र राधाको पूजा अर्चना गर्न यसरी सजिइनुपर्ने खासै अवस्थामा नपर्नुपर्ने हो। फेरि यति धेरै मानिसको उपस्थितिको आवश्यकता नै किन ? यस्ता अनेकौँ प्रश्न मेरो मनमा उब्जिरहेका थिए।

केही नारीशक्तिहरू बढी सक्रिय भएर हँसाउने मनोरञ्जन गराउने खालका कार्यक्रमहरू गर्न थाल्नुभयो। प्रतिभा र राजलाई सेतो टिसर्ट लगाइयो। प्रतिभाकी जेठानी दिदीले एउटा प्लेटमा निलो र एउटा पिङ्क कलर बनाएर

ल्याउनुभयो। प्रतिभा र राजको आँखामा यही बाँधियो। उनीहरू दुवैको हत्केलामा पिङ्क कलर लगाएर एक अर्कामा अङ्कमाल गर्ने, अँगालो मार्ने कार्य गर्न लगाइयो। त्यसपछि उनीहरूको आँखाको पट्टि निकालियो। दुवै जनाको आँखा एक अर्काको टिसर्टमा पुग्यो। त्यहाँ लागेका आफ्ना हातका डोबहरू र त्यसको रङ्ग देखेर दङ्ग परे। मलाई भने उक्त रङ्को बारेमा केही पनि थाहा थिएन। सबैजना बधाई दिन थाले अचम्म लाग्यो। सँगै बस्ने एक जना, भर्खरै परिचित व्यक्तिसँग सोधेँ। उनले रङ्ले जेण्डर (लिङ्ग) छुट्याउँछ। निलो रङ्ले पुरुष (पुलिङ्ग) र पिङ्क रङ्ले नारी (अर्थात् स्त्रीलिङ्ग) जनाउँछ। त्यसैले प्रतिमा नानीको गर्भमा छोरी छन् भन्ने सङ्केत गरिएको हो। गर्भधारण भएको पाँच महिना पुगेपछि छोराछोरी के छ भनी छुट्याई जान्न चाहेमा सरकारले नजिकको आफन्तलाई उक्त जानकारी दिने व्यवस्था रहेछ। यसलाई जेण्डर रिभिल भनिने रहेछ। यो कुरालाई सार्वजनिक गर्ने यस्तै कार्यक्रम गर्ने चलन रहेको छ भनेर उनले भनेपछि म छक्क परेँ।

निम्ता मान्न आएका सबैले उपहारका साथ बधाई दिने कार्यक्रम बडो रमाइलोसँग भयो। उक्त कार्यक्रम सकिएपछि खानपिन कार्य शुरू भयो। विभिन्न प्रकारका स्वादिष्ट व्यञ्जनहरूको स्वाद लियौँ। थरीथरीका गफहरू भए। मेरो गफ थोरैसँग मात्र हुने गर्दथ्यो किनकि मैले धेरैलाई चिनेकै थिइनँ। यो कार्यक्रम मेरो लागि विल्कुलै नयाँ थियो। जीवनमा मानिस अन्त्य अवस्थासम्म पनि सिकिरहेकै हुन्छ भन्ने सुनिन्छ तर मैले यो अनुभव गर्दै छु। मेरा दिनहरू नयाँ कुराहरू सिक्न तत्पर छन्। सधैँ नयाँ कुरा सिक्ने अवसरको प्रतीक्षामा रहनेछु।

***

# बिहानको जन्मदिन

१७ अगस्त आज नाति बिहानको  जन्मदिन । आजबाट ऊ दश वर्षमा प्रवेश गर्दै छ। विवेकको घरमा ठाउँ कम हुन्छ कि भन्ने लागेर बिहानको मामाघर वेलिङमा जन्मदिन मनाउने विशेष कार्यक्रम तयार गरिएको रहेछ। आँगनमा पाल टाँगेर सजाइएको थियो। खाना बाहिर रेष्टुराँबाट ल्याइएको थियो। बिहानका साथीहरूको बाक्लो उपस्थिति थियो। साथै उनीहरूको बाबाममीहरू पनि आउनुभएको थियो। गोरा, काला र हाम्राजस्ता अनुहार मिश्रित थिए। ३ः३० बजेतिर केक काट्ने काम भयो। दिनेश कँडेलका परिवारले घरमै आएर बिहान १० बजेतिर उपहारसहित शुभकामना दिइसकेका थिए। बाँकी अरूहरूले उपहार र शुभकामना दिने कार्यक्रम गरियो। रमाइला खेलहरू देखाउने काम बिहानका साथीहरूबाट भयो। उपस्थित सबैजना खाने पिउने र खेल हेर्ने गरेर भरपुर आनन्द लिइरहेका थिए। स्वादिष्ट नेपाली खाना खान पाउँदा नेपालीहरू खुसी हुने नै भए साथै विदेशीहरू पनि खुसी देखिन्थे।

बिहानका साथीहरूलाई छुट्टाछुट्टै ब्यागमा राखेर उपहार पनि दिइएको थियो। यो अलि फरक चलन लाग्यो। साथीहरूलाई उपहार दिने चलन थाहा थियो तर आफूले पनि उपहार लिने चलन नौलो लाग्यो। आज दिनभर

सम्धीसम्धीनीसँगै बस्यौँ। धेरै कुराहरू गरियो। हामी सँगै बसेर बिहानको जन्मदिन मनाएको यो पहिलो पटक थियो। साह्रै रमाइलो लाग्यो र खुसी पनि। मैले चिनेका भन्दा नचिनेका धेरै मानिसहरूको उपस्थिति थियो। ठूलै जमघटका बिच सभ्य र भव्य तरिकाले बिहानको यो जन्मदिन सम्पन्न भएको थियो। यद्यपि म पूरै रातसम्म बस्न सकिनँ। मलाई विवेकले घर पुऱ्याइदियो। रातको चिसो बढ्दै जाँदा मलाई गाह्रो भयो। विवेक वसन्ती र बिहान कति बेला घर आए मलाई थाहा भएन। बिहान धेरै खुसी देखिन्थ्यो। विवेक र वसन्तीमा जिम्मेवारीको झलक देखिन्थ्यो। बाँकी सबै खुसीका साथ रमाइरहेका थिए। वसन्तीका बहिनी र ज्वाइँहरू पनि कतै त्रुटि नहोस् भनेर सजग देखिन्थे। दिनभरि सँगै बसेर सम्धी र सम्धिनीसँग कुराकानी गरेको यो पहिलो दिन थियो। दिनभरिका गतिविधिलाई समेटेर मेरो आजको रात सँगै रहनको लागि तयार भइसकेको छ।




***

# कँडेलको घरमा थकाली भान्सा

दिनेश कँडेललाई म नेपालमा रहँदादेखि चिन्दछु। उनी पारखी र सौखिन व्यक्ति हुन्। उनी अरूभन्दा केही फरक गर्न रुचाउँछन्। त्यो कुरा मलाई पहिलेदेखि नै थाहा छ। २१ अगस्तको दिन आज हल्का बादल लागेको छ। दिनेश र विपनाले हामीलाई दिउँसोको खाना (लन्च) का लागि बोलाएका छन्। हुन त विवेक र उनीहरूको कहिले कता खाने टुङ्गो हुँदैन तैपनि म आएकोले मेरो निम्ति यो व्यवस्था गरेको हो भन्ने लाग्दछ। ऋतुजी, अनिजीका र सृजनाजीको उपस्थिति थियो। हामी सबै जम्मा भएपछि खाना खाने व्यवस्था भयो। फराकिलो र आकर्षक भान्साको सँगै रहेको ठूलो र फराकिलो भव्य आधुनिक टेबुलकुर्सीले सजाएको ठाउँमा हाम्रो आसनग्रहण भयो। नेपालका स्तरीय थकाली भान्साघरमा जस्तै सजिएका ठूला चरेसका थालहरूमा विभिन्न परिकारहरू हाम्रा अगाडि आउँदा मलाई नेपालको कुनै थकाली भान्छाघरमा खान बसेको जस्तो लाग्यो। एकछिन अलमलमा परेँ। पछि याद आयो यो त लण्डनमा रहेको कँडेलको थकाली भान्छा घर पो रहेछ।

सबै जनाले गफ गर्दै थप्दै खाना खायौँ। दिनेशजीले बैठक कोठा भनौँ या कार्यकक्ष कोठा भनौँ त्यता बसेर केही बेर गफ गरेर घर फर्किने तयार गर्दै गर्दा विपना नानीले दूधवरी र रसवरी लिएर आउनुभयो। ब्राह्मणको जिभ्रोले यस्ता परिकार छोड्ने कुरै भएन। सकारात्मक सोच भएका निदेश र विपनाको व्यवहार अत्यन्त स्मरणीय रह्यो।

***

# ऋतु वन्तजीको घरमा साँझको भेटघाट

ऋतु वन्त र अङ्किता वन्तबाट आज साँझ भेटघाट कार्यक्रम राख्नुभएको रहेछ। साँझ ७ बजेतिर हाम्रो परिवार उहाँहरूको घरमा पुग्यौँ। सुन्दर ठाउँमा रहेको राम्रो घर सानो दुई जनाको परिवारमा एक जना छिटै थपिने क्रममा रहेको छ। अनिकालाई काम गर्न सहज अवस्था नभए पनि दुवै जनाले मिलेर हामीलाई खानपिन गराउने व्यवस्था मिलाएको रहेछ। दिनेशजीको परिवार, हाम्रो परिवार र ऋतुजीको परिवार जम्मा भइयो। रमाइला गफहरू गर्दै रह्यौँ। बिहान, विविध भानी खेल्न अर्कै कोठामा व्यस्त रहे। ऋतुजी हँसाउने खालको गफ गर्न सिपालु हुनुहुन्छ। सबैजना सँगै बसेर खाने प्रबन्ध मिलाइयो। विशेष प्रकारले तयार गरिएको माछा निकै स्वादिष्ट रह्यो। विवेक, दिनेश, ऋतु र राजु पुराना र नजिकका साथी हुन्। हाल राजु नेपालतिर व्यस्त रहेकाले तीन जनाको यो समूह सदाबहार छ।

खाना खाइसकेर विभिन्न प्रकारका गफहरू गरियो। मुख मिठा गर्ने चलनबारे चर्चा गरियो। अनिका र ऋतुलाई शुभकामना दिँदै धन्यवादका साथ बिदा भएर घरतिर लागियो। रातको १० बजे घर पुगियो। यो प्रेम र सद्भाव सधैँ रहोस्।

***

# विवाहको भोजमा सरिक

आज कुशेऔँसी अर्थात् बाबुको मुख हेर्ने दिन, नेपालबाट छोरी श्रद्धाले क्यानडाबाट जेठो छोरा उत्तमले फोनमार्फत मुख हेर्ने कार्य गरे। बेलायतमा कान्छो छोरा विवेक र बुहारी वसन्ती अनि नाति बिहानद्वारा समेत मुख हेर्ने कार्य गरियो। १० बजेतिर वसन्तीको काकाको छोराको बिहे भोजका लागि वेलिङ हुँदै गयौँ। वेलिङमा वसन्तीको बुवा बस्नुहुन्छ। वसन्तीले बुवाको मुख हेरिन्। हामी सबैजना बिहेको भोज खान होटल इनतिर लाग्यौँ। करिब दुई घण्टाको यात्रापछि होटेलमा पुगियो। विवेकले चलाएको गाडीमा वसन्ती, बिहान, दिपिका र म थियौँ, सम्धी, सम्धिनी, खुसी र ज्वाइँ अर्को गाडीमा हुनुहुन्थ्यो– बढो भव्यसँग सजाइएको बेलायतको होटेलमा बिहेभोज खाने यो पहिलो अवसर थियो मेरा लागि।

वसन्तीको काकाको जेठो छोरा सुजनले ताइवानी केटीसँग बिहे गरेको उपलक्ष्यमा यो भोजको आयोजना गरिएको रहेछ। सुन्दर जोडीलाई बधाई भन्न पाउँदा अत्यन्त खुसी लाग्यो। हाम्रो पारिवारिक सम्बन्धले अन्तर्राष्ट्रिय स्तरको मान्यता प्राप्त गर्न सक्यो। नेपाल, बेलायत र ताइवानबिच पारिवारिक सम्बन्ध स्थापित भएको छ। हामी सम्धीहरू र सम्धिनीसँगै केही ज्येष्ठ नागरिकहरू एउटै टेबलको वरिपरि बसेका थियौँ। हामीलाई खाने पिउने वस्तुहरू बसेकै

ठाउँमा ल्याइदिने गर्दथे । मैले के कस्ता खानेकुरा खान्छु भन्ने कुरा वसन्तीलाई सबै थाहा थियो, त्यसैले मेरो लागि उनैले खानेकुरा ल्याइदिने गर्दथिन् ।

सङ्गीतमय वातावरण थियो हलमा। सबै नेपाली खानाहरू राखिएका थिए। केही विदेशी खाना पनि थिए। अधिकांश मानिसहरू नेपाली थिए। बढो उल्लासपूर्ण वातावरण थियो। दुलाहा र दुलहीलाई भेट्ने, उपहार र शुभकामना दिने अनि फोटा खिच्नेहरूको भीड नै थियो। एक अर्कामा नमस्ते गर्ने, हात मिलाउने, परिचय गर्ने जस्ता कार्य पनि भइरहेको थियो। वसन्तीका काकाकाकी र भाइहरूसँग मेरो पहिल्यैदेखि नै चिनजान थियो र यहाँ पनि कुराकानी भयो । उहाँहरूको परिवार अत्यन्त सुन्दर र व्यावहारिक छ । धेरै जनासँग मेरो परिचय गराइयो । सबैजनासँग भेटघाट र कुराकानी गर्न पाउँदा धेरै खुसी लाग्यो । विभिन्न प्रकारका स्वादिष्ट खानाहरू खाँदै रमाइलो हेर्दै गर्दा समय बितेको पत्तै भएन। दिउँसो दुई बजेबाट राती आठ बजेसम्म एउटै कुर्सीमा बस्दा अलि पट्यार लाग्ने नै भयो तर पनि आजको दिन बढो रमाइलोसँग बितेको ठान्दछु। आठ बजे हामी घर फर्कियौँ। राती सडक खुल्ला हुने भएकोले एक/दुई घण्टामा घर पुगियो ।

***

# मनोज भट्टको घर पुग्दा

काठमाडौँको गुह्येश्वरी पारी घर भएका मनोज भट्ट धेरै वर्षदेखि लण्डनमा बस्दै आएका छन् । उनका एक श्रीमती र दुई छोराहरू छन् । उनले मलाई घरमा ल्याइदिन विवेकलाई पनि भनेका रहेछन् । मलाई पनि पटकपटक भनेका थिए । आज अगस्त २४ तारेखका दिन दिउँसो दुई बजे उनको घर जाने साइत जुर्‍यो । विवेक, बिहान र म उनको घर पुग्यौँ । विगत दुई वर्षदेखि बिरामी भई काममा जान नसकेका रहेछन् । उनकी श्रीमती पनि बाबु सानै भएकोले कतै काममा जान सक्ने अवस्था रहेनछ । यसरी दुवै जना घरमै बस्नुपर्दा केही अप्ठेरो पर्ने नै भयो । नेपालमा भए घरको चुलो जल्न नै मुस्किल पर्दथ्यो तर बेलायतको कानुनले संरक्षण गर्दो रहेछ । सबै जना राम्ररी बसेको पाइयो । सबैजना खुसी नै देखियो ।

मनोजको जेठो छोरा र बिहान बल खेल्न घर बाहिर गए । एकैछिन खेलेर घर आए । हामी सबै व्यावहारिक गफ गर्दै थियौँ । श्रीमती भट्टजी खाजा तयार गर्दै हुनुहुन्छ । बेलायत सरकारले आफ्ना नागरिकहरूलाई सधैँ संरक्षण गर्दो रहेछ । नागरिकलाई अप्ठेरो परेको वेलामा अभिभावकको जस्तै भूमिका निर्वाह गर्दो रहेछ । सरकारबाट नागरिकले यसरी सुविधा पाएको देख्दा हामी विचारा नेपालीले यो सुविधा कहिले पाउलान् भन्ने लाग्छ ।

***

# इटालीको यात्रा

इटाली युरोपको एक शक्तिशाली र प्रख्यात देश हो। यो देश क्यारेभियन सागरको तटमा लाम्चो आकारमा अवस्थित छ। रोम यो देशको राजधानी शहर हो। ऐतिहासिक कला र संस्कृतिले प्रख्यात शहर हो रोम। सन् २०२४ मा विश्व बैंकबाट उपलब्ध तथ्याङ्क अनुसार इटालीको कुल जनसंख्या ५८:९९ मिलियन रहेको छ। इटाली यस देशको मुख्य भाषा भए तापनि अँग्रेजी धेरैले लेखपढ गर्न र बोल्न सक्दछन्। यस देशको खानामा पीजा र पास्ता प्रसिद्ध छ। यस देशका तीन ठूला शहर रोम, भेनिस र फ्लोरिन्स हुन्।

इटालीको राजधानी शहर र अन्य शहरको समेत भ्रमण गर्ने उद्देश्यले विवेक र वसन्तीले योजना अनुसार गरेछन्। साथमा बिहान र मलाई पनि लाने योजना अनुरूप २६ अगस्त २०२५ बिहान ६:३० बजे हामी इटालीका लागि घरबाट प्रस्थान गर्दछौँ। रोम जाने हवाई जहाज चढ्नका लागि Get Wich विमानस्थलमा ट्याक्सी लिएर गयौँ। एयरपोर्ट (विमानस्थल) मा पुगेर मेरो बोर्डिङपास लिन विवेक र पास लिने ठाउँमा गई लाइनमा बस्यौँ। विवेक, वसन्ती र बिहानको बोर्डिङ पास अनलाइनबाट लिइसकेको रहेछ। मेरो पास लिएर वसन्ती र बिहान बसेको ठाउँमा गयौँ। एक तलामाथि चढेर सुरक्षा जाँच गर्ने ठाउँको लाइनमा बस्यौँ। सबै जाँच सकेर जहाज चढ्ने ढोका नम्बरको पर्खाइमा बस्यौँ। ९ बजे ढोका नम्बर निक्लियो। १४ नम्बर

ढोकाको बाहिर पर्खिने ठाउँमा पुग्यौं र पासपोर्टहरू चेक गरायौं। हामी ३ नं. जोनमा परेकाले आफ्नो पालामा बोलाएपछि जहाजभित्र प्रवेश गर्‍यौं। जहाज ९:४५ मा उड्नुपर्ने तर एक घण्टा ढिला गरी उड्यो तर पनि ठीक समय दुई घण्टामा इटालीको राजधानी रोममा ओर्लियौं। बस चढाएर चेकिङ गर्न अर्को ठाउँमा लागियो। सबै जाँच सकेर बाहिर आएर ट्याक्सी खोज्दा सरकारी ट्याक्सीमात्र पाइने रहेछ। लामो लाइनमा बसेर ट्याक्सी चढ्यौं। अगाडि नै बुक गरिराखेको एपार्टमेन्टमा पुग्यौं।

भवनमा कोही पनि मानिस रहेनछन्। गुगलको सहायताले साँचो पत्ता लगाई मूल ढोका खोल्ने काम भयो। भित्र अर्को ढोका र लिफ्ट पनि गुगलको मद्दतले खोल्न सफल भइयो। लिफ्ट चढेर चौथो तलामा पुगियो तर भित्र छिर्ने ढोका पनि बन्द छ। गुगलले गाँठो फुकाउन मद्दत गर्‍यो र ढोका खोली भित्र प्रवेश गरियो। कपडा फेरेर, सबै झोलाहरू राखी, पहिले नै टिकट लिइसकेको ठाउँ कोलोसियम (Colosseum) स्टेडियम हेर्न पुनः ट्याक्सी चढेर त्यसतर्फ लाग्यौं।

***

# कोलोसियमको अवलोकन

तत्कालीन रोमका बादशाहको सक्रियतामा बनेको यस थियटर कलात्मक र ऐतिहासिक धरोहरको रूपमा उभिएको छ। AD- 72 देखि बनाउन शुरू गरेर ८० मा पूर्ण भएको हो। यो विश्वको सबैभन्दा ठूलो थियटर/स्टेडियम हो। यसको निर्माण गर्न हजारौँ दास र कैदीहरूलाई प्रयोग गरिएको थियो।

रोमका प्राविधिक इन्जियनर र कलाकारहरूको योगदानबाट यो बन्न सम्भव भएको हो। ५० हजारभन्दा बढी दर्शक अटाउने यस थियटरमा तत्कालीन खेलहरू जस्तै कुस्ती खेल्ने, साहसी प्रदर्शन गर्ने, जनावरहरूको प्रदर्शन गर्नेजस्ता विविध कार्यक्रमहरू हुने गर्दथे। जनताहरूको सभा, भेलाहरू पनि हुने गर्दथे। यसको कुल लम्बाइ १८८ मिटर रहेको छ भने १५६ मिटर फराकिलो रहेको छ। यसको उचाइ ५७ मिटर रहेको छ। यसको निर्माण कसरी भयो अचम्म लाग्छ। ठूलाठूला ढुङ्गाहरू र ब्लकहरूलाई ५७ मिटर अग्लो ठाउँमा कसरी पुऱ्याइयो होला। आजको जस्तो उपकरणहरू त्यतिवेला पक्कै पनि उपलब्ध थिएन होला। सिमेन्टको पनि आविष्कार भएको थिएन होला। गारोको मोटाइ र त्यसमा कुदिएका कलात्मक मूर्तिहरू अनि आकर्षक सजावट देख्दा अचम्म नमान्ने मानिस बिरलै पाइएला।

अण्डर ग्राउण्ड संरचनाका साथै दुई तला माथिसम्म चढेर चारैतिर घुम्यौँ। भित्तामा राखिएका तस्वीरहरू, मूर्तिहरू र जानकारी मूलक लेख र सूचनाहरू



पढ्ने र फोटाहरू लिने काम गर्‍यौं । प्राचीन कला र संस्कृति, अनि सीपको नमुना रहेको छ यो थिएटर । घुम्दै गर्दा थकाइ भोक र प्यासले दुःख दिन थाल्यो । थकाइ मार्दै भोक र प्यास मेटाउने कार्य गरियो । दुईतलासम्म घुम्ने अवसर पाइयो । मानिसहरूको जताततै भीड छ । कडा सुरक्षा र व्यवस्थापन रहेको छ । भूकम्पजस्तो दैवीप्रकोपले पटकपटक दुःख दिँदा केही भागबाहेक सबै सुरक्षित रहेको छ। ठाउँठाउँमा मर्मत गरेका पनि देखिन्छन् । सफा त छँदै छ । माथि जानको लागि लिफ्ट र भऱ्याङको व्यवस्था थियो तर हामीले भऱ्याङबाटै तलमाथि गर्ने आँट लियौं । एक प्रकारको साहसी यात्रा नै रह्यो । धेरै बेर घुमेर फोटाहरू खिच्ने काम सकेपछि कम्पाउण्ड वरिपरि रहेका अन्य स्मारक र भग्नावेशषहरू हेर्ने काम गरियो । कम्पाउण्ड बाहिर निस्कँदै गर्दा ससाना उपहारका वस्तुहरू बिक्री गर्नेको भीड नै हुँदो रहेछ । बुहारीले केही सामानहरू किनिन् । बिहानले केही खेलौनाहरू किन्यो । साँझपख

भइसकेकोले वासस्थानतर्फ जाने तरखरमा लागियो। गुगलबाट बाटो र कति समय लाग्ने भन्ने खोजी गरियो। करिब चार घण्टाको यो ऐतिहासिक स्थलको अवलोकनलाई यही बिट मार्ने काम भयो। वासस्थान पुग्न हिँडेर छत्तीस मिनेटमात्र लाग्ने बाटो फेला परेकाले हिँडेरै जाने निर्णय गरियो। बाटामा खाने ठाउँ पनि बुझ्दै गयौँ र एक ठाउँमा उपयुक्त लागेर बेलुकाको खाना खायौँ। यसरी बाटामा हिँड्दै गर्दा शहर र अन्य वस्तुको अवलोकन गर्ने अवसर पनि मिल्यो।

***

# भ्याटिकन सिटीको भ्रमण

अगस्त २७ को दिन बिहान ९ बजे हामी ४ जना ट्याक्सीको मद्दतले सिटी एउटा छुट्टै स्वतन्त्र राज्य जो इटालीको ठूलो र राजधानी शहर रोमको बिचमा छ। केवल ४४ हेक्टर भूभाग ओगटेको यो देश विश्वको सबैभन्दा सानो देश हो। सन् १९२९ यसको स्थापना भएको हो। यो देश जनसंख्याको हिसाबले पनि विश्वको सबैभन्दा थोरै ८४२ जना रहेको छ। रोमन क्याथोलिक चर्चको प्रधान कार्यालय रहेको यस देशको मुख्य प्रशासक धर्मगुरु पोप रहने व्यवस्था छ। राजधानी भ्याटिकन सिटी हो र मुद्रा युरो रहेको छ। यस देशमा अफिसियल रूपमा इटालियन र ल्याटिन भाषा प्रयोगमा छन्। यस देशको चारैतिर इटाली रहेको र यसको सुरक्षाको जिम्मा पनि इटालीले नै लिएको छ। धर्मगुरुको सुरक्षाको लागि एक सय पैंतीस जना सुरक्षा गार्डका रूपमा सैनिक रहेका छन्। यहाँको धर्म इसाई हो। यो देशमा जन्मेको आधारमा नागरिकता पाइँदैन। सेवाको आधारमा नागरिकता दिने गरिन्छ। यो देश संयुक्त राष्ट्र संघको सदस्य छैन। इटालीमा प्रवेश गरेका सबैले यो देशको भ्रमण पाउँछन्, छुट्टै भीसा चाहिँदैन। पर्यटकहरूबाट लिएको प्रवेश शुल्क, दान, उपहार र इटालीले उठाएर दिने कर नै यस देशको आयस्रोत हो। यसको कुनै व्यवसाय र आय छैन। यस देशमा अपराध धेरै हुन्छ जुन रोमको अदालतले हेर्ने गर्छ।

धेरै बेर भ्याटिकन सिटी हेरेपछि फोटाहरू खिचेर हामी अन्य महत्त्वपूर्ण ठाउँ हेर्न निस्कियौँ। विश्वको दोस्रो ठूलो यो भ्याटिकन सिटीमा रहेको गिर्जाघर जसको भव्य र आकर्षकताले हामीलाई नछोडे तापनि अन्य महत्त्वपूर्ण स्थलहरूको अवलोकन गर्ने हाम्रो कार्यतालिका रहेको थियो। भ्याटिनकन सिटीको सुन्दरतालाई मनमा राखेर नचाहँदा नचाहँदै यो देशलाई छोड्न बाध्य भयौँ।

रोम शहरका भित्री सडकहरू जहाँ टल्कने ईटा छापेका छन्, दायाँबायाँका रेष्टुराँहरूको बाहिरपट्टि खाना खाँदै गरेका दृश्यहरू छरिएर रहेका छन्। अग्ला र विशाल इतिहास बोकेका भवनहरू ठडिएर रहेका छन्। पुराना तर नयाँभन्दा बलिया र कलात्मक पाँच/छ तले भवनहरूले रोमलाई परिचय गराइरहेका छन्– मोटामोटा पर्खाल र गारोले निर्माण भएका संरचनाहरू। काठ र सीसाले बनाइएका अग्ला, बाक्ला ढोका र झ्यालहरू र टायलले छाएका अग्ला बलिया भवनहरू देखेर आफ्नो देशको तस्वीर दाजिन अगाडि आइपुग्छ। सडकको चोक र खाली ठाउँहरूमा राखिएका विभिन्न प्रकारका सालिक स्तम्भ र अन्य संरचनाहरू देख्दा शहर सिङ्गै पुरातात्त्विक सङ्ग्रहालयजस्तो लाग्दछ। सडकमा प्रहरीको उपस्थिति कम देखिन्छ। सडक पार गर्ने ठाउँको सदुपयोग राम्ररी भएको देखिएन। यसरी शहरको अवलोकन गर्दै केही विशेष ठाउँहरूको पनि अवलोकन गर्ने कार्य भयो।

Castel-Sant' Angelo (क्यास्टल सेन्ट एन्जेलो) को रोमन बादशाहले आफ्नो परिवारको सुरक्षा हिसाबले बनाएको र पछि क्यासल (किल्ला)को रूपमा प्रयोग भएको रहेछ। हाल म्युजियमको रूपमा प्रयोग भएको छ।

पिजा नोभोना (PIAZZA) यो एक प्राचीन रङ्गशाला रहेछ। यो हेर्दा भव्य छ। यसको वरिपरि कृतिम झर्नाहरू छन्। पर्यटकको भीड हुने रहेछ।

प्यान्थन (Pantheon) यसलाई सबै देवताको मन्दिरको नाम दिइएको रहेछ। खास गरेर त्यस बेला इटाली, फ्रान्स, अमेरिकाजस्ता देशहरूले मान्ने गरेको आआफ्ना आस्थाका देवताहरूको साझा स्थलको रूपमा लिइएको रहेछ।

यसरी आजको दिन रोम शहर र त्यसमा रहेका केही महत्त्वपूर्ण स्थलहरूको अवलोकन गरियो। रोम शहरको बारेमा पुस्तकहरूमा पढिएको थियो तर आज प्रत्यक्ष हेर्न पाउँदा मन अत्यन्त प्रसन्न भएको छ।



*भ्याटिकन सिटी दरबार*

***

# लेनिङ टावरको यात्रा

२८ अगस्त बिहान ६:१२ मा इटालीको पिसा भन्ने शहरका लागि रेल चढियो। करिब चार घण्टाको यात्रापछि हामी पीसा शहरमा पुग्यौं। रेलमा बस्दा केही खाजाहरू खाँदै गरेका थियौं तैपनि रेलबाट झरेर केही खाजाहरू खायौं। हामी यस शहरमा आउनुको मुख्य उद्देश्य लेनिङ टावर हेर्नु रहेको छ। इटालीको पिसा शहर यही लेनिङ टावरको कारणले प्रख्यात छ। हामी शहरको बिच हुँदै शहर हेर्दै हिँडेर उक्त टावर भएको स्थानतिर लाग्यौं। बाटादेखि नै मानिसको भीड रहेछ। टाढैबाट लेनिङ टावर देखियो। मानिसहरू फोटो लिन थाले। हामी टावरको नजिक पुगेर यताउता घुम्दै फोटाहरू लिन थाल्यौं। वरिपरि हरियो चौर। चौरमा हिँड्न रोक लगाएकोले अत्यन्त सफा र राम्रो थियो। टावर रहेको परिसरमा अन्य सार्वजनिक भवनहरू र चर्चसमेत थिए।

लेनिङ टावर सन् ११७३ मा बन्न शुरू भएको र सन् १३७२ मा बनेर सकिएको रहेछ। २९४ सिँडी भएको यो टावर चार डिग्री ढल्केको अवस्थामा रहेको छ। यस टावरलाई विश्वको सातौं आश्चर्यको रूपमा पनि लिने गरेको रहेछ। टावर हेर्न विश्वका पर्यटकहरूको ओइरो लाग्दो रहेछ। शहरको बिच भागमा अवस्थित यो टावरले इटालीलाई चिनाउन र पर्यटन उद्योग मार्फत आयआर्जन गर्न ठूलो टेवा पुऱ्याएको छ। टावरको चारैतिर घुम्यौं। सिँडी चढेर टावरको माथिसम्म पुग्न आँट पुगेन त्यसैले चढिएन। विवेकलाई चढ्ने

भए चढ्न भनेको उसले पनि खासै चासो देखाएन। थरीथरीका फोटाहरू लिएर हामी त्यताबाट छुट्टियौँ ।

पेटमा मुसा दौडिन थालेकाले खाना खाने ठाउँ खोज्दै शहरतिर लाग्यौँ । गल्लीका दुवैतिर खाना खानेहरूको भीड थियो । सडकै किनारामा बसेर खाना खाने चलन युरोपमा जततातै पाइन्छ। त्यो रोग यहाँ पनि रहेछ। गुगलबाट खोजेर राम्रो खाना खाने ठाउँ पत्ता लगाएर त्यही ठाउँमा पुग्यौँ । नाम लेखाएर लाइनमा पर्खनुपर्ने व्यवस्था रहेछ । ठाउँ साँगुरो मानिसको भीड । हाम्रो पालो आयो। खाना खायौँ। कतै ग्राहकको यस्तो भीड देखियो भने कतै खाली रहेको पनि देखियो । सायद विक्रेताको व्यवहार र खानाको गुणस्तर र स्वादको



कारणले यस्तो भएको हुन सक्छ । प्रायः सबैतिर उस्तैउस्तै खाना पाइन्छ तैपनि कुनै ठाउँमा बढी र कतै कमी हुनुमा विज्ञापन र विक्रेताको व्यवहारले यस्तो भएको हुन सक्छ । खाना खाएर शहर घुम्दै गयौँ । गर्मी धेरै भएकाले सबैलाई पानी प्यास लाग्दै गयो । एउटा स्टोरबाट ठूलो दुई बोतल पानी किनेर पिउँदै हिँडियो ।

बिस्तारै रेल स्टेशना गयौँ र अर्को रेल चढेर फ्लोरेन्स (Florance) भन्ने अर्को शहरमा गयौँ । दुई घण्टाजति उक्त शहरमा घुमेर पुनः रोम जाने एक्सप्रेस रेल चढेर राती ८ः३० बजे रोम पुग्यौँ । १५ मिनेटजति हिँडेर वासस्थान पुग्यौँ । बेलुकाको खाना आफै बनाएर घरमै खाइयो । दिनभरिको घुमाइले गर्दा अलि बढी नै थाकिएछ । निद्रा राम्ररी लाग्यो । बिहान उठेर नित्यकर्म सकेर खाना खाने काम गऱ्यौँ । आज १० बजे हामीले कोठा छाड्नुपर्नेछ । चार रात बसेको यो घरले दुईवटा सुत्ने कोठा, भान्सा, खाने ठाउँ र वाथरुमको सुविधा उपलब्ध गराई सकुशल बिदा गर्दै छ । हल्का खाजा तयार गरिन् वसन्तीले । खाजा खायौँ र आफ्ना गुन्टा कसेर तयार भयौँ । यतिकैमा एकजना युवा आएर ढोकाबाट सङ्केत दिए । त्यसपछि हामी वासस्थानलाई धन्यवाद दिँदै कोठाबाट बाहिरियौँ । सफाइका लागि उक्त व्यक्ति उपस्थित भएका रहेछन् । साँचो जिम्मा लगाई लिफ्टबाट तल झऱ्यौँ ।

बिहानको समय हिँडेरै रेल स्टेशनसम्म जाने निर्णय लियौँ । करिब १५ मिनेट हिँडेर रेल स्टेशनमा पुग्यौँ । टिकटको व्यवस्था मिलाएर नेपाली खाना पाइने रेष्टुराँतिर लाग्यौँ । करिब २० मिनेटजति हिँडेर उक्त रेष्टुराँमा पुग्यौँ । प्रवेशद्वारमा नेपाली तरिकाले तामाको गाग्री दुईतिर राखेको देख्दा खुसी लाग्यो । भित्र गई कुरा बुझ्यौँ पोखराका दुई बहिनीले चलाएका रहेछन् । नेपाली सादा खाना खाइयो । थकाली भान्साघरजस्तै रहेछ । नेपालीबाहेक विदेशीहरू पनि खाना खाइरहेका थिए । धेरै दिनदेखिको भोक आज मेटियो

जस्तो लाग्यो। पुनः रेल स्टेशन फर्कियौँ। बाटामा पर्ने दृश्यहरूले आनन्द दिइरहेकै थिए। तीन बजे रेल चढेर दुई स्टप पछाडि अर्को रेल चढेर एयरपोर्ट (विमानस्थल) पुग्यौँ। विमानस्थलमा सबै प्रक्रिया पूरा गरेर साँझ ७:३० मा रोम छोड्यौँ। रोमको यो विमानस्थल ज्यादै व्यस्त रहेछ। व्यवस्थित भएकोले खासै असजिलो भएन। सबै काममा विवेकले सहयोग गरेकोले मलाई कुनै समस्या परेन। राती ९:२० मा लण्डनको गेटविक्स (Get Wicks) विमानस्थलमा पर्खिरहेको ट्याक्सी, जसलाई पहिले नै बुक गरिएको थियो, चढेर घरको बाटो सोझ्यायौँ। राती ११:४५ मा घर पुग्यौँ। यो पारिवारिक यात्रा यहीँ समाप्त भयो। यो यात्राभरि नाति बिहानले मेरो हातलाई कमै समयमात्र छोड्यो। विवेक र वसन्ती अगाडि हिँड्दा उनीहरूको गतिलाई नियन्त्रण गर्ने काम पनि बिहानले नै गर्दथ्यो। मलाई सम्हाल्ने प्रयास पनि गर्दथ्यो, धन्यवाद छ नाति बिहानलाई।

समग्रमा इटालीको यात्रा ज्यादै रमाइलो शिक्षाप्रद र अविष्मरणीय रह्यो। पारिवारिक वातावरणमा यात्रा गर्दाको आनन्द कस्तो हुँदो रहेछ भन्ने अनुभव प्राप्त गर्ने अवसर पनि मिल्यो। यस अवसरलाई सुखद क्षणको रूपमा लिनु वेश होला।

***

# आरु र अङ्गुर टिप्दै खाँदै

३१ अगस्तका दिन दिउँसो नातिनी प्रतिमाको वासस्थानमा पुग्दा राम्रो घाम लागेको थियो । दिउँसोको खाना भनौँ या बिहानको १२:३० तिर खाएर हामी सबै जना घाम ताप्न बगैँचाको छेउमा बस्यौँ । बगैँचामा लटरम्म पाकेका अङ्गुर, पहेँलपुर भएका आरु बोटमा देख्दा आफ्नै नेपालको बगैँचाको याद आयो । यद्यपि यति राम्ररी फलेका र पाकेका भने आफ्नो बगैँचामा देख्न पाएको थिएन । ज्वाइँ राजा सारै फरासिलो स्वभावको हुनुहुन्छ । उहाँले “खाने भए टिप्न सक्छु” भन्नुभयो । उहाँ अग्लो कदको हुनुभएकोले कतै जमिनबाटै टिप्न सक्नुभयो भने कतै लठ्ठीको सहायता लिनुभयो र राम्रै मात्रामा टिप्नुभयो । केही हामीले पनि आफै टिपेर खायौँ । सबैजना घाममा बसेर आरु र अङ्गुर खाएको देखेर होला प्रकृतिलाई डाह भएछ र चिसो हावासहितको बादल हाम्रो टाउकामाथि आए । चिसो भएकोले बाहिर बस्न नसकी भित्र पस्यौँ ।

स्वादिष्ट खाना, ताजा फलफूल र गरमगरम कफी खाएर हाम्रो परिवार घरतर्फ लाग्ने तयारीमा जुट्यौँ । यत्तिकैमा नातिनी र ज्वाइँले आरु र अङ्गुरको झोला घरलैजान तयार गरी गाडीसम्म पुऱ्याउनुभयो । नातिनी प्रतिमा र ज्वाइँ राजालाई धन्यवादका साथ प्रणाम गर्दै बिदा भयौँ ।

***

# सृजनाको तरकारीबारी

वेलायत सरकारले खेती गर्नको लागि जमिन भाडामा दिने व्यवस्था मिलाइएको रहेछ। खास गरेर आफ्नो खेती गर्ने जमिन नभएका वा कम भएकाहरूले सामान्य तरकारीबारी (करेसाबारी) को रूपमा जमिन उपलब्ध गराइ पाउन निवेदन दिने र पालो आएपछि निश्चित टुक्रा जमीन भाडामा पाइने रहेछ। सोही योजना अनुसार पोखराका दिनेश त्रिपाठी र नुवाकोटकी सृजना (श्रीमान्/श्रीमती) ले जमीन भाडामा लिएर तरकारी खेती गरेका रहेछन् । साँझपख उनीहरू सँगै हाम्रो परिवार पनि उक्त तरकारीबारी हेर्न गयौँ । उनीहरूको एक छोरा रहेछन् जो बिहानको सँगै पढ्ने साथी रहेछन्। ठूलो एरियामा टुक्राटुक्रा पारेर धेरै जनालाई उक्त बारी उपलब्ध गराइएको रहेछ। चारैतिर तरकारी लगाएको कतै राम्रो र कतै नराम्रोसँग खेती गरेको देखियो ।

सृजना र दिनेशजीले राम्रै मिहिनेत गर्नुभएको रहेछ तर माटाको खराबीले हो या मलको कमीले हो बोट विरुवा सप्रेको देखिएन। केही तरकारी टिपेर केही बेरको घुमाइपछि हामीहरू सबै जना उहाँहरूकै घर अपार्टमेन्टमा गयौँ । बेलुकाको खाना उतै खायौँ । आफ्नो बारीमा फलेका तरकारीबाट बनाइएका परिकारको स्वाद चखाउनुभयो। दुवैजना मिलेर तयार गरेका अर्गानिक तरकारीका परिकारका साथ खाना खाँदाको छुट्टै मिठास पाइयो। विभिन्न परिकारका खाना खाएर हामी घर फर्कियौँ ।

***

# शिवमन्दिरको दर्शन

मेरो नेपाल फर्कने दिन पनि नजिकै आइसकेको छ। त्यसैले भेटघाट गर्ने, दर्शन गर्ने क्रम केही दिनदेखि बढेको छ। आज सेप्टेम्बर ३, २०२५ का दिन बिहान नेपालीहरूको सहयोगमा निर्माण गरिएको शिवमन्दिरको पूजाअर्चना गर्ने सल्लाह भयो। विवेक, वसन्ती र म मन्दिर गयौँ। करिब एक घण्टाको यात्रापछि शिवमन्दिर पुगियो। मन्दिरको प्राङ्गणमा गाडी राखेर मन्दिरभित्र गयौँ। पुजारी घिमिरेज्यूसँग भेट भयो। उहाँ रामेछाप जन्म भई हाल का.म.न.पा ४ धुम्बाराहीमा नेपालको बसोबास रहेछ तर उहाँ प्रायः बेलायतमै बस्ने गर्नुहुँदो रहेछ। विवेकले पूजा सामग्री दियो। उहाँले मन्त्रोच्चारणका साथ पूजाअर्चना गर्नुभयो र हामीलाई प्रसाद लगाइदिनुभयो। केही बेर मन्दिर वरपर घुमी अन्य देवीदेवताको पनि दर्शन गरेर हामी घर फर्कियौँ।

विदेशमा बस्ने नेपालीहरूले अरू देशमा पनि विभिन्न देवीदेवताका मन्दिरहरू बनाएका छन्। धार्मिक आस्था अझ विदेशमा बस्ने नेपालीहरूमा बढी रहेको देखिन्छ। विदेशमा जन्मिएका र सानै उमेरमा विदेशमा गएका नेपालीहरूको पुस्ताले के गर्छ त्यो भने हेर्न बाँकी नै छ। घुम्न गएका हामीजस्ताको लागि यसरी मन्दिर बनाएर पूजाअर्चना गर्ने व्यवस्था मिलाइएको देख्दा अत्यन्त खुसी लाग्दो रहेछ। नेपालीहरू मिलेर रकम जम्मा गरेर मन्दिरहरूको स्थापना गर्ने पुजारी राख्ने र नित्य पूजाको व्यवस्था मिलाउने कार्य निश्चय नै प्रशंसनीय छ।

***

# नेपाल फर्किने दिन

सेप्टेम्बर ५, २०२५ दोस्रो पटकको बेलायत बसाइको आज अन्तिम दिन हो । राती ९:५५ मा मैले बेलायतको भूमि छोड्नु छ । सामानहरू पोका पार्ने काम सकिएको छ । आज बिहानदेखि सबैको अनुहार मलिन भएको छ । नाति बिहान धेरै बोलिरहेको छैन । सधैँ मसँग योगा सिक्न आउने गर्दथ्यो तर आज आएन । किन डेडी छिटै नेपाल फर्कन लाग्नुभयो भनेर वसन्तीलाई सोधेको रहेछ । आज मलाई पनि यिनीहरूलाई छाड्नुपर्दा दिक्क लागेको छ । सधैँ जसो बिहान घुम्न नातिसँग हिँड्न र गफ गर्ने बानी परेको थियो । आजदेखि त्यो छुट्ने भयो । कहिलेकाहीँ खाजा बनाएर आफै ल्याएर खान दिने नौ वर्षको नातिसँग छुट्टिनुपर्ने वेला आएको छ । छोराबुहारीसँग पनि छुट्टिएर जानुपरेको छ । धेरै समय सँगसँगै घुम्यौँ, रमाइला क्षणहरू सँगै बितायौँ । अरू देशको यात्रा गर्न म एक्लै जान सम्भव थिएन । आफ्नो काम छोडेर, पैसा खर्च गरेर मलाई धेरै देश (आठओटा) घुमाएका छोराबुहारी र नातिलाई छोडेर एक्लै गएर एक्लै बस्न कसलाई राम्रो लाग्ला र ? मेरो पनि अनुहार मलिन भएको छ आज ।

यस पटकको बेलायत बसाइ धेरै छोटो भएको जस्तो लागेको छ । अरू देश घुम्नतिर बढी समय खर्च भयो सँगसँगै पानी परेर पनि यताउता घुम्न

पाइएन । अन्य कार्यक्रमहरू पनि राम्रै सङ्ख्यामा उपस्थित भए । समय बितेको पत्तै भएन । कुनै दिन पानी परेर घरमा बस्दा पनि बिहानले अल्मल्याइरहन्थ्यो । खेल खेल्न सिकाउँथ्यो, कतै घुम्न जाउँ भन्दथ्यो बिहानले । विविध कारणले गर्दा पनि बसाइ थोरै लागेको हुन सक्छ । यस पटकको बसाइ अत्यन्त सफल भयो भन्ने लाग्छ ।

दिउँसो चार बजेतिर वसन्तीले खाना तयार गरिन् । ४:३० तिर खाना खाएर पाँच बजे हामी घरबाट निस्कियौँ । केही परसम्म आफ्नै गाडीमा गइयो त्यसपछि भर्खरै तयार भएको रेलमार्ग बाट एक्सप्रेस रेल चढेर हिथ्रो विमानस्थल पुग्यौँ । बोर्डिङ पास लिएर विवेक, बिहान, वसन्ती हामी सबै जना सँगै बसेर फोटो लियौँ । विवेकहरू घरतिर लागे म आफ्नो प्रक्रियातिर लागेँ । सबै जाँचको प्रक्रिया पूरा गरेर बसेँ । राती ९:५५ मा जहाज उठ्यो । बेलायतको भूमिलाई छोडेर नेपालतिर लागेँ । मलाई भने छोराहरूसँग छुटिँदाको असहज स्थिति विभिन्न कुराहरू खेलिरहेको छ। कतारको समय अनुसार बिहान ६:२५ मा विमान अवतरण भयो । कतार एयरको विमानसेवा राम्रै छ, यात्रा राम्रै रहेको छ ।

विमानबाट उत्रेर वासरुमको खोजी गर्न थाले। एक जना नेपाली कर्मचारीले ठाउँ देखाइदिए । त्यसपछि बिहान खानुपर्ने औषधी खान पानीको खोजी गरेँ । औषधी खाएर काठमाडौँ आउने जहाजको गेट नं. हेर्न थालेँ । ८:३५ मा गेटको सूचना आयो । सी. १४ नं. को गेटमा गएर बसेँ । ९:३० मा विमान उड्यो। विमानमा अत्यधिक मात्रामा नेपाली देखेर विमानका कर्मचारीले नेपाली भाषामा समेत सूचना प्रवाहित गर्दा खुसी लाग्यो । अपराह्न ४:२८ मा कतारबाट उडेको जहाजले काठमाडौँमा अवतरण गर्न सक्यो । नेपालको भूमिलाई स्पर्श गर्दा शरीरमा छुट्टै प्रकारको अनुभूति भयो । नेपाल आमाको काखमा सकुशल आउन सकेकोमा आफूलाई भाग्यमानी ठान्दछु ।

आफ्नो देशको विमानस्थल, व्यवस्थापन, देख्दा मनमा खिन्नता भने लाग्दो रहेछ। अरू देशका विमानस्थलहरू हेर्दै आएका यी आँखाहरू रसाउन पुगे। मनमा हामी र हाम्रो देश कुन अवस्थामा छ भनेर एक प्रकारको तरङ्ग उत्पन्न भयो– हामी कहाँ छौं ? कता जाँदै छौं ?

सबै जाँच सकेर लगेज (सामान) लिने ठाउँमा गएँ। पर्खिंदा पट्यार लाग्यो। वल्ल मेरो सुटकेस पछार्दै मेरो सामु देखा पऱ्यो। आफ्नो सुटकेश गुडाउँदै बाहिर आएँ। ज्वाइँ स्वप्निल, छोरी श्रद्धा र भाइ चन्द्र लामो समयदेखि पर्खेर बसेको पाएँ। दीपक तामाङले गाडीमा सामान राखेर हामीलाई घर पुऱ्याए। यस पटकको वेलायतयात्रामा मलाई सहयोग पुऱ्याउनुहुने सबैमा आभार।

***

# दोस्रो खण्ड

# क्यानडा भ्रमण

जुलाई २९, २०२४ को बिहान ८ बजे टर्की सयरको फ्लाइट नं. १७ बाट नेपालको जमिन छोडियो । टर्कीको स्नाम्बुल एयरपोर्ट (विमानस्थल) मा करिब ४ घण्टा विश्राम गरी क्यानडाको पियर्स अन्तर्राष्ट्रिय विमानस्थलतर्फ प्रस्थान गरियो । साँझ छ बजेतिर विमान क्यानडामा अवतरण भयो । छोरा उत्तमको साथ घर गइयो । यसपटक उत्तमको आफ्नै नयाँघरमा प्रवेश गर्दा अत्यन्त खुसी लाग्यो । छोराबुहारीको मिहिनतबाट आर्जित यो घर अत्यन्त रमणीय स्थानमा रहेछ । घरभित्र पनि राम्रो सुविधा रहेछ । यही नयाँ घरको घरपूजा गर्न मलाई बोलाइएको थियो । नातिनी ईश्वान्वी र नाति आहान ज्यादै खुसी देखिन्थे । मेरो स्वागतका लागि पोष्टरहरू लेखेर टाँसेका रहेछन् । मेरो कोठालाई सजाएर राखेका रहेछन् । कोठामा प्रवेश गर्दा ज्यादै खुसी लाग्यो ।

केही दिन घरमै बसियो– समय र वातावरणलाई समन्वय गर्न । अगस्त ३ को दिन दिउँसो १२ बजेतिर भानिज रविन उनको परिवारसँग निकै पर पर कृषिफार्म, गार्डेन र बौद्ध स्तुपासमेत हेर्न गइयो । निकै माथि तर खुला ठाउँमा ठूलो जमिन लिएर बौद्ध गुम्बा, स्तुपा र विभिन्न बौद्ध देवीदेवताका मन्दिरहरू

बन्दै गरेका र बनिसकेका र बनाउने योजनामा रहेको हरूको अवलोकन गर्नुका साथै जानकारी लिने कार्य गरियो । रविनले निकै वर गाडीमा राखेका थिए । करिब तीन घण्टाजति हिँडेरै सबै ठाउँको जानकारी लियौँ । फोटाहरू खिच्यौँ । सम्पूर्ण निर्माणकार्य सक्नै अझै केही वर्ष लाग्ने सम्भावना देखिन्छ । यो पनि सकेपछि निश्चय नै यो ठाउँ पर्यटकको आकर्षक विन्दु बन्न सक्छ । बौद्ध धर्मावलम्बीहरूको महत्त्वपूर्ण तीर्थस्थल हुन सक्छ । अहिले नै पर्यटकहरूको बाक्लो उपस्थिति देखिन थालेछ । यो अत्यन्त सुन्दर ठाउँको यात्रा गराइदिएर भानिज रविन थपलिया, भाञ्जी भावना र नातिहरूप्रति कृतज्ञ छु ।

***

# लेक भ्यु प्वाइन्टको अवलोकन

अगस्त ४ का दिन ओन्टारियो लेकसँगै रहेको लेक भ्यु प्वाइन्टमा उत्तमको परिवार (हामी) र सुजन सापकोटाको परिवारका साथै उहाँका सासू लक्ष्मी बराल र ससुरा दामोदरका साथै जेठान र उनको परिवारसमेत उक्त पार्कमा जम्मा भयौँ। केटाकेटीहरू खेल्दै रमाउन थाले। हामीहरू पनि पार्कको चारैतिर घुम्दै ताल (लेक)को रमाइलो तरङ्गहरू हेर्दै रह्यौँ। सबैजनाले आआफ्नो घरबाट तयारी खानेकुराहरू फलफूलहरू लगेका थिए। सबैका खाना टेबुलमा राखेर सबैले रुचि अनुसार आफै झिकेर खान सकिने बनाइयो। खाजा खायौँ। घेरै रमाइलोका साथ समय बितायौँ। पाँच बजेतिर हामी सबै आआफ्नो घरतिर लाग्यौँ। ओन्टारियो लेक ज्यादै ठूलो रहेछ र यसै लेकको नामबाट प्रान्तको नाम नै ओन्टारियोमा राखेको रहेछ। टोरोन्टो यही प्रान्तमा पर्दछ। हाम्रो घर पनि टोरोन्टोमा नै पर्छ।

***

# वर्थडे पार्टीमा उपस्थित

धर्मेन्द्र कार्कीजी नेपालको धनुषा जिल्लाबाट क्यानडा धेरै वर्ष पहिले जानुभएको रहेछ । उत्तम र उहाँ यसअघि एउटै भवनमा डेरा गरी बस्नुहुन्थ्यो । अहिले उहाँको भव्य घर छ । अगस्त ५ मा उहाँको जन्मदिन पर्ने भएकोले आज त्यही दिनको उपलक्ष्यमा धेरै जनालाई घरमै निमन्त्रणा गर्नुभएको रहेछ । उहाँको अर्धाङ्गिनी ज्योति पन्त (कार्की) जी र एक छोरा एक छोरीसमेत अत्यन्त निकट हुनुहुन्छ हाम्रो परिवारसँग । उहाँका कतिपय आफन्तहरूसँग मेरो पहिले नै परिचय रहेछ । अरूहरूसँग पनि परिचय गराउनुभयो– धर्मेन्द्रजीले । जन्मदिनको शुभकामना कार्यक्रम भव्यसँग भनाइयो । सबैले शुभकामनाका साथै विभिन्न उपहारहरू प्रदान गरे । अत्यन्त शालीन व्यक्तित्व भएका धर्मेन्द्रजी सरल र नम्र स्वभावको हुनुहुन्छ । उहाँको परिवारिजन पनि सारै असल हुनुहुन्छ । एक अर्कामा सहयोग गर्ने र यस्ता कार्यक्रमका माध्यमबाट विदेशमा रहेका नेपालीहरूबिच सुसम्बन्ध कायम हुँदै आएको पाइन्छ । यो ज्यादै राम्रो कार्य हो भन्ने लाग्छ । खानपिन सकेर साँझपख सबै जना आआफ्नो वासस्थानतिर लाग्यौँ ।

***

# नेपाली विद्यार्थीहरूको फुटबल खेल र हिन्दूमन्दिरको दर्शन

अगस्त ९, २०२४ को राती रविन भान्जाको घरमा बसियो । धेरै विषयमा विचार आदानप्रदान गरियो । भान्जा रविन क्यानडामा नेपाली साहित्य समाजको अध्यक्ष पनि हुनुहुन्छ । साहित्यमा रुचि राख्ने हामी दुई मामाभान्जाको कुरा नमिल्ने कुरै भएन । राती अबेरसम्म बस्यौँ । बिहान उठेर नेपालीहरू मिलेर उहाँहरूकै सक्रियतामा बनाइएको र स्थापना गरेको हिन्दुमन्दिरको दर्शन गर्न गइयो । दोलखाका ढुङ्गेल थर भएका पुजारीसँग टीकाप्रसाद ग्रहण गरियो । भर्खरै स्थापना भएको मन्दिरमा अझै धेरै काम गर्न बाँकी रहेछ । यो ज्यादै राम्रो काम भएको रहेछ । मन्दिर दर्शनपश्चात् नेपालीहरूका सन्तानहरूबिच हुने फुटबल खेल हेर्न जाने कुरा रविनको राख्दा जाने सल्लाह भयो । हामी दुवैजना रविनको गाडीमा त्यता गयौँ । खेल शुरू भइसकेको रहेछ । खेलाडी केटाकेटीहरूको अभिभावकहरूको बाक्लो उपस्थिति रहेछ । केही अविभावकहरू मैले चिनेका पनि भेटिए । अरूसँग रविनले परिचय गराएकोले सबैले मलाई मामा भन्न थाले । वातावरण बडो रमाइलो बन्यो । केहीबेर त्यतै बस्यौँ र चिया लियौँ । घुम्दै गाडी राखेको ठाउँमा आयौँ । नेपालीहरूले यो कार्य गरेको पनि निकै राम्रो लाग्यो, किनभने एकआपसमा आफू र आफ्ना सन्तानहरूको बिचमा घुलमिल हुने राम्रो वातावरण बन्न सक्यो ।

***

# हिमाली मेलामा सहभागिता

बिहानको खाना खाएर रविनका परिवार र म हिमाली मेला २०२४ मा सहभागी हुन डाउन टाउनतिर लाग्यौँ । रविनको गाडीले एक घण्टाजतिमा उक्त मेला लाग्ने ठाउँमा पुऱ्यायो । गाडी पार्किङ गरेर हामी सबै मेला स्थलमा पुग्यौँ । ठूलो संख्यामा नेपालीहरू जम्मा भएका । धेरैसँग चिनजान भयो । काभ्रे जिल्लाका सत्र जनासँग परिचय भयो र एकै ठाउँमा बसेर फोटो खिच्यौँ । चियाखाजा खाँदै नाचगान हेर्दै, भाषण र गीतहरू सुन्दै रमाइलोसँग दिन बिताइयो । गायिका अन्जु पन्तको गीत सुन्ने प्रतीक्षामा नौ बजेसम्म बसियो । अन्जु पन्तका केही गीतहरू सुनेर हामी ९:३० मा घर फर्कियौँ । १०:३० बजेतिर घर पुग्यौँ र खाना खाएर सुत्यौँ । यो हिमाली मेला एक प्रकारको व्यापार प्रवर्द्धन मेलाजस्तो पनि लाग्ने र मनोरञ्जन पनि दिलाउने खालको रहेछ । त्यहाँ राखिएका वस्तु व्यापारका स्टलहरूले धेरै विदेशीहरूलाई आकर्षित गरेको देखिन्थ्यो । जेहोस् यस्ता कार्यक्रमहरू वार्षिक रूपमा क्यानडामा बस्ने नेपालीहरूबाट आफ्नै खर्चमा हुँदै आउनु निश्चय नै सकारात्मक कार्य हो । खाना खाएर सबैजना आराम गर्न थाल्यौँ । बिहान उठेर चियाखाजा खाएर रविनले मलाई उत्तमको घरमा पुऱ्याइदिए ।

***

# अफ्रिकन लायन सफारी पुग्दा

१७ अगस्त बिहानको ११ बजे उत्तमको गाडीमा बसेर राधा, ईशान्वी, आहान र म अफ्रिकन लायन सफारी हेर्न घरबाट निस्कियौँ । सुजन सापकोटा र विष्णु देवकोटाको परिवार पनि सँगै जाने गरी योजना बनाएको रहेछ। सबैजनाको परिवार एउटा रेष्टुराँको बाहिर भेला भयौँ । सिमसिम पानी पर्दै गरेको छ। झन्डै दुई घण्टाको यात्रापछि मौसम कस्तो होला भन्नेबारे केही बेर छलफल भयो । मौसम जस्तो भए पनि जाने निधो गरियो । हामी जाँदै गर्दा पानी पर्न कम हुँदै गयो । गन्तव्यमा पुग्दा त घाम झलमल्ल लागिरहेको देख्दा सबै जना खुसी भयौँ । जङ्गली जनावर खास गरेर लायनहरू जतातत‍ै देखिने तर व्यवस्थित रूपमा राखिएका रहेछन् । ठूलो ताल रहेछ, त्यसमा डुङ्गा चलाइने रहेछ, त्यसमा चढेर तालको वरिपरि घुम्यौँ । पूरै पार्क घुमेर हेर्न मिल्ने रेलको व्यवस्था रहेछ त्यसमा चढेर पूरै पार्क घुम्यौँ । पानीको कृत्रिम झर्ना र फोहोराहरूको आनन्द लियौँ । खास गरेर केटाकेटीहरूका लागि ज्यादै उपयोगी ठाउँ रहेछ, सारै आनन्द लियौँ ।

हाम्रो तीन परिवारका गरेर चौध जनाको समूह थियो । सबै जना हरियो घाँसेचौरमा बस्यौँ । नजिकै वासरुम रहेछ पालोपालो गरेर गयौँ । आआफ्नो

घरबाट लगेका खानेकुराहरू बाँडेर खायौँ । आपसमा गफ र ठट्टा मजाक गर्दै बडो रमाइलोसँग खाजा खायौँ । सबैतिरको घुम्ने काम पनि सकियो । खाजा खाने काम पनि समाप्त भएकोले घर फर्किने तयारीमा जुट्यौँ । कृत्रिम भए पनि प्रकृति सौन्दर्यले भन्दा कम आनन्द दिएनन् त्यहाँ व्यवस्था मिलाइएका वस्तुहरूले । बडो रमाइलोका साथ आजको दिन बिताइयो । ५:३० बजे हामी त्यस ठाउँबाट छुट्यौँ । ८:३० बजेतिर घर पुग्यौँ ।

***

# मर्निङ साइड पार्क घुम्दा

१८ अगस्तको बिहान ७ बजेतिर उत्तम र म गाडी लिएर मर्निङ साइड पार्क भन्ने ठाउँतिर घुम्नको लागि निस्कियौँ । करिब आधा घन्टाजतिको यात्रापछि हामी गन्तव्य नजिकै पुग्यौँ र गाडी त्यतै राखेर घुम्न शुरू गर्‍यौँ । जङ्गलको बिचबाट हामी सानो बाटो जुन अलिअलि हिलो पनि थियो, कतैकतैबाट अघि बढ्यौँ । अलिबेर हिँडेपछि पहाडको फेदीतिर पुगियो । दुईतिर जङ्गल ढाकेका पहाड थियो भने बिचमा निकै तल खोला बगिरहेको थियो । हामी अगाडि बढ्दै चारैतिर चराहरू कराएको आवाज तलतिर खोलाको आवाज सुन्दै गयौँ । अगाडि खोला तर्न राखेको पुल भेटियो । पुलबाट तल बगिरहेको सफा पानी ठूलाठूला ढुङ्गाहरूसँग लुकामारी खेल्दै फिँज निकाल्दै बगेको देखियो । मलाई नेपालको आफ्नै जन्मजिल्ला काभ्रेपलाञ्चोकको रोसीखोलाको याद आयो । कतैकतै झिँगुखोलाको पनि याद दिलाउने खालका दृश्य देखिए ।

डरलाग्दो जङ्गल अनि खोला र एकान्त खोच ठाउँमा पुग्दा मनै झसङ्ग हुने । एक प्रकारको डर मनमा पैदा भयो । उत्तमलाई अब अगाडि नबढौँ, फर्कौँ भनेँ किन डर लाग्यो डेडीलाई भनी प्रश्न गर्‍यो । हो अलिअलि डर पनि लाग्यो र थाकियो पनि भनेँ । हामी गएकै बाटो फर्कियौँ । बाटामा केही युवाहरूलाई भेटियो । ठूलाठूला र अग्लाखाले रूखहरू प्रशस्तै थिए । साना पोथ्राहरू पनि थिए । कतै ढलेका र कुहिन लागेका काठहरू पनि थिए । यस्तो फरक ठाउँमा घुम्दा निकै आनन्द लाग्यो । करिब दुई घण्टाजति घुमेर हामी घर फर्कियौँ । आजको बिहानी घुमाइ अविष्मरणीय रह्‍यो ।

***

# क्यानडामा जनैपूर्णिमा

आज जनैपूर्णे भएकोले बिहानै उठेर नुहाउने काम गरें। घरका सबैले नेपालबाट लगेको रक्षाबन्धन डोरा बाँध्ने काम गरियो। उत्तम र मैले नयाँ जनै लगायौँ। ईशान्वीले भाइ आहानलाई राखी बाँध्ने काम गरिन्। दिउँसो प्राची अवस्थी (राधाको दिदीको छोरी) र श्वेतासिं आहानलाई रक्षाबन्धन (राखी) बाँध्न आए। सबै भएर रमाइलो भयो। नेपालमा जस्तो विभिन्न मन्दिरमा जान सकिने अवस्था रहेन। घरमै बसियो। आफ्नै तरिकाले जनैपूर्णे मनाइयो। नेपालीहरूले आफ्नो परम्परागत संस्कारलाई विदेशमा रहँदा पनि सकेजति ग्रहण गरेको देख्दा खुसी लाग्यो। शिवमन्दिरमा गएर डोरा बाँध्ने र जनै फेर्नेहरू प्रशस्तै हुने कुरा भानिज रविनबाट थाहा भयो। नेपाली भाषा र संस्कृति बनाउन सकेमात्र नेपालीको पहिचान बाँच्दछ, अन्यथा नेपालीको अस्तित्व पछिल्लो पुस्तामा हराउँदै जान्छ।

***

# टोरोन्टोको सेन्ट्रल आइल्याण्डमा पुग्दा

अगस्त २४ को दिन दिउँसो १२ बजेतिर उत्तम र म टोरोन्टोको सेन्ट्रल आइल्याण्डमा घुम्ने लक्ष्यका साथ घरबाट निस्कियौँ। घर नजिकैको बस स्टपमा गएर बस चढ्यौँ। केही बेर बसले शहर घुमाउँदै रेल स्टेशनमा पुऱ्यायो। एकतला माथि उक्लेर रेल चढ्यौँ। रेलले आधा घन्टाजतिमा सेन्ट्रल आइल्याण्ड जान फेरि चढ्ने ठाउँको नजिकै लगेर रोकिन्थ्यो। हामी रेलबाट झरेर केही बेर हिँड्दै फेरि चढ्ने ठाउँमा टिकट काटेर पुग्यौँ। मानिसको अत्यन्त भीड थियो। लामो लाइनाम बसेर फेरी चढियो। फेरीले पारि पुऱ्यायो। ओर्लिने लाइन पनि उस्तै थियो बल्लतल्ल ओर्लियौं। गर्मी ठाउँ रहेछ। पसिना पुछ्दै बाहिरतिर घुम्न थाल्यौँ। विशाल टापमा घुम्ने, खेल्ने र खाने ठाउँ जतातत‌ै छ। बालकदेखि वृद्धसम्मका सबैलाई उचित मनोरञ्जनको व्यवस्था छ।

बालकलाई खेल्ने ठाउँ र व्यवस्था छुट्टै छ भने युवा र वृद्धाहरूको लागि छुट्टै ठाउँमा छुट्टै व्यवस्था मिलाइएको छ। रेल, केवलकार, साहसी खेलका साथै पौडी खेल्ने घोडा चढ्ने, तारो हान्नेजस्ता विविध खेलहरूको व्यवस्था मिलाइएको छ। पानीका झर्ना, कोहोरा र रङ्गीन सप्तरङ्गी किरण देख्न सकिने व्यवस्था छ। गर्मी धेरै भएकोले शरीर पसिनैपसिना भएको छ। पसिना पुछ्दै शीतल बाटो खोज्दै हामी हिँडिरहेका छौँ। घुम्ने हेर्ने ठाउँ कति हो कति, जति

हेरे पनि नसकिएला जस्तो । घुम्दा थकाइ र भोक दुवै लाग्यो । एउटा शीतल ठाउँमा बसेर घरबाट लगेको खाजा खायौँ । दिन ढल्किँदै गएकाले घर फर्किने विचार गर्‍यौँ । राती त्यतै बस्न कटेज र होटलको पनि व्यवस्था रहेछ । हामी घर फर्किनै पर्नेछ, किनकि साँझको खाना धर्मेन्द्र र ज्योतिजीको घरमा छ । एउटा व्यक्तिको स्वामित्वमा रहेको टापू देख्दा आश्चर्य नै लाग्यो । विश्वमा त्यस्ता धनी व्यक्ति कति होलान् ? एक आना जग्गामा घर बनाएर बस्ने त्यसमा पनि साँध मिच्नेजस्ता सोच र क्षमता भएकाहरू पनि यसै धर्तीमा छन् । सोच नै सानो र साँघुरो बोकेर हिँड्नेले ठूलो र फराकिलो वस्तु प्राप्त गर्न कसरी सक्ला भन्ने प्रश्न उठ्न सक्छ । सोच र दृष्टि परिवर्तन गर्न नसक्ने सधैँ पछि पर्नबाट कसैले रोक्न सक्दैन ।

***

# बाबुको मुख हेर्ने दिन

सेप्टेम्बर २, २०२४ को दिन कुशेऔँसी परेको छ। बाबुको मुख हेर्ने दिनका रूपमा, पछिल्लो समय, प्रचलनमा आएको छ। बाबुको नाम अर्थात् पिताको सम्झना गर्ने यो दिलाई (फादर्स डे) को रूपमा मनाउने पनि गरिन्छ। आफ्ना पितालाई सम्मान गर्ने यो संस्कार अत्यन्त सह्राहनीय छ। जसले आफूलाई जन्म दियो, सक्षम बनायो, अनेकौँ कष्ट सहेर आफ्नो सन्तानको हितका लागि जीवन समर्पण गऱ्यो। त्यस व्यक्तिप्रति आदर गर्नु, झुक्नु निश्चय नै सत्कार्य हो। दिवङ्गत भएका आफ्ना पिताको सम्झनामा आज पितृश्राद्ध गर्ने चलन पनि छ। सनातन वैदिक हिन्दुसमाजमा आज घरघरमा कुशग्रहण गर्ने चलन पनि छ। विष्णुको अंश मानिने पवित्र कुश हिन्दुधर्म मान्नेहरूको घरमा कुनै पनि कर्मकाण्डीय कार्यमा यो नभई हुँदैन। त्यसैले कुशको महत्त्व हिन्दु सनातन धर्म मान्नेहरूका लागि ज्यादै पवित्र वस्तुका रूपमा लिइन्छ।

आज बिहान उत्तम र राधाले मेरो मुख हेर्ने कार्य गरे। आहान र ईशान्वीले उत्तमको मुख हेर्ने काम गरे। अत्यन्त रमाइलोको यो क्षण सधैँ ताजा रहेको छ। मलाई छोरा विवेकले लण्डनबाट र छोरी श्रद्धाले नेपालबाट फोन गरे। सबैलाई आशीर्वाद दिएँ। दिउँसोतिर मानिसका परिवारले मलाई बुवा सम्झेर उपहारसहित भेट्न आउनुभयो। साँझपख निशा नानीका परिवार पनि खाना खाने गरी आउनुभयो। राधाको भाउजू पनि साँझपख भेट्न आउनुभयो। राधाकी दिदीकी छोरी प्राची पनि उत्तमलाई भेट्न आइन्। यसरी विदेशमा पनि आफ्नो देशको संस्कृति र परम्परालाई जीवित राख्न नेपालीहरू प्रयत्नशील छन् भन्ने लाग्दछ। आजको दिन रमाइलोसँग बित्यो।

***

# उत्तमको नयाँ घरको पूजाकार्यक्रम

सेप्टेम्बर ५, २०२४ का दिन घरको वास्तुपूजाका साथै सत्यनारायणको पूजा गर्ने साइत जुऱ्यो। मेरो यस पटक क्यानडा जानुको मुख्य उद्देश्य नै यही पूजा कार्यक्रम गर्नु थियो। पूजाका सबै सामानहरू किन्ने काम सम्पन्न भइसकेको र आफन्तहरूलाई निमन्त्रणा गर्ने कार्य पनि सकिएको थियो। बिहानको नौ बजे गुरु आइपुग्नुभयो। सबै पूजा सामग्रीहरू तयारी अवस्थामा देखेर छक्क पर्नुभयो। कर्ताको रूपमा उत्तमलाई बस्न भनियो। उत्तम र राधाको घरपूजा गर्ने चाहना आज पूरा भयो। सबै जना खुसी भयौँ। मलाई यो दिनमा आफू उपस्थित हुन पाउँदा अत्यन्त आनन्द लागेको छ। छोराले आफ्नो आर्जनबाट बनाएको घरमा बाउलाई साछी राखेर यो सत्कार्य गरेको र बाबुको आशीर्वाद प्राप्त भएको क्षणमा बाबुलाई कति हर्ष लागेको हुन्छ, यो कुराको अनुभव गर्न पाएको छु। सायद कम नै बाबुहरूले यो सौभाग्य पाउँछन् होला !

म एउटा भाग्यमानी बाबु हुँ जसका सबै सन्तानहरू सक्षम छन्। सबैको स्वआर्जनबाट राम्ररी सञ्चालन भएको सुखी परिवार छ। योभन्दा खुसीको अवस्था के हुन सक्छ एउटा बाबुको लागि। भगवान्‌ले सबैको कल्याण गरून्। उनीहरूको परिवार सधैँ सुखी रहोस्। उनीहरूको खुसी र सुख नै मेरो खुसी हुनेछ।

दिउँसो तीन बजेतिर पूजा सकियो। सबैले पूजा सकेर खाना खायौँ। भान्जी भावनाको सक्रिय सहयोग रह्यो प्रसाद तयार गर्नमा। राती ११ बजेसम्म आफन्तहरूको बाक्लो उपस्थिति रह्यो। उत्तम र राधाका आफन्त, साथीहरू ठूलै संख्यामा आउनुभयो। सबैसँग परिचय हुने अवसर मिल्यो। बढो रमाइलोसँग पूजा कार्यक्रम सम्पन्न भयो। खानपानको प्रशस्त व्यवस्था मिलाइएको रहेछ। सबैजनाले खुसीसाथ प्रसाद स्वरूप ग्रहण गर्नुभयो। यो पूजा कार्यक्रम पूर्ण सफल भयो भन्ने लाग्छ।



***

# परेवासँगको अनौठो भेट

मौसम अनुकूल नभएको दिनबाहेक सधैँ बिहान घुम्न जाने मेरो दैनिकी रहेको थियो । उत्तमको घरको पछाडिपट्टि थोरै पर मानिस र साइकल मात्र हिँड्ने गरी बनाइएको बाटो छ । त्यस बाटाको दायाँबायाँ हरियो घाँस र बोटविरुवाहरू छन् । कतै फूलहरू फुलेका छन् भने कतै फलहरू लटरम्म झुन्डिरहेका छन् । पाकेका स्याउहरू जताततै भुइँमा झरेका र बोटमा पाकिरहेको अवस्थामा छन् । टिपेर कसैले पनि खाएको देखिएन । बिहान डुल्न आउनेहरूको बाक्लै उपस्थिति रहेको हुन्छ । एकले अर्कोलाई सामान्य अभिवादन गर्ने गर्दछन् । कसैकसैले कुकुर पनि डोऱ्याएर ल्याएको हुन्छ । बिहान घुम्न अत्यन्त सुन्दर छ यो बाटो । बाटाको माथितिर बिजुलीका मुख्य लाइन तानेकाले तल घर बनाउन मिलेन । त्यसैले यो बाटो जति पनि हिँड्न मिल्ने गरिरहेको छ । मलाई यो बाटोमा हिँडेको याद सधैँ ताजा रहेको छ ।

सधैँ झैँ बिहान घुम्ने क्रममा बाटोमा हिँड्दै गर्दा एउटा परेवा कतैबाट उडेर मेरो बायाँपट्टि छेउमा आएर मसँगै विस्तारै हिँड्न थाल्दछ । मेरो एक्लो हिँडाइ देखेर साथ दिन आएको हो कि जस्तो लाग्ने गरी । कहिले अलि अगाडि जान्छ र मेरो मुखमा हेर्छ, मानौँ उसले मलाई केही कुरा गर्न खोजिरहेको छ । हिँड्दै गर्दा कहिले ऊ पछि पर्छ र पुनः उडेर मेरो अगाडि हिँड्न थाल्दछ ।

यसरी हिँड्दै गर्दा न मैले उसको भाषा बुझ्न सकेँ न भाव नै । उसले आफ्नो दुःख पोख्न खोजेको हो अथवा कुनै अन्य कुरा गर्न खोजेको हो, केही पनि ठम्याउन सकिनँ । उसले मलाई साथ दिइरहेको हो वा ऊ एक्लो भएर मेरो साथ खोजेको हो बुझ्न सकिएन । हुन त दुःखको बेलामा सबैजना एक्लै नै हुने हो । मनमा वैराग्य भावना पैदा हुँदा पनि प्राणी एक्लिएको महसुस गर्दछ । परिवारबाट निकालिएको पनि हुन सक्छ । उसले बारम्बार मेरो अनुहार हेरेको देख्दा पक्कै पनि उसको पीडा बाँड्न खोजेको हो कि भन्न सकिन्छ ।

यो परेवालाई कसैले पढाइदिएको पो हो कि जस्तो पनि लाग्ने । मलाई एक प्रकारको सन्देश कतैबाट आएको जस्तो लाग्यो । शरीरमा छुट्टै तरङ्ग उत्पन्न भयो । के ऊसँग मेरो कुनै सम्बन्ध थियो र यसरी भेट भएको त होइन ? भन्ने सोच पनि आयो । हिँड्दै गर्दा उसले केही खाने कुरा पाएछ । अब ऊ त्यतै अलमलिन्छ भन्ने लाग्यो तर एकै छिनमा पुनः सँगै आएर हिँड्न थाल्यो । यतिकैमा एउटा ठूलो शरीर भएको मानिसले ठूलै कुकुर डोऱ्याएर आयो । कुकुरले परेवालाई झम्टिन खोज्यो । डरले परेवा भाग्यो । केही बेर मेरो आँखाले उसलाई पछ्याइरह्यो तर बिस्तारै ऊ मेरो आँखाको दृश्यबाट टाढा पुग्यो । मनमा एकप्रकारको बेचैनी उत्पन्न भयो । मेरो जीवनमा भेटिने सबै साथीले एक दिन यसरी नै छोडेर जाने हुन् ? भन्ने लाग्यो । यसरी केही समय सँगै हिँडेको भाषा र वर्ग नमिल्ने साथीको विछोडले त यसरी पीडा दिन्छ भने लामो समय सँगै बसेर आफ्नै वर्गको विछोड हुँदा कति पीडा होला ? परेवासँग भएको मौन संवाद र अदृश्य सम्बन्धको रहस्य के हो ? मैले बुझ्ने प्रयास धेरै पटक गरेँ तर सकिनँ । साथीसँगको विछोडले अझ एक्लो भएको महसुस हुँदो रहेछ । अर्को दिन पनि त्यतैतिर घुम्न गएँ तर ऊसँग भेट भएन । निरास भए मेरा आँखाहरू । विस्तारै बिर्सन थालेँ, ऊसँगको भेटको क्षण । छुट्न नचाहँदा नचाहँदै छुट्नुपरेको जस्तो बिर्सन नचाहेर पनि बिर्सनुपरेको छ– यस्तै रहेछ जगत्‌को चलन ।


***

# लक्ष्मीनारायण तथा सनातन मन्दिरको दर्शन

सेप्टेम्बर १० तारेखका दिन दिउँसो बजारतिर किनमेल गर्न गइयो। साँझपख धर्मेन्द्रजी र ज्योतिसँग मन्दिर र गुरुद्वार घुम्न गइयो। धर्मेन्द्रजीले गाडी चलाउनुभयो। उहाँका सबै परिवार गाडी चलाउनुहुन्छ र घरमा दुईवटा गाडी छन्। उहाँको घरमा पटकपटक खाना खाइयो। उत्तमको परिवार र उहाँको परिवारबिच राम्रो सम्बन्ध छ। मलाई उहाँहरूले धेरै इज्जत गर्नुहुन्छ। यस पटक पनि उहाँहरूले मलाई घुमाउन लैजानुभयो। ज्योतिजीको आफ्नै सैलुन (कपाल काट्ने ठाउँ) रहेछ। त्यस सैलुन राखेको ठाउँमा गइयो। केही बेर बसेर त्यहाँबाट मन्दिरहरू घुम्न गइयो। पहिलो पटक क्यानडा जाँदा पनि ज्योतिजीले यस मन्दिरको दर्शन गराउनुभएको थियो। यस पटक पनि लक्ष्मीनारायणको दर्शन गरियो। पहिलेभन्दा धेरै राम्रो भएको पाएँ। मन्दिरभित्र राखिएका सबै भगवान्का मूर्तिहरूको दर्शन गरियो। टीकाप्रसाद ग्रहण गर्दै फर्कियौँ।

सनातन धर्मावलम्बीहरूका लागि बनाइएको यो मन्दिर पुरानो तर भव्य रहेछ। फराकिलो क्षेत्रमा रहेको यस मन्दिरमा शिव, विष्णु, गणेश, देवी, सूर्य, हनुमान, राधाकृष्ण, सीताराम आदि देवीदेवताका आकर्षक र सुन्दर सिंगमरमरका मूर्तिहरू सजाइएका रहेछन्। फराकिलो हलमा अगाडिपट्टि अत्यन्त आदरका साथ सजाइएका यी मूर्तिहरू देख्दा आफूलाई त्यतै विलय

भएको जस्तो अनुभूति भयो। म थचक्क भुइँमा बस्न पुगेँछु। मेरा आँखा टलपलाए। मेरो होस नै हराएको जस्तो भयो। एकैछिन पछि पुनः आँखा खोलेर माता दुर्गाको चरणमा आफूलाई समर्पण गरेँ। धर्मेन्द्रजी र ज्योतिजी पनि हात जोडिरहनुभएको रहेछ। दुर्गा मातासँग साक्षात्कार भएको महसुस गरेँ। केही बेर देवीदेवताहरूको चरणमा पर्दै वन्दना गरियो। विस्तारै हाम्रा पाइला मोडिन थाले। मनभरि आनन्दको अनुभूति समेट्दै हामी मन्दिर बाहिर निस्कियौँ। फलफूलले भरिएका हरिया चौरहरू हेर्दै मूल ढोका बाहिर गाडी राखेको ठाउँमा पुग्यौँ। बाहिरबाट पुनः प्रमाण गर्दै हामी अर्को गन्तव्यतिर लाग्यौँ।



*टोरन्टोस्थित सनातन मन्दिर*

***

# गुरुद्वारा पुग्दा

शिख धर्मावलम्बीहरूको गुरु बस्ने घरलाई गुरुद्वार भनिन्छ। गुरुद्वारमा शिखहरूको पवित्र ग्रन्थ 'गुरुग्रन्थ शाहव' राखिएको हुन्छ। पवित्र एवं धार्मिक यो ग्रन्थलाई नै शिखहरूले ईश्वर मानेर पूजा गर्दछन्। यस ग्रन्थको पाठ गर्ने, यसबारे प्रवचनहरू दिनेजस्ता कार्यहरू हुने गर्दछन्। हामी क्यानडाको टोरन्टोस्थित गुरुद्वारामा साँझतिर पुग्दछौँ। विशाल क्षेत्रमा स्थापित भव्य भवनभित्र प्रवेश गर्‍यौँ। जुत्ता खोलेर, सभ्य वस्त्र धारण गरेर, टाउकामा फेटा बाँधेर मात्र मुख्य प्रार्थना हलमा प्रवेश गर्न पाइने व्यवस्था रहेछ। हामीले त्यही अनुरूप सबै प्रक्रिया पूरा गरेर मुख्य हलमा प्रवेश गर्‍यौँ। सबै धर्म र जातका मानिसका लागि जान मिल्ने रहेछ। प्रणाम गरेर प्रार्थना गर्न बस्यौँ। धेरै मानिसहरू प्रार्थना गरिएका थिए। सानो स्वरमा प्रवचनका केही अंशहरू सुनिँदै थिए, कताबाट आएको हो थाहा भएन। केही बेर प्रार्थना गरेर हामी प्रसाद लिने ठाउँमा गयौँ। दाल, रोटी, तरकारी, मिठाई आदि निःशुल्क पेटभरि खान मिल्ने रहेछ। ठूलो हलसहितको किचन रहेछ। खान बसेकाहरू देख्दा छक्कै परियो।

हामीले प्रसादस्वरूप दाल, तरकारी, रोटी र केही मिठाई लियौँ। जसले जति खाए पनि हुने गरी यो व्यवस्था मिलाउन त्यति सजिलो पक्कै पनि छैन।

विश्वभरि यस्ता सयौँ गुरुद्वाराहरू रहेछन् । सबै ठाउँमा यस्तै गरी खाना खाने व्यवस्था रहेछ । खाइसकेर सफाइ गर्नुपर्छ भनेर सोद्धा शिखहरूका, कलेज स्कूल पढ्ने विद्यार्थीहरूले निःशुल्क रूपमा सफाइका सबै काम गर्दा रहेछन् । हामीहरूले लगाएको फेटा निश्चित ठाउँमा राखेर आफ्ना जुत्ता लगाई घरतिर फर्कियौँ । ८:३० बजे धर्मेन्द्रजी र ज्योतिजी मलाई घर पुऱ्याएर आफ्नै घरतिर जानुभयो ।

***

# नेपाल फर्किने व्यस्तता

यही महिनाको १४ तारिखमा क्यानडा छाडेर नेपालका लागि प्रस्थान गर्दै छु । त्यसैले होला निम्ता गर्नेहरूको र भेट्न आउनेहरूको संख्या बाक्लिएको छ । यसै क्रममा राधाकी बहिनी प्रज्ञा हमालको घरमा बेलुकाको खाना खायौँ । लोकेश वर्माज्यूको घरमा पनि एक रातको खाना खायौँ । सुजन सापकोटा र अन्जना नानीको घरमा पनि पकट पटक खाना खायौँ । निशाजीको घरमा पनि रातको खाना खायौँ । यसरी खाना खान जाँदा कतैकतैबाट उपहारसमेत प्राप्त भयो । साथै मलाई भेट्न भतिज दिनेश पन्त, हरि दाहाल सरका श्रीमान्श्रीमती पनि आउनुभयो । भानिज रविनसँग पटकपटक भेट भई नै रह्यो । यसपटकको क्यानडा यात्रामा धेरै जनासँग सम्पर्क भयो । भोजहरू प्रशस्त खाइयो । घुम्ने कार्य पनि राम्रै भयो ।

***

# नातिनातिनीसँगका रमाइला पल

नातिनी ईशान्वी एघार वर्षकी भइन् । विदेशको खानपान र हावापानीले गर्दा उनी ठूलै देखिन्छिन् । धेरै नबोल्ने स्वभाव भए पनि मसँग बारम्बार केही कुरा सोध्ने, पटकपटक खानेकुराहरू आफूलाई खानुपूर्व मलाई ल्याइदिने गर्दछिन् । उनी चित्र बनाउन विशेष रुचि राख्दछिन् र आफूले बनाएका चित्रहरू बारम्बार मलाई देखाउँछिन् । कतै घुम्न जाँदा म छुट्छु कि ! हराउँछु कि ! भनेर सचेत हुने गर्दछिन् । बाहिर गार्डेनतिर मैले केही काम गरेको हेरिरहन्छिन् र घाममा काम नगर्नु भन्ने गर्दछिन् । उज्यालो अनुहार र असल स्वभावकी नातिनी घरमा हुँदा घर नै उज्यालो लाग्दछ । उनी नेपाली धेरै बोल्न सक्दिनन् तर बुझ्दछिन् । गम्भीर स्वभावकी उनी कम बोले पनि सबै कुराको जानकारी राख्दछिन् । फोटो खिच्न र सेयर गर्न मन पराउँदछिन् । उनको विद्यालयमा जाँदा साथीहरूसँगको व्यवहार देख्न पाइयो । उनी सबै साथी र शिक्षकहरूसँग राम्ररी मिलेको देखियो । म नेपाल फर्केपछि उनीले डेडी किन जानुभएको क्यानडामा बस्न भन्नुपर्नेथ्यो भन्दै दिक्क मानेर आमा राधासँग भनेको कुरा राधाले फोनबाट बताएकी हुन् । मलाई पनि उनको याद आइरहन्छ ।

***

# नाति आहानसँगको रमाइलो क्षण

आहान पाँच वर्षको भयो। ऊसँग खेल्न निकै मजा आउँछ। ऊसँग खेल्नको लागि मैले पनि आफ्नो उमेर घटाउनु छ। छ वर्षजतिको आफ्नो उमेर झिक्नुपरेको छ मैले। जोसँग खेलिन्छ, उसकै बराबरको उमेर नभए खेल राम्रो हुँदैन। त्यसैले म आहानसँग खेल्दा उसकै हाराहारीको बन्नुपर्छ। बिहान उठ्ने बित्तिकै प्रायः ऊ मेरो रक्तचाप नाप्न आउँछ र नाप्दछ। कहिले काहीँ सुत्न लगाएर सिङ्गै शरीर जाँच्न थाल्दछ। लामोलामो सास लिन र छोड्न लगाउँछ। कहिले मलाई घोडा बनाउँछ। बाहिर जाने कुरा भयो भने ऊ मेरो कोठामा कुदेर आएर लुगा फेर्न भन्छ र सबैजना तयार भएपछि मलाई हात समातेर सँगै लैजान्छ। स्कूलबाट आएपछि केही बेर घुम्न लैजान्छ। केही नयाँ कुरा पायो भने मलाई देखाउँछ। चक्लेटहरू ल्याएर मेरो सिरानमुनि लुकाएर राख्दछ। बाबुआमाले धेरै चक्लेट खान दिँदैनन्, त्यसैले ऊ यसरी लुकाएर राख्छ र खान्छ। बगैँचामा फलेका फलहरू टिपेर आफू पनि खान्छ र मलाई पनि खान दिन्छ।

आहान धेरै कुरा गर्छ तर म सबै कुरा बुझ्न सक्दिनँ। उसले अँग्रेजी बोल्दा केही फरक स्वर निकाल्छ जुन बुझ्न मलाई निकै असजिलो हुन्छ। केहीबाहेक धेरै कुरा बुझ्न सक्ने हुँदै गर्दा मेरो नेपाल फर्कने दिन नगिचै आइसकेको छ।

उसको स्कूलको खेल मैदानमा बिदाको समयमा मलाई सँगै लैजान्छ र ऊसँग खेल्न लगाउँछ। मैले उसकै उमेरको जस्तो भएर खेल्न सकेँ कि सकिनँ त्यो अर्कै कुरा भयो तर मैले भरपुर आनन्द लिन भने सकेँ। यसरी नाति आहानसँग खेल्ने, घुम्ने, खानेजस्ता बालक्रीडा गर्ने सुअवसर सायद कमै व्यक्तिलाई मात्र मिल्न सक्छ। मैले यो अवसर पनि पाउन सकेँ यसका लागि छोरा उत्तम र बुहारी राधा धन्यवादका पात्र हुन्।

***

# नेपाल फर्किंदाको क्षण

सेप्टेम्बर १४, २०२४, मेरो दोस्रो पटकको क्यानडा यात्रा समाप्त हुने दिन। दिउँसो मलाई बिदाइ भेट गर्न भानिज रविन थपलियाका सपरिवार, अन्जनाका परिवार र निसा नानी आउनुभयो। सबै जनासँग बसेर फोटाहरू खिच्यौँ। नेपालका लागि हिँड्ने समय नजिकिँदै गर्दा मलाई भने एक प्रकारको छटपटी भइरहेको छ। राती ९:३० बजेको जहाज उड्ने समय छ। टर्की एयर लाइन्सबाट स्ताम्बुल पुग्ने र त्यहाँको केही घण्टा विश्रामपछि काठमाडौँ नेपालको लागि उड्नेछ हाम्रो जहाज। १६ सेप्टेम्बरमा नेपाल पुगेँ। यसरी क्यानडा भ्रमण २०२४ समाप्त भयो। यस भ्रमणको सम्पूर्ण व्यवस्था मिलाउने, घुमाउने छोरा उत्तम र बुहारी राधा हुन्। मलाई बिदाइ गर्न र पुऱ्याउन उत्तम, राधा, ईशान्वी र आहान विमानस्थलसम्म आए। उत्तमले बोर्डिङपास लिने काम गरिदिने काम गरे।

क्यानडाको पियर्स अन्तर्राष्ट्रिय विमानस्थलमा बोर्डिङ पास लिएपछि हामी सबैजना एक ठाउँमा जम्मा भएका थियौँ। पाँचैजना सँगै बसेर फोटाहरू खिच्यौँ। नाति आहान अँध्यारो मुख लगाएर कसैसँग पनि कुरा नगरी झोक्राएर बसिरहेको थियो। उसले मलाई पनि हेरिरहेको थिएन। उसलाई मसँग छुट्टिन मन नलागेर यसो गरेको हो वा म नेपाल फर्किन लागेँ भनेर रिसाएको हो, मैले बुझ्न सकिनँ। मेरो पनि ऊसँग दोहोरो कुरा गर्ने खालको अवस्था थिएन।

नातिनी ईशान्वी पनि आँखा रसिलो पार्दै मलाई पुलुक्क पुलुक्क हेर्दै थिइन् । अन्तर्हृदय छुट्टिन मानिरहेको थिएन, तथापि हिँड्नु त थियो । परिस्थितिजन्य कुरालाई कसले रोक्न सक्छ र ! बालकहरूसँग रमाएको दिनले पछ्याइरहेको थियो, शायद उनीहरूको मनले पनि त्यही खोजेको थियो होला र त उनीहरूको मन मलिनो देखेँ आँखा जुधाउन सकेका छैनौँ कसैले पनि ।

मनले छोड्न नमानिरहेको अवस्थामा बिदा भइरहेको छु उनीहरूसँग । छोरा उत्तम र बुहारी राधाको अनुहार पनि मलिन थियो । राम्ररी जानुहोस् है डेडी ! भनेर आँखाभरी आँसु पारे दुवै जनाले । मेरो पनि आँखाभरि आँसु आए । सबैसँग बिदा भई म मेरो गन्तव्यतिर अगाडि बढेँ, हात हल्लाउँदै । उनीहरू पनि फर्कंदै हेर्दै आफ्नो घरतिर लागे ।

हरेक मिलनको पछाडि छुट्टिन सबैलाई यस्तै कठिन हुन्छ कि मलाई मात्र यस्तो भएको हो ? मेरा लागि मिल्नु र छुट्टिनु नियतिजस्तै भइसकेको छ ।




*छोरा उत्तमको परिवारका साथ*

***

# लेखकपरिचय

| | | |
|---|---|---|
| **नाम** | : | विष्णुप्रसाद पन्त |
| **जन्ममिति** | : | २००७ फागुन १ गते |
| **जन्मस्थान** | : | बिर्ता देउराली गा.वि.स. वडा नं. ६, पाटीगैरा, काभ्रे |
| **हालको ठेगाना** | : | का.म.न.पा. वडा नं. ७, चाबहिल, काठमाडौँ |
| **पिता** | : | गुणनिधि पन्त |
| **माता** | : | धनलक्ष्मी पन्त |
| **शिक्षा** | : | - एम.ए. अर्थशास्त्र (२०३६, त्रि.वि.) |
| | | - एल.एल.बी. (२०३९, त्रि.वि.) |
| **सम्पर्क** | : | website : www.bishnupanta.com |
| | | मोबाइल : ९८५१०४३२४९ |
| **प्रकाशित कृति** | १) | बजारशास्त्रको सिद्धान्त - २०४६ |
| | २) | सम्झनाको भुल्कामा (कवितासङ्ग्रह - २०६०) |
| | ३) | हिँड्दा हिँड्दै (कवितासङ्ग्रह - २०६४) |
| | ४) | अनुभूतिका तरङ्गहरू (सूक्तिसङ्ग्रह - २०६६) |
| | ५) | स्मृतिका तरङ्ग (संस्मरण– २०७१) |
| | ६) | बोध – (कवितासङ्ग्रह २०७१) |
| | ७) | सम्झनाका क्षितिजमा मन्जु (संस्मरण-२०७४) |
| | ८) | बेलायतदेखि क्यानडासम्म (नियात्रा-२०७७) |
| | ९) | फूलको सुगन्ध (हाइकुसङ्ग्रह-२०७८) |

१०) मनको साइनो (साइनोसङ्ग्रह-२०७८)
११) सम्झनाका सुसेली (सुसेलीसङ्ग्रह-२०७९)
१२) मनोभाव (काव्य- २०८०)
१३) नथाकेका पाइलाहरू (संस्मरणसङ्ग्रह - २०८१)
१४) युरोपदेखि क्यानडासम्म (यात्रासंस्मरण - २०८२)

**कार्यरत संस्थाहरू**
१) २०३७ सालदेखि पशुपति क्याम्पसमा अर्थशास्त्र विषयमा प्राध्यापन करिब ३० वर्ष
२) पशुपति क्याम्पस, चाबहिलमा २०३८ सालदेखि निरन्तर सहायक क्याम्पस प्रमुख र २०६३-२०७१ सम्म क्याम्पस प्रमुख ।

**अध्यक्ष** : दीपिका ईङ्लिस स्कुल, चाबहिल (२०७७ सलासम्म)
गुणनिधि पन्त स्मृति
नव पुस्तकालय तथा ज्येष्ठ नागरिक मिलन केन्द्र

**संस्थापक** : पशुपति क्याम्पस, चाबहिल
दीपिका ईङ्लिस स्कुल, चाबहिल
रिलायन्स सहकारी संस्था, चाबहिल-संरक्षक

**सदस्य**
१) व्यवस्थापन समिति-पशुपति मित्र मा.वि., चाबहिल (२०७२ सालसम्म)
२) अर्थशास्त्र विषय समिति, अर्थशास्त्र विभाग, त्रि.वि.वि., कीर्तिपुर २०६०-६३ ।
३) पशुपति क्याम्पस, चाबहिल (२०७८ सालसम्म)
४) वर्ल्ड वाइड सोसियल सर्भिस सेन्टर
५) मुक्तिनाथ दर्शन साहित्य समाज

**सल्लाहकार**
१) जनकल्याण उच्च मा.वि., बौद्ध, महांकाल
२) राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसियसन नेपाल, काठमाडौं कमिटी

**अभिनन्दन, सम्मान र पदक**

१) २०५८ सालमा पशुपति क्याम्पसद्वारा सम्मान

२) २०६२ सालमा पशुपति क्याम्पसद्वारा अभिनन्दन

३) २०६२ सालमा त्रि-ज्योति उच्च मा.वि.द्वारा सम्मान

४) २०६२ सालमा शिक्षा दिवस पदकसहित प्रमाणपत्र प्रदान (शिक्षा तथा खेलकूद मन्त्रालयद्वारा)

५) २०६६ सालमा युनिभर्सल पिस फेडरेशनद्वारा पिस अवार्थ

६) २०६७ सालमा पशुपति साहित्य अभियानद्वारा स्रष्टा सम्मान

७) २०६८ सालमा भद्रा घले शिक्षा सदनद्वारा सम्मान

८) २०६९ सालमा शान्ति र विकासका लागि नागरिक आवाज संस्थाद्वारा 'राष्ट्र विकास सेवा सम्मान २०६९' प्रदान

९) राष्ट्रिय सेवा सम्मान २०७१ (नेपाल युवा समाजद्वारा)

१०) राष्ट्रिय सेवा सम्मान २०७३ (नागरिक एकता समाजद्वारा)

११) शिक्षा सेवा सम्मान २०७४ (फोकस नेपाल)

१२) Life Time Achievement Award-2025 (फोकस नेपाल)

***